वर्ष २० | अंक १९८ | काठमाडौं | मंगलवार, १६ वैशाख २०८२ | Tuesday, 29 April 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com



नीतिगत स्थायित्व र लगानीको वातावरण निर्माणमा जोड २

मकवानपुरका बहुवर्षीय योजनाहरू अन्तिम चरणमा ३

सहलाभमा आधारित वाणिज्य नीतिको स्वरूप ४

१० नयाँ आणविक ऊर्जा इकाइका लागि चीनले दियो स्वीकृति ८





पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८


भाइबरमा SMS मात्र गर्नुहोस् हामी यताबाट कल गर्छौं ।



## हायर पर्चेज कम्पनीको कर्जामा पनि कडाइ


काठमाडौं (अस) । नेपाल राष्ट्र बैंकले हायर पर्चेज कम्पनीहरूले प्रदान गर्ने कर्जामा पनि कडाइ गरेको छ ।

नेपाल राष्ट्र बैंकले हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवं प्रक्रियागत व्यवस्था, २०७० (पाँचौं संशोधन, २०८२) जारी गर्दै व्यक्तिगत सवारीसाधन खरीद गर्नका लागि मूल्यको ६० प्रतिशत मात्र कर्जा पाइने गरी ऋण मूल्यको अनुपात (लोन टु भ्यालु रेसियो) घटाएको हो ।

» बाँकी पृष्ठ ५ मा




### पोखरामा अन्तरराष्ट्रिय विमानस्थल

# अबौंको अनियमितता कहाँ कसरी भयो ?

**विजय दमासे**

काठमाडौं

पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणको क्रममा पाइलैपिच्छे अनियमितता भएको एक संसदीय उपसमितिले ठहर गरेको छ ।

प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिअन्तर्गत बनेको उपसमितिले उक्त परियोजनाको स्थलगत अध्ययन तथा अनुगमन गरी तयार पारेको प्रतिवेदनमा कामै नभए पनि भुक्तानी भएको, औचित्य पुष्टि नगरी काम थपेको र सम्झौतामा उल्लेख गरेभन्दा बढी भुक्तानी भएको उल्लेख छ ।

उपसमिति संयोजक राजेन्द्र लिङ्देनले समिति सभापति ऋषिकेश पोखरेललाई सोमवार बुझाएको प्रतिवेदनमा कानूनविपरीत भुक्तानी भई अबौं रुपैयाँ अनियमितता भएको उल्लेख छ ।

प्रतिवेदनमा विमानस्थल निर्माणका समग्र पक्षमा कानूनी तथा प्राविधिक दृष्टिकोणले समेत व्यापक अध्ययन गरी सम्बद्ध निकायबाट भ्रष्टाचार तथा अनियमिततामा संलग्नलाई कारबाही हुनुपर्ने सुझाव छ ।



प्रतिवेदनअनुसार रनवे, ट्याक्सी वे, एप्रोन, बाँध, नाली निर्माणका लागि माटो खन्न १ करोड ६ लाख ४८ हजार ३९४ अमेरिकी डलर भुक्तानी भए पनि काम भएको छैन । त्यसैगरी रनवे, ट्याक्सी वे, एप्रोन, बाँध, नाली भर्न ४४ लाख ३५ हजार ३०३ अमेरिकी डलर भुक्तानी गरिएको तर काम नभएको प्रतिवेदनमा उल्लेख छ । मुख्य सम्झौताअनुसार विमानस्थल बाहिरबाट ग्राभेल, माटो ल्याउन ५४ लाख ९९ हजार ५४२ अमेरिकी डलर भुक्तानी भएको तर बाहिरबाट माटो नल्याइएको र कागजात पनि उपलब्ध नरहेको उपसमितिले बताएको छ ।

'मुख्य एग्रिमेन्टमा भएको 'एडिसनल आइटम' अमेरिकी डलर १ करोड ५२ लाख ३० हजार रहेको छ । तर, फाइनल बिलमा 'एडिसनल' रकम २ करोड ४ लाख ३६ हजार ९६० डलर छ । विमानस्थलमा माटोका लागि जम्मा २ करोड २२ लाख ५४ हजार २१८ डलर अनियमितता भएको छ,' प्रतिवेदनमा भनिएको छ ।

धावनमार्गको उचाइ घटाउँदा निस्केको ग्राभेल मिसिएको ढुंगामाटोको काममा पनि अनियमितता भएको प्रतिवेदनमा उल्लेख छ । विमानस्थलको 'फचासिबिलिटी' आयोजनाकै रकमबाट गर्नुपर्ने सम्झौताविपरीत एचभी एसी प्रणाली जडानका लागि प्राधिकरणले आफ्नो बजेटबाट ७ लाख ४२ हजार ६५९ अमेरिकी डलर भुक्तानी दिएको पाइएको प्रतिवेदनमा उल्लेख छ । सम्पूर्ण निर्माण सम्पन्न नहुँदै प्राधिकरणले 'ह्यान्डओभर सर्टिफिकेट' दिएको पनि प्रतिवेदनले खुलासा गरेको छ ।

» बाँकी पृष्ठ ५ मा



**प्रत्यक्ष र हस्ताक्षरमा रहेका मानिसहरू सिफारिश गरिएको छ । यसको मतलब अन्यले उन्मुक्ति पाउँछन् भनेको होइन । हामीले थप अनुसन्धान गर भनेका छौं ।**

**राजेन्द्र लिङ्देन**
संयोजक, स्थलगत अध्ययन तथा अनुगमन उपसमिति

# 'प्राधिकरण अझै नोक्सानीमा'

**अघिल्लो नेतृत्वले स्रोतको सुनिश्चितता नगरी बजेट बनाउँदा करीब १० अर्ब रुपैयाँ अल्पकालीन ऋण लिनुपर्ने बाध्यता रहेको नेपाल विद्युत् प्राधिकरणको नयाँ नेतृत्वको दाबी**

**प्रशान्त खड्का**

काठमाडौं

नेपाल विद्युत् प्राधिकरण तत्कालीन प्रबन्ध निर्देशक कुलमान घिसिङले प्राधिकरणलाई सञ्चित नाफामा ल्याएको दाबी गर्दै आएकोमा नयाँ नेतृत्वले भने प्राधिकरण अझै नोक्सानीमा रहेको दाबी गरेको छ ।

लामो समयसम्म चलेको द्वन्द्वबीच सरकारले हालै घिसिङलाई हटाएर हितेन्द्र शाक्यलाई नयाँ प्रबन्ध निर्देशक नियुक्त गरेको थियो । प्राधिकरणको नयाँ नेतृत्वले यसको समग्र अवस्थाबारे तयार पारेको श्वेतपत्रमा हालसम्म प्राधिकरण ५ अर्ब २६ करोड रुपैयाँ नोक्सानीमै रहेको उल्लेख गरिएको छ । उक्त श्वेतपत्र प्राधिकरणको अध्यक्षसमेत रहेका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको अध्यक्षतामा सोमवार बिहान बसेको प्राधिकरण सञ्चालक समिति बैठकले पारित गरेको छ ।

आर्थिक अभियानलाई प्राप्त श्वेतपत्रमा उल्लेख भएअनुसार आव २०८०/८१ सम्म प्राधिकरणको कुल सञ्चित नाफा करीब ४६ अर्ब ४७ करोड रुपैयाँ छ भने चालू आवको फागुन मसान्तसम्म प्राधिकरणले ९ अर्ब ४८ करोड रुपैयाँ नाफा गरेको छ ।

» बाँकी पृष्ठ ५ मा



**कर लेखापरीक्षण नै नभएको तर त्यही कुरा श्वेतपत्रमा उल्लेख गरेर विवाद निम्त्याउन खोजियो । आर्थिक वर्ष २०७५/७६ सम्मको मात्रै कर लेखापरीक्षण टुंगोमा पुगेको छ ।**

**कुलमान घिसिङ**
पूर्वप्रबन्ध निर्देशक
नेपाल विद्युत् प्राधिकरण






*तस्वीर : रासस*

**दाङको लमही नगरपालिका–४ सेमरहवा र गढवा गाउँपालिका–५ बोधीपुर जोड्ने कोइलावास–लमही सडकखण्डमा रहेको राप्ती नदीमाथिको पुल ।**

### कांग्रेसलाई निजीक्षेत्रका दुई संगठनको सुझाव

# नीतिगत स्थायित्व र लगानीको वातावरण निर्माणमा जोड

काठमाडौं (अस) । नेपालको निजीक्षेत्रका दुई ठूला संगठन नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल चेम्बर अफ कमर्सले आर्थिक वर्ष २०८२/८३ को बजेटमा समेट्नुपर्ने विषयबारे नेपाली कांग्रेसलाई सुझाव दिएका छन् । आसन्न बजेटका सन्दर्भमा नेपाली कांग्रेसले सोमवार काठमाडौंमा आयोजना गरेको बजेट अन्तरक्रिया कार्यक्रममा महासंघ र चेम्बरले सुझाव दिएका हुन् । यी दुवै संगठनका सुझावमा लगानीमैत्री वातावरण, राजनीतिक तथा नीतिगत स्थायित्व, उत्पादनमूलक क्षेत्रको प्रवर्द्धन, बजेट एवं सार्वजनिक खर्चको प्रभावकारिता लगायतमा सुधारको खाँचो औंल्याइएको छ ।

कार्यक्रममा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सामाजिक न्यायसहितको खुला अर्थतन्त्रको विस्तार, नयाँ चरणको आर्थिक सुधारका लागि संरचनात्मक परिवर्तन, निजीक्षेत्र प्रवर्द्धन एवं लगानी अभिवृद्धि, सुशासन, राजस्व परिचालनलाई चुस्त बनाउन सुझाव दिएका छन् ।

महासंघले देशभरबाट गरेको अध्ययन अनुसार उद्योग व्यवसाय विस्तारको बाधकका रुपमा राजनीतिक तथा नीतिगत अस्थिरता देखिएकोले नीतिगत स्थायित्वलाई प्राथमिकतामा राख्नुपर्नेमा अध्यक्ष ढकालको जोड थियो । 'सबै दलहरूले कम्तीमा अबको १० वर्ष नीतिगत परिवर्तन नगर्ने गरी सहमति गर्नुपर्छ,' उनले भने ।

नेपालको बजेट प्रक्रियामा करीब २ दशकदेखि पूँजीगत खर्च हुन नसक्नु सबैभन्दा ठूलो समस्याका रूपमा रहेको, बजेटको करीब १७ प्रतिशत हाराहारी मात्र पूँजीगत खर्च छुट्याइने र त्यो पनि ६० प्रतिशत हाराहारी मात्रै खर्च हुने प्रवृत्तिले देशमा अपेक्षित विकास हुन नसकेको महासंघले औंल्याएको छ । यस्तै बजारमा माग सृजना हुन नसकेको र निजीक्षेत्रको व्यवसाय प्रभावित भएको महासंघले बताएको छ ।

अर्थतन्त्र रेमिट्यान्सले धानिरहेको अवस्था र विभिन्न अध्ययन प्रतिवेदनले सन् २०४५ पछि जनसांख्यिक लाभ नरहने प्रक्षेपण गरिरहेको अध्यक्ष ढकालले बताए । यो अवस्थामा रेमिट्यान्समा निर्भर अर्थतन्त्र जोखिमोन्मुख हुने भन्दै उनले दोस्रो चरणको आर्थिक सुधार अघि बढाउने गरी आगामी बजेट बनाउन जरुरी रहेको बताए ।

यसैगरी चेम्बरले आगामी आर्थिक वर्षको बजेटमा लगानीमैत्री वातावरण र उत्पादनमुखी नीतिलाई प्राथमिकतामा राख्न नेपाली कांग्रेसलाई सुझाव दिएको छ । चेम्बर अफ कमर्सका कार्यवाहक अध्यक्ष दीपककुमार मल्होत्राले कांग्रेस सभापति शेरबहादुर देउवालाई संस्थाको सुझाव हस्तान्तरण गरे ।

उद्यमी, व्यवसायीको मनोबल खस्किनुको पछाडि विगतका पुराना समस्याको बोझ प्रमुख कारण रहेकाले लगानीमैत्री वातावरणका लागि नीतिगत सहजीकरण हुनुपर्ने सुझावमा उल्लेख गरिएको छ । 'निजीक्षेत्रको आर्थिक जोखिम वहन क्षमता अत्यन्त न्यून भएकाले थप जोखिम लिएर नयाँ उद्यम व्यवसाय गर्न बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिन सकिने अवस्था छैन,' सुझावबारे चेम्बरले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ ।


अर्थतन्त्रलाई चलायमान बनाउन चालू पूँजी कर्जा निर्देशिका खारेज गरिनुपर्ने सुझाव चेम्बरको छ । बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम अधिक भए पनि चालू पूँजी कर्जा निर्देशिकामा रहेका जटिल प्रावधानका कारण कर्जा विस्तार हुन नसकेको कार्यवाहक अध्यक्ष मल्होत्राले बताए । व्यक्तिले घरजग्गा तथा अपार्टमेन्ट खरीद गर्दा आयस्रोतको विद्यमान झन्झटिलो व्यवस्थामा सहजीकरण गरिनुपर्नेमा समेत उनले जोड दिए ।

खस्किँदै गएको घरजग्गा व्यवसायमा सुधार गर्न विदेशी नागरिकलाई पनि अपार्टमेन्ट खरीद गर्न पाउने व्यवस्था आगामी बजेटमा समावेश गर्नुपर्ने सुझाव समेत चेम्बरले दिएको छ । यसैगरी कृषिमा परिनिर्भरता घटाउन लगानीमैत्री वातावरण, उत्पादनमुखी नीतिको व्यावहारिक कार्यान्वयन गरिनुपर्ने चेम्बरको जोड छ ।



**सामाजिक न्यायसहितको खुला अर्थतन्त्रको विस्तार, नयाँ चरणको आर्थिक सुधारका लागि संरचनात्मक परिवर्तन, निजीक्षेत्र प्रवर्द्धन एवं लगानी अभिवृद्धि, सुशासन र राजस्व परिचालन चुस्त बनाउनुपर्छ ।**

**चन्द्रप्रसाद ढकाल**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



**उद्यमी, व्यवसायीको मनोबल खस्किनुको पछाडि विगतका पुराना समस्याको बोझ प्रमुख कारण रहेकाले लगानीमैत्री वातावरणका लागि सरकारले नीतिगत सहजीकरण गरिदिनुपर्छ ।**

**दीपककुमार मल्होत्रा**
वरिष्ठ उपाध्यक्ष, नेपाल चेम्बर अफ कमर्स

# दिगो लगानीको लागि एनएमबि बैंकको पहल

काठमाडौं (अस) । एनएमबि बैंकद्वारा अन्तरराष्ट्रिय निकायहरू आईएफसी, बीआईआई र मेटलाइफसँगको साझेदारीमा नेपालमै पहिलो पटक अमेरिकी डलर ६ करोड बराबरको नेपाली रुपैयाँ अंकित हरित वण्ड जारी गर्ने उद्देश्यका साथ साझेदारी भएको छ । यस सहकार्यले जलवायु परियोजनामा संलग्न उद्यममा लगानी विस्तार गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा गुणस्तरीय रोजगारी सृजना हुने लक्ष्य समेत लिइएको छ । त्यसैगरी, यसले देशको ऊर्जा क्षेत्रको विकासमा थप टेवा पुग्ने विश्वास बैंकको छ ।




यस वण्डबाट प्राप्त हुने रकम विशेषतः सौर्य ऊर्जा लगायतका नवीकरणीय ऊर्जा, विद्युतीय सवारीसाधन, हरित भवन तथा बायोमास जस्ता परियोजनामा लगानी विस्तार गरिने बताइएको छ । उक्त समझदारीपत्रमा बैंक सञ्चालक समितिका अध्यक्ष मनोजकुमार गोयलले यस प्रयासमार्फत नवीकरणीय ऊर्जा लगायतका क्षेत्रमा पारिवर्तनकारी फड्को मारिने विश्वास व्यक्त गरे । साथै, उनले एनएमबि बैंकको यस पहलले विदेशी पूँजीलाई स्वदेशमा भित्र्याई जलवायु क्षेत्रमा लगानी गर्दै उक्त क्षेत्रमा परेको पर्यावरणीय प्रभावलाई न्युनीकरण गर्न थप सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# रिगोएचआरको पेरोल र सिफ्ट मोड्युलमा परिमार्जन

काठमाडौं (अस) । एचआर र पेरोल सफ्टवेयर रिगोएचआरले पेरोल मोड्युललाई परिमार्जनसहित नयाँ संस्करण सार्वजनिक गरेको छ, साथै कम्पनीले 'सिफ्ट सेड्युलिङ'को नयाँ संस्करण पनि ल्याएको छ । कम्पनीले १३ वर्षदेखि राष्ट्रिय र अन्तरराष्ट्रियस्तरका व्यवसायको एचआर र पेरोल व्यवस्थापनमा काम गर्दै आएको बताइएको छ । कम्पनीमा अनुभवी चार्टर्ड एकाउन्टेन्ट, वित्त विशेषज्ञ र सफ्टवेयर इन्जिनियरहरू संलग्न छन् । नवीनतम प्रविधिमा बनेको, छिटो, त्रुटीरहित क्यालकुलेसन, कानूनी अनुपालन, सुरक्षित र भरपर्दो प्लेटफर्मका लागि रिगोएचआर परिचित रहेको बताइएको छ ।

नयाँ अपडेटेड मोड्युलमा नयाँ एचआर कोर, सूचना परिवर्तन र तलब सम्बन्धी इभेन्ट ट्र्याकर, समयमै त्रुटी पहिचान तथा रोकथामको विशेषता रहेको कम्पनीको भनाइ छ । परिमार्जित संस्करणमा कानूनी अनुपालनमा सहयोग, अत्यन्त सरल तथा छिटो पेरोल प्रक्रिया, मेकर-चेकर प्रणाली, सजिलो अतिरिक्त भुक्तानी, कर्पोरेट पे इन्टिग्रेसन लगायतका सुविधा रहेको बताइएको छ । नयाँ वर्षको विशेष अफरको रूपमा जुलाई २०२५ सम्म न्यूनतम मूल्यमा सफ्टवेयर उपलब्ध हुने कम्पनीले जानकारी दिएको छ, जसले व्यवसायलाई कम लागतमा मानव संसाधन प्रणालीको स्तरवृद्धि गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

सिफ्टमा आधारित कार्यस्थल होटल, अस्पताल, निर्माण उद्योग लगायतका लागि डिजाइन गरिएको नयाँ भर्सनको सिफ्ट सेड्युलिङ पनि सार्वजनिक गरेको बताइएको छ । कम्पनीका प्रमुख व्यापार अधिकृत राजन श्रेष्ठले न्यूनतम मासिक शुल्कमा क्लाउडमा आधारित, आधुनिक, भरपर्दो र सुरक्षित एचआर प्लेटफर्ममार्फत सफ्टवेयरले नेपालको एचआर प्रविधि क्षेत्रमा अग्रणी स्थान कायम राखेको बताए । नयाँ वर्ष अफरअन्तर्गत यसको मूल्य रू. १५० प्रति महीना प्रति कर्मचारीबाट शुरू हुने बताइएको छ ।

# सुनसरीमा हावाहुरी र वर्षाले मकै र आँपमा क्षति

सुनसरी । गएरातिको हावाहुरी र वर्षाले सुनसरीमा मकैखेती र आँपखेतीमा ठूलो क्षति गरेको छ । सुनसरी सदरमुकाम इनरुवासहित देवागञ्ज, भोक्राहा, बराहक्षेत्र, हरिनगरलगायतका क्षेत्रमा गरिएको मकैखेती र आँपखेतीमा क्षति पुऱ्याएको कृषि ज्ञान केन्द्र इनरुवा सुनसरीका प्रमुख नीलकमल सिंहले जानकारी दिए । जिल्लाको विभिन्न ठाउँमा सघन र व्यावसायिक रूपमा मकैखेती गरिँदै आएको छ ।



भित्र्याउने बेलामा हावाहुरीसँगै वर्षाले मकैखेतीमा क्षति पुऱ्याएको उनले जानकारी दिए । मकै भित्र्याउने बेलामा हावाहुरी र वर्षाले बिरुवा खेतमै रहेको, मकैमा लागेको फूल झरेको, फलसमेत खसेका कारणले ठूलो नोक्सानी भएको छ । त्यसैगरी, आँपमा समेत क्षति भएको उनले जानकारी दिए ।

आँपमा चिचिला लागेका बेलामा हावाहुरीसहित आएको पानी र चट्याङबाट नोक्सानी भएको उनले बताए । त्यसैगरी, लौका, काँक्रा, करेला, परवल, बोडीलगायत लहरे तरकारी बालीमा क्षति भएको कृषि ज्ञान केन्द्र इनरुवा सुनसरीले जनाएको छ । गएराति हावाहुरीसँगैको वर्षाका कारणले सुनसरीमा कृषि क्षेत्रमा भएको क्षतिको तथ्याङ्क सङ्कलन गर्ने कार्य भइरहेको कृषि ज्ञान केन्द्र इनरुवा सुनसरीका प्रमुख सिंहले बताए । *रासस*

# उपल्लो मुस्ताङ जोड्ने ३३ केभी प्रसारणलाइन बन्दै



मुस्ताङ । हिमाली जिल्ला मुस्ताङमा ३३ केभी प्रसारणलाइन विस्तार तीव्र गतिमा अघि बढेको छ । नेपाल विद्युत् प्राधिकरणले मुस्ताङको थासाङ गाउँपालिका-२ कोवाङदेखि उपल्लो मुस्ताङ जोड्नेगरी लोघेकर दामोदरकुण्ड गाउँपालिका चराङसम्मको १०३ किलोमिटर दूरीमा उक्त क्षमताको प्रसारणलाइन विस्तारको काम अघि बढाएको हो । चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको उपल्लो मुस्ताङको लोमान्थाङस्थित कोरलानाकासम्म हाल ११ केभी विद्युत् क्षमताको प्रसारणलाइन सञ्चालनमा छ । प्राधिकरणले मुस्ताङको थासाङ-२ कोवाङसम्म केन्द्रीय प्रसारणलाइनअन्तर्गत ३३ केभी ट्रान्समिसन प्रसारणलाइनको पहुँच पुऱ्याएको छ । यसलाई जिल्लाभरि जोड्नेगरी योजना अघि बढाइएको हो ।

प्राधिकरणको विद्युत् मापदण्डअनुसार एक सबस्टेशनबाट अर्को सबस्टेशनसम्म विद्युत् प्रसारण गर्न ५० किलोमिटर भन्दामाथि जानुहुँदैन । तर मुस्ताङको कोवाङदेखि कोरला नाकासम्म करीब एक सय ५० किलोमिटर दूरीमा ११ केभीको विद्युत् प्रसारणलाइन सञ्चालनमा छ ।

यसैकारण मुस्ताङमा विद्युत् आपूर्तिमा पटक/पटक समस्या आउने गरेको छ । हाल मुस्ताङको कोवाङबाट उत्तरी क्षेत्रसम्म सञ्चालन भइरहेको विद्युत् प्रसारणलाइन ११ केभीको हुँदा मुस्ताङका नागरिकले गुणस्तरी विद्युत् आपूर्ति पाउन सकेका छैनन् । हालको प्रसारणलाइनको कुनै एक स्थानमा समस्या आउँदा पूरै जिल्लामा विद्युत् आपूर्ति प्रभावित हुने गरेको छ ।

जिल्लाको विद्युत् प्रसारणलाइनलाई दिगो, भरपर्दो र प्रभावकारी तुल्याउन प्राधिकरणले ३३ केभी प्रसारणलाइनको ठेक्का लगाएको हो । मुस्ताङको कोवाङदेखि चैलेसम्म र चैलेदेखि उपल्लो मुस्ताङको चराङसम्म दुई ठाउँमा सबस्टेशन निर्माण र ३३ केभी ट्रान्समिसन प्रसारणलाइन विस्तारका लागि सन् २०२३ को जुलाईमा प्याराडाइज हुलास जेकेबी जेभीसँग सम्झौता गरिएको थियो । रू. २७ करोड ६५ लाखको लागतमा ठेक्का सम्झौता भएको कम्पनीका प्रतिनिधि इञ्जिनियर दीपककुमार मण्डलले बताए । प्राधिकरणले हालको ११ केभी प्रसारणलाइनलाई विस्थापित गर्नेगरी ३३ केभी नयाँ ट्रान्समिसन प्रसारणलाइनको काम अघि बढाएको मण्डलको भनाइ छ । मुस्ताङमा ३३ केभी ट्रान्समिसन प्रसारणलाइन विस्तारका लागि भएको ठेक्का सम्झौता अनुसार सन् २०२५ को जुलाईसम्म सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको छ । प्राधिकरणसँगको ठेक्कापछि प्रसारणलाइन विस्तारका लागि पोल गाड्ने काम ९५ प्रतिशत सम्पन्न भएको मण्डलले जानकारी दिए । *रासस*

### पोखरा–मुग्लिन सडक विस्तार

# पूर्वी खण्डको काम अन्तिम चरणमा असारभित्र सक्ने लक्ष्य

**आयोजनाको पूर्वी खण्डका इञ्जिनियर एवं सूचना अधिकारी विष्णुप्रसाद पाण्डेका अनुसार कुल ४१ दशमलव ४५ किमी दूरीको उक्त खण्डमा तीन किमी मात्र कालोपत्र हुन बाँकी छ । २०७८ वैशाखदेखि ठेकेदार कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले काम शुरू गरेको थियो ।**

पोखरा । पोखरा-मुग्लिन सडकको पूर्वी खण्डको विस्तार अन्तिम चरणमा पुगेको छ । निर्माणमा कुनै अवरोध नआएमा आगामी हिउँदसम्ममा सडक स्तरोन्नतिको काम सकिने आयोजना कार्यालयले जनाएको छ । उक्त सडकको पूर्वी खण्ड (जामुने-मुग्लिन)मा हालसम्म भौतिक प्रगति ८२ दशमलव ९५ प्रतिशत पुगेको छ ।

५० वर्षअघि निर्माण भएको पृथ्वी राजमार्गअन्तर्गतको पोखरा-मुग्लिन सडक विसं २०७८ वैशाखदेखि विस्तार तथा स्तरोन्नतिको काम शुरू गरिएको थियो ।

आयोजनाको पूर्वी खण्डका इञ्जिनियर एवं सूचना अधिकारी विष्णुप्रसाद पाण्डेका अनुसार कुल ४१ दशमवल ४५ किमी दूरीको उक्त खण्डमा तीन किमी मात्र कालोपत्र हुन बाँकी छ । 'कालोपत्र अन्तिम चरणमा पुगेको छ, दमौली र डुम्रे बजारमा गरी करीब दुई किमी सडक ६ लेनको बनेको छ, अन्यत्र चार लेनको छ,' उनले भने, 'आगामी असारभित्र पूर्वी खण्डको काम सक्ने लक्ष्य छ ।'

पूर्वी खण्डमा पर्ने १७ साना-ठूला पक्की पुल गत वर्ष नै निर्माण भएको इञ्जिनियर पाण्डेले बताए । तनहुँको मादी नदीमा बन्ने 'सिग्नेचर' पुल भने छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको उनको भनाइ छ । कोभिड महामारीलगायत कारणले शुरूको चरणमा केही ढिलाइ भए पनि पछिल्लो समय तीव्र गतिमा काम भएको इञ्जिनियर पाण्डेले बताए ।



पूर्वी खण्डमा २०७८ वैशाखदेखि ठेकेदार कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले काम शुरू गरेको थियो । उक्त खण्डको ठेक्का रकम रू. ६ अर्ब २१ करोड ३१ लाख रहेको छ ।

यसैगरी आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)को प्रगति ५० दशमलव ३४ प्रतिशत पुगेको छ । पश्चिम खण्डका प्रमुख कृष्णबहादुर कुँवरले आगामी जेठ पहिलो साताभित्र उक्त खण्डमा एकतर्फी (दुई लेन) कालोपत्रको काम सकिने बताए । कुल ३८ दशमलव ८८ किमी दूरीको उक्त खण्डमा हालसम्म ३५ दशमलव ५ किमी एकतर्फी (दुई लेन) कालोपत्र भइसकेको जानकारी उनले दिए ।

'करीब तीन किमी मात्र एकतर्फी कालोपत्र हुन बाँकी छ, १८ किमी दूरीमा दुईतर्फी नै कालोपत्र भइसकेको छ,' आयोजना प्रमुख कुँवरले भने, 'आउँदो असारभित्र ३० किमी दूरीमा दुईतर्फी कालोपत्र सक्ने लक्ष्य छ ।'

कास्कीको अमरसिंह, चाउथे, विजयपुर, तालचोकलगायत क्षेत्रमा एकतर्फी कालोपत्र हुन बाँकी छ । पोखरा अन्तरराष्ट्रिय विमानस्थलदेखि सेती पुलसम्म एकतर्फी कालोपत्र भइसकेको आयोजना प्रमुख कुँवरले जानकारी दिए । 'बिजुलीका पोल सार्न भएको ढिलाइले सडक निर्माणमा पनि केही असर पुऱ्याइरहेको छ,' उनले भने, 'अझै चार सय जति विद्युत् पोल हटाउनुपर्नेछ ।' आगामी पुससम्म ठेक्काको म्याद रहेकाले उक्त अवधिमा कालोपत्र सक्ने गरी कामलाई गति दिइएको उनको भनाइ छ ।

कालोपत्र सकिएपछि फुटपाथ, सडक सुरक्षालगायतका काम शुरू हुने उनले बताए । पश्चिम खण्डमा १८ दशमलव ५ किमी दूरीमा ६ लेन र बाँकीमा चार लेनको सडक बन्नेछ । 'यस खण्डमा शहरी क्षेत्र बढी भएकाले ६ लेनमा सडक विस्तार गरिएको हो,' आयोजना प्रमुख कुँवरले भने, 'तनहुँतर्फ दुलेगौंडा र खैरेनीटारमा पनि ६ लेन सडक निर्माण भएको छ ।' पश्चिम खण्डका १२ ओटा पुलमध्ये १० ओटा बनिसकेका छन् । कास्कीको विजयपुर र तनहुँको शेराटारमा पुल निर्माणको काम भइरहेको छ ।

पोखराको सेती नदीको 'सिग्नेचर' पुल भने छुट्टै ठेक्कामार्फत काम भइरहेको आयोजना प्रमुख कुँवरले बताए । उक्त पुलको भौतिक प्रगति ४४ दशमलव ६६ पुगेको उनको भनाइ छ । 'केबल-स्टेड' प्रविधिको उक्त पुलको निर्माण ठेक्का रसुवा कन्स्ट्रक्सनले लिएको छ । भ्याटबाहेक रू. ९४ करोडको ठेक्कामा आकर्षक पुल बन्न लागेको हो ।

तनहुँको जामुनेदेखि पोखरा जोड्ने पश्चिम खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम शुरू भएको थियो । चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनले रू. सात अर्ब ४० करोड ४६ लाखमा पश्चिम खण्डको ठेक्का पाएको थियो । *रासस*



*तस्वीर : रासस*

**मुस्ताङको घरपझोङ गाउँपालिका–२ मार्फा खोलादेखी वडा ३ जोमसोम विमानस्थलसम्म कालोपत्रका लागि 'बेस' हालिँदै । गौरी–पार्वती/कोशी एण्ड न्यौपाने जेभीले सडक स्तरवृद्धिसँगै कालोपत्र निर्माणको जिम्मा पाएको छ ।**

# मकवानपुरका बहुवर्षीय योजनाहरू अन्तिम चरणमा

बागमती । बागमती प्रदेश सरकारद्वारा मकवानपुरमा सञ्चालित तीनवटा बहुवर्षीय योजनाको काम अन्तिम चरणमा पुगेको छ । हेटौँडा उपमहानगरपालिका-१० मा निर्माणाधीन बागमती प्रदेशसभा हलको निर्माण काम सम्पन्न भएको छ । सभाहलको निर्माण काम सम्पन्न भएर हस्तान्तरणको क्रममा रहेको शहरी विकास तथा भवन कार्यालय मकवानपुरका प्रमुख इञ्जिनियर सुबोध अधिकारीले जानकारी दिए ।

अघिल्लो आर्थिक वर्ष (आव) २०८०/८१ मा सम्झौता भइ निर्माण शुरू भएको प्रदेशसभा हलको काम गत वर्षको पुसमा सम्पन्न भइसकेको र छिट्टै हस्तान्तरण गर्ने तयारी भइरहेको प्रमुख अधिकारीले बताए । 'भवन निर्माण तथा रंगरोगनको काम सकिएको छ,' प्रमुख अधिकारीले भने, 'प्रदेशसभा हलमा हाल्नुपर्ने फर्निचर खरीदको प्रक्रियामा छ, फर्निचर हालिएसँगै प्रदेशसभा हल हस्तान्तरण हुन्छ ।'

भ्याटसहित कूल तीन करोड ५३ लाख ६१ हजार ५ सय ८३ रूपैयाँको लागतमा सिउँडी निर्माण सेवा हेटौँडाले प्रदेशसभा हलको निर्माण गरेको हो । प्रदेशसभा सचिवालयको कार्यालय नजिकै निर्माण गरिएको प्रदेशसभा हलमा सभाहलसँगै सभामुख र उपसभामुखको कार्यकक्ष तथा पत्रकार र पर्यवेक्षकहरू बस्ने कक्षको निर्माण गरिएको छ ।

यस्तै हेटौँडा उपमहानगरपालिका-२ मा निर्माणाधीन बागमती प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् सभाहलको काम पनि अन्तिम चरणमा पुगेको छ । आव २०७७/७८ मा सम्झौता भइ चालू आव २०८१/८१ मा सम्पन्न गर्नेगरी निर्माण भइरहेको मुख्यमन्त्री सभाहको हालसम्म ९९ प्रतिशत काम सम्नन्न भइरहेको शहरी विकास तथा भवन कार्यालय मकवानपुरले जनाएको छ ।

भवन निर्माणको काम सम्पन्न भइसकेको र रंगरोगनको काम अन्तिम चरणमा पुगेकोले यही २०८१ चैत महीनासम्ममा सम्पन्न हुने शहरी विकास तथा भवन कार्यालय मकवानपुरका प्रमुख इञ्जिनियर अधिकारीले बताए । उनका अनुसार संरक्षण/सेभ जेभी भरतपुरले भ्याटसहित पाँच करोड २६ लाख ८३ हजार ३ सय ५९ रूपैयाँको लागतमा सो सभाहल निर्माणको काम गरिरहेको छ ।

त्यस्तै, हेटौँडा उपमहानगरपालिका-१ स्थित हेटौँडा अस्पताल भवनको काम पनि तीव्ररूपमा भइरहेको छ । शहरी विकास तथा भवन कार्यालय मकवानपुरका अनुसार अस्पताल भवनको काम हालसम्म ८० प्रतिशत सम्पन्न भइसकेको छ । बिकोइ/नवसृर्जनशील जेभी काठमाडौंले ठेक्का पाएको अस्पताल भवन निर्माणको काम चाँडो सकिने गरी तीव्ररूपमा काम भइरहेको जनाएको छ ।

भ्याटसहित कुल २६ करोड ६४ लाख २५ हजार २ सय ८० रूपैयाँको लागतमा निर्माण भइरहेको अस्पताल भवनको निर्माणको काम सम्पन्न गर्न २०८१ असार मसान्तसम्म समयावधि भए पनि यही २०८१ फागुन महीनाभित्र सम्पन्न गर्ने अनुमान गरिएको प्रमुख इन्जिनियर अधिकारीको भनाइ छ । अस्पतालले जग्गाको व्यवस्थापन नगर्दा अस्पताल भवन निर्माणमा केही ढिलाइ भएको हो । *रासस*


## डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
**Deprosc Laghubitta Bittiya Sanstha Limited**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

CRO Reg. No. 767/057/58 PAN No.: 301235073

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८२/०१/१६ गते मंगलवार)**

यस लघुवित्त वित्तीय संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले यस वित्तीय संस्थासँग गरेको सम्झौता तथा लिखत बमोजिम सो कर्जा रकमको साँवा र व्याजको रकम नियमित/चुक्ता फछ्र्यौट गर्न पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी तपाई ऋणी तथा जमानतकर्ताले कर्जा नियमित/चुक्ता फछ्र्यौट नगर्नु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी कर्जा तिर्न/बुझाउन बाँकी रहको सम्पूर्ण बक्यौता रकम चुक्ता फछ्र्यौट गर्न/गराउनु हुन ऋणी, जमानतकर्ता लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखत समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार ऋणी तथा सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाबाट जानकारी गराइनुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी तपाईको चल अचल सम्पत्ति बेच बिखन/रोक्का गर्न सक्ने वा उक्त सम्पत्तिबाट लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको पुरा नाम | ना.प्र.नं./जारी जिल्ला | पति/वुवाको नाम | ससुरा/बाजेको नाम | स्थायी ठेगाना | शाखा कार्यालय |
|---|---|---|---|---|---|---|
| १ | धन कुमारि विश्वकर्मा | ६८७ चितवन | लोक वहादुर सुनार | वलदर सुनार | पदमपुर-७, चितवन | टाँडी, चितवन |
| २ | गायत्री महतो | १११३/०४४ चितवन | हैदरअलि खान | मुराद खान | चैनपुर-१, चितवन | टाँडी, चितवन |
| ३ | देवि माया परियार | ३५-०१-७२-०१६८४ चितवन | राजेश दर्जी परियार | हर्क वहादुर दर्जी | रत्ननगर न.पा.-१२, चितवन | टाँडी, चितवन |
| ४ | जुना वि.क. | ३५३०२०/१०३३ चितवन | भीम वहादुर वि.क. | दुर्गा वहादुर सुनार | रत्ननगर-९, चितवन | टाँडी, चितवन |
| ५ | ईन्द्रमाया स्याङतान | २९/८४६ मकवानपुर | लिलासिं पुनमगर | हिरे पुन | टिस्टुङ-५, मकवानपुर | टाँडी, चितवन |
| ६ | सुजा थापा | ४४१०१६/८९ गोरखा | शुक्रबहादुर थापा | पुर्णबहादुर थापा | ताक्लुङ-९, गोरखा | टाँडी, चितवन |
| ७ | डोर कुमारी मगर | ३५-००५७७ चितवन | दिपक अधिकारी | धिरेन्द्र अधिकारी | शक्तिखोर-९, चितवन | टाँडी, चितवन |
| ८ | निर्मलकुमारी रानामगर | ३५३०१८/७९ चितवन | रन बहादुर राना मगर | सेत वहादुर राना मगर | दाहखानी-९, चितवन | टाँडी, चितवन |
| ९ | राधिका प्रजा | ३५१०१७/१५७७ चितवन | सुशिल प्रजा | मइत बहादुर प्रजा | दाहाखानी-९, चितवन | टाँडी, चितवन |
| १० | विना चेपाङ | ३५१०१७/१७१० चितवन | हरि प्रजा | विर वहादुर प्रजा | कोराक-१, चितवन | टाँडी, चितवन |
| ११ | महिमा वोटे | ३६-०२-७५-०१११९ नवलपरासी | सन्देश प्रजा | मइत बहादुर प्रजा | कावासोती न.पा.-१५, नवलपरासी | टाँडी, चितवन |
| १२ | जोनिसा प्रजा | ३५-०१-७१-०५७७४ चितवन | गुणराज प्रजा | चन्द्रबहादुर प्रजा | कोराक-४, चितवन | टाँडी, चितवन |
| १३ | रेजीना चेपाङ | ४४३५/०६२ चितवन | अनिश प्रजा चिपाङ | प्रेम बहादुर प्रजा | पिपले-६, चितवन | टाँडी, चितवन |
| १४ | नरमदा घर्ति | १३६ चितवन | भक्त बहादुर घर्ति | गोपाल वहादुर भुजेल | रत्ननगर-५, चितवन | टाँडी, चितवन |
| १५ | भगवति दर्जि | ५५१/०४४ चितवन | महेन्द्र वहादुर दर्जि | छविलाल दर्जी | रत्ननगर-२, चितवन | टाँडी, चितवन |
| १६ | नविना वि.क | ३५-०१-७५-०५७६० चितवन | राधेश्याम वि.क. | कृष्ण वि क | रत्ननगर न.पा.-२, चितवन | टाँडी, चितवन |
| १७ | मन्जु वि.क | ४२-०१-७५-०२१९५ स्याङजा | सन्तोष वि.क. | भक्ते कामी | फेदीखोला गा.पा.-३, स्याङजा | टाँडी, चितवन |
| १८ | सविरून निसा धुनिया | ३७१००७/३१४२४ रूपन्देही | सम्सुदिन धुनिया | अकवर धुनिया | पटखौली–३, रूपन्देही | परासी, नवलपरासी |
| १९ | सुंनिता देवी | ३४१००४/२३७ पर्सा | अर्जुन महतो धानुक | जंगी महतो | बगही-१, पर्सा | जितपुर, बारा |
| २० | पुर्णिमा यादव | ३२-०१-७०-०५७४४ रौतहट | सतिनाथ यादव | राजेन्द्र राय | खेसरहिया-७, रौतहट | जितपुर, बारा |
| २१ | सुश्री रानी ब्राहमनी | १३११/०३८७ बारा | जितेन्द्र कूमार झा | बामदेव झा | पकडिया-३, बारा | जितपुर, बारा |
| २२ | कुमारी गुरूङ्ग | २०४७/९६ स्याङजा | टिकाराज गुरूङ | बगान सिं गुरूङ. | कालिकाकोठ-८, स्याङजा | ईन्द्रचोक, कास्की |
| २३ | निर्माला देवी | ३३१०७६/८३४० बारा | मोहन साह कानु | नगीना लाल सा | खुटवाजब्दी-८, बारा | प्रसौनी , बारा |
| २४ | लालपति देवी राय | ३३३०७४/३३ बारा | बिपत राम | रघुनाथ महरा | इटियाही-१, बारा | प्रसौनी, बारा |
| २५ | कुमारी माया तामाङ | २६३०४४/४३१ धादिङ्ग | सुजन घलान तामाङ्ग | कान्छा तामाङ्ग | किरानचोक-६, धादिङ्ग | गजुरी, धादिङ्ग |
| २६ | कान्छी तामाङ | २६३०४४/३३२ धादिङ्ग | जित बहादुर तामाङ | सिंग बहादुर तामाङ्ग | किरानचोक-६, धादिङ्ग | गजुरी, धादिङ्ग |
| २७ | संगिता तामाङ | २६-०१-७२-००२२२ धादिङ्ग | राम बहादुर तामाङ्ग | विष्णु बहादुर तामाङ्ग | महादेवस्थान-४, धादिङ्ग | गजुरी, धादिङ्ग |
| २८ | रीता वि.क. सुनार | ३५३०१७/२१० चितवन | लिला बहादुर सुनार | सानुकान्छा सुनार | दारेचोक-९, चितवन | गजुरी, धादिङ्ग |
| २९ | तेजा घर्ती | ३६२०१८/९३८ नवलपरासी | सोम बहादुर घर्ती | भुपाल घर्ति | शिव मन्दिर-२, नवलपरासी | कावासोती, नवलपरासी |
| ३० | सन्तमाया सोमै मगर | २१०२९ नवलपरासी | बम बहादुर सोमै मगर | लिला बहादुर सोमै | मैनाघाट-५, नवलपरासी | कावासोती, नवलपरासी |
| ३१ | सुरज बहादुर थापा | १२४७८२ गोरखा | राम बहादुर थापा | नर बहादुर थापा | ताप्ले-७, गोरखा | गोरखाबजार, गोरखा |
| ३२ | प्रतिमा श्रेष्ठ | ३९३०३५/५६० पाल्पा | दिप श्रेष्ठ | श्याम प्रसाद श्रेष्ठ | पिपलडाडा ५,पाल्पा | भुमही, नवलपरासी |
| ३३ | रिता ज्ञवाली | ३६३०५६/११८१ नवलपरासी | इश्वर ज्ञवाली | केशव ज्ञवाली | दाउन्नेदेवि ५, नवलपरासी | भुमही, नवलपरासी |
| ३४ | हेमा कुमारी गुरूङ्ग | ३६३०५६/३२ नवलपरासी | वेल बहादुर गुरूङ्ग | तुल बहादुर गुरूङ्ग | दाउन्नेदेवी-१, नवलपरासी | भुमही, नवलपरासी |
| ३५ | अन्जु सेन्चुरी खाती | ३६३०३८/१०३ नवलपरासी | दिपक सेन्चुरी | हरिप्रसाद विश्वकर्मा | रामनगर-१, नवलपरासी | भुमही, नवलपरासी |
| ३६ | माया पुन | ३६३०५५/१३६७ नवलपरासी | मन बहादुर पुन | थम बहादुर पुन | माकर-४, नवलपरासी | भुमही, नवलपरासी |
| ३७ | इन्द्रा कुमारी गिरी | १९७१६ काठमाण्डौ | दिपक सापकोटा | गोपाल सापकोटा | रामकोट-८, काठमाण्डौ | सिमरा, बारा |
| ३८ | रति साह | २०२९६ बारा | कमलेश्वर शाह | जगदेव शाह | पिपरा सिमरा-४, बारा | सिमरा, बारा |
| ३९ | लक्ष्मी विश्वकर्मा | ३३२०७३/३५१५३ बारा | शिवहरि विश्वकर्मा | प्रेम बहादुर विश्वकर्मा | अमलेखगन्ज ४, बारा | सिमरा, बारा |
| ४० | माया वि.क. | ३५३०३८/१३ चितवन | इश्वर बहादुर वि.क. | टिकाराम वि.क. | शुक्रनगर-८, चितवन | चनौली, चितवन |
| ४१ | सरिता चौधरी | १४१०४५/९६०७४ उदयपुर | नागेन्द्र प्रसाद चौधरी | धर्मनारायण चोधरी | त्रियुगा १०, उदयपुर | गाईघाट, उदयपुर |
| ४२ | बिभा बोटे | १७१४/६९५ उदयपुर | चन्चलाल बोटे | रिढुलाल बोटे | गाईघाट ३, उदयपुर | गाईघाट, उदयपुर |
| ४३ | ऐसा जुलेखा | १४१०४५-११५९७१ उदयपुर | फिराज महमद | दिल महमद चुरौटे | त्रियुगा १, उदयपुर | गाईघाट, उदयपुर |
| ४४ | सरिता सदा | १४-०१-७३-०६५०२ उदयपुर | जिलेबिदा सदा | फनिलाल सदा | त्रियुगा १, उदयपुर | गाईघाट, उदयपुर |
| ४५ | जानुका राउत | १४-०१-७४-०१२५५ उदयपुर | खुस बहादुर राउत | रन बहादुर राउत | त्रियुगा ६, उदयपुर | गाईघाट, उदयपुर |
| ४६ | गया देवी चौधरी | १४१०११/९१८२६ उदयपुर | चन्द्र बहादुर चौधरी | राम प्रसाद चौधरी | जोगीदह ३, उदयपुर | गाईघाट, उदयपुर |
| ४७ | रेणुका परियार सुन्दास | १४-०१-७६-००७७९ उदयपुर | भिम कुमार सुन्दास | दिल बहादुर सुन्दास | त्रियुगा ३, उदयपुर | गाईघाट, उदयपुर |
| ४८ | कुन्तामाया धमला | १४२०३७/१७०३ उदयपुर | सुबोध कुमार थापा | प्रेम बहादुर थापा | त्रिवेणी ५, उदयपुर | गाईघाट, उदयपुर |
| ४९ | मन्ता कार्की | ७०६८७ उदयपुर | सोमजित कटुवाल | विष्णु बहादुर कटुवाल | त्रियुगा ८, उदयपुर | गाईघाट, उदयपुर |
| ५० | पोषीका गजमेर | ७११२१ उदयपुर | राजन कुमार विश्वकर्मा | निर बहादुर कामी | बर्रे ७, उदयपुर | गाईघाट, उदयपुर |
| ५१ | शोभा कार्की खड्का | १४१४१०१६/११२२८८ उदयपुर | लाल बहादुर खड्का | दिर्घ बहादुर खड्का | रौता ९, उदयपुर | गाईघाट, उदयपुर |
| ५२ | ईन्द्र कुमारी मगर | ५/२०८५ उदयपुर | पासाङ्ग दोर्जी तामाङ | नटक बहादुर तामाङ | इनामे ४, उदयपुर | गाईघाट, उदयपुर |
| ५३ | सोमनी चौधरी | १४१०४५/१००३७६ उदयपुर | लक्ष्मण चौधरी | अनुचित चौधरी | त्रियुगा ३, उदयपुर | गाईघाट, उदयपुर |
| ५४ | इन्दिरा कार्की | १४१४१०४०/१००९१२ उदयपुर | जनक कार्की | बिष्णु बहादुर कार्की | लिम्पाटार-२, उदयपुर | बुटवल, रूपन्देही |
| ५५ | सन्ध्या थापा | ४३१०३४/११४५१९ तनहुँ | मिनबहादुर थापा | धनबहादुर थापा | छाङ–४, तनहुँ | बुटवल, रूपन्देही |
| ५६ | मछीया देवी महत्तो | १९३०५२/३१४ सर्लाही | हरूनी महत्तो कोइरी | प्रेम महत्तो कोइरी | गौरीशंकर-२, सर्लाही | लालबन्दी, सर्लाही |
| ५७ | प्रेम माया | १८२०६९/२८६३ महोत्तरी | राजिन्द्र महत्तो | राम कुमार महत्तो | गौशाला न.पा.-२, महोत्तरी | लालबन्दी, सर्लाही |
| ५८ | चमेली मैया श्रेष्ठ | २७६/५७५३ दोलखा | कोमल बहादुर श्रेष्ठ | पदम बहादुर श्रेष्ठ | चरिकोट-८, दोलखा | चरीकोट, दोलखा |
| ५९ | कविता तामाङ | २५३०२२/३२१ नुवाकोट | रम सिं तमाङ | मान बहादुर तमाङ | तादी गा पा ४ काउले नुवाकोट | खरानीटार, नुवाकोट |
| ६० | इस्लामुन खातुन | ३२३०७०/१५४ रौतहट | कमरूल मंसुरी | गोबरी मिया धुनिया | कटहरिया-८, रौतहट | कटहरीया, रौतहट |
| ६१ | श्रीपती देवी | ७६९ रौतहट | देवनारायण महरा | सुकदेव महरा चमार | कटहरिया-३, रौतहट | कटहरीया, रौतहट |
| ६२ | देवकलिया देवी | ८६३ रौतहट | भुयाली महरा चमार | अकलु महरा चमार | कटहरिया-८, रौतहट | कटहरीया, रौतहट |
| ६३ | ममिना खातुन | ३२३०५५/७६ रौतहट | मो. साहेव देवान | मनान देवान | लर्क्ष्मनिया-५, रौतहट | कटहरीया, रौतहट |
| ६४ | सहोदरी देवी | ३२/३/०३७/५४१ रौतहट | रामएकवाल महरा | बुधन महरा | इनर्वा-५, रौतहट | कटहरीया, रौतहट |
| ६५ | सोसीला देवी | ३२-०१-७४-०७६८४ रौतहट | शिउराज महतो नुनिया | महेन्द्र महतो नुनिया | बौधीमाई-२, रौतहट | कटहरीया, रौतहट |
| ६६ | सर्मिला कुमारी साह | ३३-०१-७४-००९०४ बारा | रमेश कुमार साह तेली | जयमंगल साह तेली | बारागढी गा.पा.-२, रौतहट | कटहरीया, रौतहट |
| ६७ | रामकली देवी | ३२३०७७/९३६ रौतहट | गानधी महरा | बद्री महरा चमार | गम्हरिया विर्ता-८, रौतहट | कटहरीया, रौतहट |
| ६८ | पुनिता देवी कुर्मि | ३४३०१७/१२४ पर्सा | बिरेन्द्र राउत कुर्मि | छठू रावत कुर्मी | भिखमपुर-४, पर्सा | सेढवा, पर्सा |
| ६९ | लाल बिबि खातुन | वि.द.नं. ८ पर्सा | रोज महमद मंसुरी | हमिद मिया मंसुरी | सोनवर्सा-७, पर्सा | सेढवा, पर्सा |
| ७० | सुरसती देवी | ३४-०१-७५-१५५०७ पर्सा | किसोर साह | महेश साह तुरहा | धोबिनी गा.पा.-५, पर्सा | सेढवा, पर्सा |
| ७१ | जिवाकुमारी कमेनी | ६७८७/५४१०१५/१२११९ रोल्पा | गगन कामी | मनिराम कामी | मिभिङ-९, रोल्पा | विरपुर, कपिलवस्तु |
| ७२ | नितु दर्जी | ३८२०७७/२९३८९ कपिलबस्तु | राम बहादुर दर्जी | दिल बहादुर दर्जी | गुगौली-६, कपिलवस्तु | विरपुर, कपिलवस्तु |
| ७३ | सुमित्रा रेश्मी मगर | ३८३०७७/५६४ कपिलबस्तु | हिरा बहादुर रेश्मी मगर | खडक बहादुर रेश्मी मगर | गुगौली-६, कपिलवस्तु | विरपुर, कपिलवस्तु |
| ७४ | ललिया थरूनी | १४०९/०४६ बर्दिया | किल्लु चौधरी | खुसीराम चौधरी | नेउलापुर-१, बर्दिया | ठाकुरद्वारा, बर्दिया |
| ७५ | धर्मा गुरूङ्ग | ६५-०१-७४-०१६४१ बर्दिया | धर्मराज गुरूङ्ग | शेर बहादुर गुरूङ्ग | बारबर्दिया न.पा.-१, बर्दिया | ठाकुरद्वारा, बर्दिया |
| ७६ | शान्ती नेपाली | २३३५९ बाके | गंगा राम नृपाली | नरजिते बादी | नेपालगंज-८, बाँके | ठाकुरद्वारा, बर्दिया |
| ७७ | वाल कुमारी वली | ६५१००४/१७३९ बर्दिया | बसन्त शाही | लोक बाहादुर शाही | दोदरी-४, बर्दिया | ठाकुरद्वारा, बर्दिया |
| ७८ | निर्मला तामाङ | ०५-७०-००९६८ पाँचथर | खगेन्द्र कुमार मुखिया | ललीत कुमार मुखीया | लिम्बा-६, पाँचथर | विर्ल्याटेबजार, ईलाम |
| ७९ | कविता कुमारी सिंह | १८-०१-७४-०७५३९ महोत्तरी | रजिप कुमार सिंह | तेज नारायण सिंह थारू | भंगहा न.पा.-७, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ८० | संखा देवी सिंह | ३३८१३१६७ महोत्तरी | जोगेन्द्र सिंह | रूपलाल सिंह | मे.गोरहना-२, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ८१ | सुमिन्त्रा देवी | १८३०५६/२०७ महोत्तरी | सिंहेश्वर सिंह | मान बहादुर सिंह थारू | मे.गो.-४, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ८२ | कल्पना कुमारी | १८-०१-७२-०४६२१ महोत्तरी | मनिष कुमार सिंह | राज किशोर सिंह थारू | मेघनाथगोरहना-४, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ८३ | बीणा देवी | १८३०५९/९६३ महोत्तरी | सुखचैन महतो | हुकुम महतो नुनिया | धर्मपुर-४, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ८४ | सानु देवी कमिनी | ३३८१३३४८ महोत्तरी | देव लाल कामी | लालु कामी | भँगहा न.पा.-७, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ८५ | शोभा गिरी | १८३०५६/५२८ महोत्तरी | सोगिन्द्र गिरी | मंगल गिरी | मे.गो.-२, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ८६ | चोनचला कुमारी साह | १८-०१-७१-००५७६ महोत्तरी | राम दुलार साह | राम विलास साह | मेघनाथगोरहना-५, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ८७ | बिणा कुमारी चौधरी | २८३०५६/९७० महोत्तरी | श्यामबाबु बछार | सिकिन्दर बछार थारू | मे.गो.-५, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ८८ | कलसीया देवी | १८३०५५/६३० महोत्तरी | सनिचर सदा | महाविर सदा | सोनामाई-४, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ८९ | कोशिला कुमारी | १८१०६२/१६० महोत्तरी | उमेश महतो | रित लाल महतो | पशुपतिनगर-९, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ९० | सुरूज कला देवी | १८-०१-७०-०३५४८ महोत्तरी | विजय कुमार चौधरी | रामसिकिल चौधरी | सोनामाई-८, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ९१ | सोनिया देवी | ८८८९३७७० महोत्तरी | जुगल मण्डल | भिखारी मण्डल | सिग्याहि-४, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ९२ | सुजान कुमारी मण्डल | १७३०८८/६७१ धनुषा | परमेश्वर धानुक | धनमा मण्डल | भुचक्रपुर-८, धनुषा | गोरहन्ना, महोत्तरी |
| ९३ | दुलारी देवी | १७१०८८/२७ धनुषा | श्री नारायण राय दनुवार | राम अवतार राय | भुचक्रपुर-६, धनुषा | गोरहन्ना, महोत्तरी |
| ९४ | राज कुमारी देवी | १७३१०१/३१० धनुषा | चन्देश्वर साहु लहेरी | राम विलास साहु | बटेश्वर-१, धनुषा | गोरहन्ना, महोत्तरी |
| ९५ | देवसती देवी | १८-२-०५८/२८३ महोत्तरी | बिजुल सदा | हंसु मुसहर | औरही-९, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ९६ | सुविता देवी | १८-१-०६२/२०३ महोत्तरी | रामपुकार धानुक | भगलु मंडल धानुक | भंगहा-८, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ९७ | चाँदनी कुमारी चौधरी | १८-०१-७४-०१५०५ महोत्तरी | रविन्द्र कुमार सिंह | शम्भु कुमार सिंह | भँगहा गा.पा.-७, महोत्तरी | गोरहन्ना, महोत्तरी |
| ९८ | मनकला वि.क. | ३८१०५१/११९१ कपिलबस्तु | धन बहादुर वि.क. / कमलेश थारू | विसराम थारू | शुद्धोधन गा.पा.-१, कपिलवस्तु | बोडगाउँ, कपिलबस्तु |
| ९९ | शान्ती कुमारी बिटालु | ३८-०१-०६७-०५८०५ कपिलबस्तु | राम नरेश अहिर | लखन अहिर | पतरीया-९, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| १०० | गोमा घिमिरे | ४/१२/७५९९ कपिलबस्तु | चुरामणि घिमिरे | टिकाराम घिमिरे | खुरूहुरीया-६, कपिलवस्तु | बोडगाउँ, कपिलबस्तु |
| १०१ | इलाइचि अहिर | ३८-०१-०६६-००२०३ कपिलबस्तु | रामकिशोर अहिर | लखन अहिर | पतरीया-९, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| १०२ | जुगुन्ती थारू | ३८-०१-७४-०७२०४ कपिलबस्तु | दुहे थारू | चिग्धु थारू | शुद्धोधन गा.पा.-१, कपिलवस्तु | बोडगाउँ, कपिलबस्तु |
| १०३ | सन्त कुमारी थारू | ३८-०१-७४-०१५७६ कपिलबस्तु | भारथ थारू | सुकई थारू | शुद्धोधन गा.पा.-१, कपिलवस्तु | बोडगाउँ, कपिलबस्तु |
| १०४ | वसन्ता सेन ओली | ४११०६९/७२८१३ गुल्मी | गोबिन्द बहादुर सेन ओली | खिम बहादुर ओली क्षेत्री | सिर्सेनि-९, गुल्मी | बोडगाउँ, कपिलबस्तु |
| १०५ | पार्वता नगरकोटी | ३७-०२-७५-०८६४४ रूपन्देही | धन बहादुर नगरकोटी | नर बहादुर नरकोटी मगर | कन्चन गा.पा.-४, रूपन्देही | बोडगाउँ, कपिलबस्तु |
| १०६ | सुनिता आचार्य शर्मा | ०३९-२-३०४९२ कपिलबस्तु | विष्णु प्रसाद शर्मा | गुरू प्रसाद शर्मा | बाणगंगा न.पा.-१४, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| १०७ | बसन्ता गिरी | ३८-०६-७३-००१२४ कपिलबस्तु | रूद्र प्रसाद गिरी | चेतमान गिरी | बाणगंगा न.पा.-१४, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| १०८ | रविना मु. फकिर | ३८-०१-०७०-३०९१४ कपिलबस्तु | मोहम्मद अली | रज्जाक मो. मु. | पतरीया-९, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| १०९ | अनारा चमार | १/१५/७७५४० कपिलबस्तु | त्रियुगी चमार | सिताराम चमार | पतरीया-९, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| ११० | रहीमुन निशा | ३२३००५/८०६ कपिलबस्तु | रफी मो. मु. | रज्जाक मोहम्मद मु. | पतरीया-९, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| १११ | तरावुन निसा मुसलमान | ३८-०१-७५-०३२६४ कपिलबस्तु | नजर मोहम्मद मु. | रज्जाक मुसलमान | शुद्धोधन गा.पा.-१, कपिलवस्तु | बोडगाउँ, कपिलबस्तु |
| ११२ | रिता घिमिरे | ३८१००१/२४९ कपिलबस्तु | राम प्रसाद घिमिरे | ईश्वरी घिमिरे | बाणगंगा-६, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| ११३ | रीता देवी पासी | ३८१००४/४०३०२ कपिलबस्तु | सन्तराम पासवान पासी | विजयी पासी | पटना-२, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| ११४ | पार्वता सुनार | ४०३०३८/४०५८ अर्घाखाँची | लिल बहादुर सुनार | पुर्ण बहादुर सुनार | सिद्धारा-३, अर्घाखाँची | बोडगाउँ, कपिलबस्तु |
| ११५ | साबित्रा गन्धर्व | ३८-०१-७२-०६५३० कपिलबस्तु | टेक शहादुर गन्धर्व | टुल्क बहादुर गन्धर्व | बाणगंगा न.पा.-१२, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| ११६ | श्रृजना गन्धर्व | ३८१०२१/१२६ कपिलबस्तु | कुवेर गन्धर्व | प्रेमलाल गाइने | बाणगंगा न.पा.-६, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| ११७ | अनिता चौधरी | ३८-०१-७४-०७३७३ कपिलबस्तु | शेषराम थारू | बुधिराम थारू | शुद्धोधन गा.पा.-१, कपिलवस्तु | बोडगाउँ, कपिलबस्तु |
| ११८ | अकालपति थारूनी | ३८३००५/५७५ कपिलबस्तु | ठाकुर प्रसाद थारू | प्रमेश्वर थारू | पतरीया-७, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| ११९ | बिना कुमारी थारू | ३८-०१-७६-०८२८२ कपिलबस्तु | रूपेश थारू | बुधिराम थारू | शुद्धोधन गा.पा.-१, कपिलवस्तु | बोडगाउँ, कपिलबस्तु |
| १२० | कु.कमलादेवी चौधरी थारू | ३८१००५/२४९३ कपिलबस्तु | किसुन प्रसाद थारू | विश्व नाथ थारू | पतरीया-७, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| १२१ | सिमा थारू | ३८-०६-७५-०११२१ कपिलबस्तु | शंकर थारू | सानो गर्मु थारू | बाणगंगा न.पा.-११, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| १२२ | पवित्रा चौधरी थारू | ३८-०६-७४-०३२२४ कपिलबस्तु | चन्द्र बहादुर थारू | झिन्वु थारू | बाणगंगा न.पा.-११, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| १२३ | फुल कुमारी थारू | ३८-०१-०६९-२२६५५ कपिलबस्तु | मनोज कुमार थारू | चिनगुद थारू | हथौसा-८, कपिलबस्तु | बोडगाउँ, कपिलबस्तु |
| १२४ | मीना दर्जी | ४०३०४१/९६९ अर्घाखाँची | राम बहादुर दर्जी | जुठे दर्जी | ठाडा-५, अर्घाखाँची | बोडगाउँ, कपिलबस्तु |
| १२५ | लाल कुमारी थापा | ४०३०३७/९३७ अर्घाखाँची | तिल बहादुर थापा | भेगलाल थापा मगर | सिमलपानी-१, अर्घाखाँची | बोडगाउँ, कपिलबस्तु |
| १२६ | गंगा देवी मगर | ०३–२०–७०–००३८४ इलाम | विजय राजी | वरन्दु राजी | जीतपुर-२, इलाम | प्रगतीबजार, बर्दिया |
| १२७ | किरण थारू | ६५३०२६/३३ बर्दिया | जयराम थारू | डिव्बु थारू | नँयागाउ-४, बर्दिया | सतीबजार, कैलाली |
| १२८ | मैया थारू | १५६६६ बर्दिया | बिप्ता थारू | दासु थारू | नँयागाउ-४, बर्दिया | सतीबजार, कैलाली |
| १२९ | कृष्णी देवी चौधरी | ६७२०४०/६६१८४ कैलाली | अनिल कुमार चौधरी | बिकराम थारू | टीकापुर-३, कैलाली | सतीबजार, कैलाली |
| १३० | मन्तुर्नि देवी चौधरी | ६७२०४०/२२२७७ कैलाली | दिल बहादुर चौधरी | जगत प्रसाद चौधरी | टीकापुर-६, कैलाली | सतीबजार, कैलाली |
| १३१ | सुन्दरी थरूनी | १४४६ बर्दिया | जितमान थारू | दशाण थारू | बदालपुर-२, बर्दिया | सतीबजार, कैलाली |
| १३२ | बालमोती थरूनी | १६२८ बर्दिया | सोम प्रसाद थारू | भारत दास थारू चैधरी | बदालपुर-२, बर्दिया | सतीबजार, कैलाली |
| १३३ | सुकदैया थरूनी | ११/८३ बर्दिया | रेशम कुमार थारू | डम्वर वहादुर थारू | बदालपुर-२, बर्दिया | सतीबजार, कैलाली |
| १३४ | तारा बि.क. | ६५३०२५/७८७ बर्दिया | मान बहादुर बि.क. | धर्ने कामी | बदालपुर-२, बर्दिया | सतीबजार, कैलाली |
| १३५ | फुल कुमारी देवी चौधरी | ६७-२२-७०-००४८९ कैलाली | रामकृष्ण चौधरी | चुनकराम डगौरा | भजनी-९, कैलाली | सतीबजार, कैलाली |
| १३६ | रिता देवी चौधरी | ६७२०३१-४१६८३ कैलाली | प्रेम राज चौधरी | कालु राम डगौरा | भजनी न.पा.-३, कैलाली | सतीबजार, कैलाली |
| १३७ | दुखरानी कुमारी चौधरी | ६७-०२-७६-०२४३६ कैलाली | सोनु डंगौरा | दुर्गा प्रसाद डंगौरा | भजनी न.पा.-३, कैलाली | सतीबजार, कैलाली |
| १३८ | सपना देवी डगौरा | ६७२०३१/३२८६२ कैलाली | पुरन वहादुर डगौरा | दुर्गा प्रसाद डंगौरा | भजनी-९, कैलाली | सतीबजार, कैलाली |
| १३९ | आशा कुमारी चौधरी | ६७२०४३/३६४८ कैलाली | बदलु चौधरी | धनिराम डंगौरा थारू | धनसिहपुर-४, कैलाली | सतीबजार, कैलाली |
| १४० | कौशिला मर्साङ्गी | १०४०/४७९ सुर्खेत | जय बहादुर सारू मगर | नरे बहादुर सारू | साटाखानी-७, सुर्खेत | एकतानगर, सुर्खेत |
| १४१ | सावित्रा सिजाली मगर | ६४१०१९/९२९४८ सुर्खेत | जित बहादुर सुजी | जोर सिं सुजी | जर्बुटा-४, सुर्खेत | एकतानगर, सुर्खेत |

सरकारहरू कहिल्यै सिक्दैनन्, मानिसहरू मात्र सिक्छन् ।
**- मिल्टन फ्रीडम्यान**

सम्पादकीय

# ऊर्जा सुरक्षाको चिन्ता

देशमा विद्युतीय चूल्होको उपयोग बढाउने सरकारी लक्ष्य रहे पनि व्यावसायिक प्रयोजनका लागि भन्दै सरकारमातहतकै नेपाल आयल निगमले ४५० किलोग्राम क्षमताको ठूला ग्यास सिलिन्डर ल्याउने सम्बन्धमा अध्ययन थालेको छ । यसका लागि उसले नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशकको संयोजकत्वमा एक समिति गठन गरेको छ । सरकारले प्रदूषण घटाउने सन्दर्भमा गरेको अन्तरराष्ट्रिय प्रतिबद्धताअनुसार सन् २०३० भित्र २५ प्रतिशत घरपरिवारमा विद्युतीय चूल्होको उपयोग पुर्‍याउने लक्ष्य लिएको छ । त्यसतर्फ काम थाल्नुपर्नेमा भने पर्याप्त काम अघि बढेको देखिन्न ।

मुलुकको बढ्दो जलविद्युत्को खपत बढाउन केन्द्रित हुनेगरी नीति बनाउनुपर्नेमा ठूलो आकारको ग्यास सिलिन्डर ल्याउन अध्ययन थाल्नुले सरकारको उल्टो यात्राको छनक दिन्छ । व्यावसायिक प्रयोजनका लागि ठूलो ग्यास सिलिन्डर ल्याउन दिई आम उपभोक्ता भन्दा छुट्टै मूल्य कायम गर्न सकिन्छ । तर, विगतमा व्यावसायिक प्रयोजनका र घरायसी प्रयोजनका लागि अलग अलग रङका सिलिन्डर वितरण गर्ने प्रयास विफल भएको थियो । घरायसी प्रयोजनका लागि अनुदान दिने र व्यावसायिक प्रयोजनका लागि नदिने नीतिअनुरूप क्रमशः रातो र नीलो सिलिन्डर वितरण गर्ने काम सीमित मात्रामा भएको थियो । त्यसका लागि उसले उपभोक्तालाई कार्डसमेत बनाउन लगाई उपभोक्ताबाट पैसासमेत असुल गरेको थियो । लाखौं उपभोक्ताबाट करोडभन्दा बढी रकम उठाए पनि त्यो कार्यान्वयनमा गएन । उपभोक्ताको खर्च खेर गयो ।

औद्योगिक वा अन्य व्यावसायिक प्रयोजनका लागि ठूला ग्यास सिलिन्डर अनिवार्य गराउने हो भने अहिले निगमले गरेको तयारी उपयुक्त पनि हुन सक्छ तैपनि यसको सुरक्षा जोखिमका बारेमा पनि पर्याप्त अध्ययन आवश्यक देखिन्छ । १४ दशमलव २ किलोका सिलिन्डर विस्फोट भएर मानिसले ज्यान गुमाइरहेको सन्दर्भ यति ठूलो सिलिन्डर विस्फोट भयो भने निकै भयावह र विनाशक हुने देखिन्छ । सरकारले १४ दशमलव २ किलो तौलयुक्त सिलिन्डरका

- भारतले विद्युत्लाई रणनीतिक वस्तुका रूपमा व्यवहार गरेको छ ।
- विद्युत्को सकेसम्म देशभित्रै खपत बढाउने उपाय खोज्नु जरूरी छ ।

लागिमात्र कानुनी व्यवस्था गरेको छ । त्यस्तै गुणस्तर तथा नापतौल विभागले पनि यस्तै सिलिन्डरको मात्र गुणस्तर निर्धारण र नियमन गर्दै आएको छ । यो तौलभन्दा बढीका सिलिन्डर भने विभागले नियमन गर्दैन । अहिले बजारमा मिति नाघेका सिलिन्डर चलनचल्तीमा टन्नै छन् तर त्यसमा निगम र विभाग दुवैको प्रभावकारी अनुगमन गर्न सक्षम देखिएका छैनन् । त्यसैले ठूलो सिलिन्डरको जोखिमलाई बेवास्ता गर्न सकिँदैन ।

तर, अहिलेको आवश्यकता भनेको कसरी बढ्दो विद्युत् उत्पादनको खपत देशभित्रै बढाउने भन्ने हो । अहिले वर्षाको समयमा नेपालको विद्युत् खेर जाने गरेको छ । भारतले नकिनिदिएमा ठूलो मात्रामा विद्युत् त्यतिकै खेर जाने अवस्था छ । भारतले विद्युतलाई रणनीतिक वस्तुका रूपमा व्यवहार गरेको छ । अहिले भारत निर्यातको अनुमति पनि प्रत्येक वर्ष नवीकरण गर्नुपर्छ । राजनीतिक वा अन्य कारणले भारत नेपालसँग चिढिएमा अनुमति नवीकरण नगरिदिन सक्छ । त्यसैले विद्युत्को सकेसम्म देशभित्रै खपत बढाउने उपाय खोज्नु जरुरी छ ।

अहिले विद्युत् नियमित भएसँगै इन्डक्शन चूल्होको प्रयोग बढ्दो छ तर लक्ष्यअनुसार उपलब्धि प्राप्त भएको छैन । निगमको काम आयातित वस्तु बिक्री गरेर मुनाफा कमाउनुमात्र हुनु हुँदैन आन्तरिक ऊर्जाको विकासका लागि पनि काम गर्नुपर्छ । त्यसका लागि उसले विद्युत्को उपयोग बढाउन सहयोगी नीति लिनुपर्छ । वास्तवमा निगम आफैं स्वच्छ ऊर्जाको क्षेत्रमा व्यवसाय गरे पनि हुन्छ । निगमले काठमाडौं विश्वविद्यालयको ग्रीन हाइड्रोजन प्रोजेक्टका लागि वित्तीय स्रोत उपलब्ध पनि गराएको छ । यस परियोजनाअन्तर्गत ग्रीन हाइड्रोजन इन्धनसम्बन्धी अध्ययन पनि भइरहेको छ । नेपालको सम्भावना भएको जलविद्युत्को उपभोगलाई नै प्रमुख रूपमा प्राथमिकता दिएर नीति बनाउनुपर्छ । त्यसका लागि नेपाल विद्युत् प्राधिकरणले स्टोरेजको व्यवस्था गर्नेजस्ता नीति लिएको छ । यस्ता काममा निगम र प्राधिकरण मिलेर काम गर्नुपर्छ ।

ऊर्जा रणनीतिक महत्त्वको वस्तु हो । त्यसो हुँदा यसलाई रणनीतिक दृष्टिकोणले पनि विकास गरिनुपर्छ । नेपाल भने एकपछि अर्को गर्दै भारतमाथिको निर्भरता बढाउँदै लगिरहेको छ । त्यसैले आफ्नै देशको ऊर्जामा निर्भर हुने वातावरण बनाउने गरी निगमले काम गर्न आवश्यक छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## सूचना आयोगलाई सर्वोच्चको कारण देखाऊ आदेश

सर्वोच्च अदालतले राष्ट्रिय सूचना आयोगका नाममा कारण देखाऊ आदेश जारी गरेको छ । करदाताहरूको सबै सूचना सार्वजनिक गर्न आन्तरिक राजस्व विभागलाई सूचना आयोगले दिएको आदेशविरुद्ध विभागले दायर गरेको रीटउपर सुनुवाइ गर्दै सर्वोच्चले यस्तो आदेश जारी गरेको हो । मङ्गलवार न्यायाधीश कल्याण श्रेष्ठको एकल इजलाशले त्यस विषयमा अन्तरिम आदेश दिन पर्ने नपर्ने भन्नेबारे छलफलका लागि पक्ष/विपक्षलाई अदालतमा उपस्थित हुन पनि आदेश दिएको छ । सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐनविपरीत करदाताहरूको सूचना सार्वजनिक गर्न दबाब दिएको भन्दै विभागले फागुन २ गते सर्वोच्चमा निवेदन दायर गरेको थियो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा ३ मा 'आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्ति संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने र व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुर्‍याउने विषयसम्बन्धी सूचना प्रवाह गरिने छैन,' भन्ने व्यवस्था गरिएको निवेदनमा उल्लेख छ ।

**वर्ष ८, अंक १५४, बुधवार, ९ फागुन, २०६९**

# सहलाभमा आधारित वाणिज्य नीतिको स्वरूप

## नेपालले सन् १९९० अघिको अभ्यासलाई निरन्तरता दिनु आवश्यक



**नेपाली मूल र दक्षिण एशियाली मूलका जनताको ठूलो उपस्थिति रहेको भूखण्डमा यी दुईथरी वर्गको चाहनाबमोजिम परम्परागत स्वाद र रूचिलाई सम्बोधन हुने खालका वस्तुहरू निर्यात गर्ने छुट्टै स्कीम सञ्चालन गर्न जरूरी छ ।**

**कृष्णराज बजगाईं**

संयुक्त राज्य अमेरिको नयाँ भन्सार नीतिले पारेको प्रभाव न्यूनीकरणमा विश्वको ध्यान आकर्षित भएको छ । नयाँ अमेरिकी भन्सार नीतिलाई कतै अवसरका रूपमा र कतै अवरोधका रूपमा ग्रहण गर्दै अवसरलाई व्यवहारमा उतार्न र अवरोधलाई सुगम बनाउन सम्पूर्ण विश्व अहोरात्र सक्रिय रहेको छ । बाहिर एकप्रकारको मौनता देखिए तापनि भित्रभित्र नयाँ परिस्थितिअनुसार प्राथमिकता निर्धारण, भन्सारका दरहरूमा परिवर्तन गर्दाका आयामहरू र वाणिज्य क्षेत्रको दिशा निर्धारण गर्ने विषयमा अनेकौं विकल्पका घनीभूत गृहकार्यहरूमा विश्वभरिका सरकारहरू व्यस्त छन् । भाषाका कडापन र नरमपन जेसुकै भए तापनि सारमा हरेक देश नयाँ परिस्थितिअनुसार संयुक्त राज्य अमेरिकासँगको व्यापार सम्बन्धलाई पुनः परिभाषित गर्दै विश्व अर्थव्यवस्थाको अंगका रूपमा निर्यातमार्फत समृद्धि प्राप्त गर्ने लक्ष्यतर्फ उन्मुख छन् ।

### व्यापार प्राथमिकता निर्धारणका ऐतिहासिक आधार

व्यापार प्राथमिकता निर्धारण गर्दा जहिले पनि ऐतिहासिक आधारहरूलाई ध्यान दिनुपर्ने हुन्छ । आवरणमा जेजस्ता नयाँ शब्दावली र रूपावलीसहितका नामकरण भए तापनि ती सबै स्वरूप प्राचीन भूखण्डका विभाजनका वरिपरि नै परिभ्रमण गरिरहेका छन् ।

प्राचीन समयमा पृथ्वीलाई नौखण्डमा वर्गीकृत गरिएको थियो । पाँचओटा समान गुणहरू (संस्कृति, सामाजिक मनोविज्ञान, सोच, शैली, शैलमण्डल (भूबनोट)युक्त भएकाले त्यसै आधारमा पृथ्वीलाई नौखण्डमा वर्गीकृत गरिएको हो । यी नौओटा खण्डमा आआफ्ना खण्डमा जो सर्वेसर्वा राजा हुन्थे तिनलाई चक्रवर्ती सम्राट् भन्ने प्राचीन अभ्यास रहेको थियो । आफ्नो खण्डभन्दा बाहिर प्रभुत्व स्थापित गर्ने प्रयास भएको प्राचीन समयमा कमै उदाहरण पाइन्छन् । यस्ता केही उदाहरण इतिहासमा भेटिए तापनि यी प्रयास दीर्घकालसम्म टिक्न सकेको पाइँदैन । प्रशासनिक, सैनिक, सञ्चार यातायात, संस्कृति, सामाजिक मनोविज्ञान, सोच, शैली र शैलमण्डलका कारण अन्तरखण्ड चक्रवर्ती सम्राट् बन्ने प्रयासहरू असफल हुने दृष्टान्तका माझ यी खण्ड व्यापारका दृष्टिकोणबाट भने आकर्षक खण्डका रूपमा रहेको देखिन्छ । रेशममार्गमार्फत जम्बुद्वीपका खण्डहरू चीन खण्ड (पूर्वी र दक्षिण पूर्वी एशिया) र आर्यावर्त (दक्षिण एशिया इरानसमेत), स्कन्दभूमि (रूस र मध्यएशिया) तथा इराखण्ड (पश्चिमी यूरोप) बीच व्यापार गतिविधिहरू घनीभूत हुँदै जाँदा ती क्षेत्रका बासिन्दाको जीवनमा आएको सकारात्मक परिवर्तन र चीन खण्डमा आएको स्वर्णकाल हामी सबैमा सर्वविदितै छ । पृथ्वीको अरब खण्ड (मध्यपूर्व), मेरूखण्ड (अफ्रिकी महादेशको दक्षिणी भाग) र उषाखण्ड (अस्ट्रेलियासम्मको भूभाग जसलाई कुनै शास्त्रमा समुद्र खण्ड पनि भन्छन्) बीच व्यापारिक सम्बन्ध घनीभूत हुँदा यी क्षेत्रमा आर्थिक स्वर्णकालहरू आएको इतिहास रहेको छ ।

प्राचीन मयखण्ड र अंग खण्ड (हालको उत्तरी र दक्षिणी अमेरिका) इराखण्डसँग व्यापारिक गतिविधिहरूमा जोडिँदा आन्ध्र महासागर वारपार समृद्धिको ढोका खुलेको सर्वविदितै छ ।

### आधुनिक व्यापारिक परिवेश

प्राचीन समयका यी खण्ड हाल पनि अस्तित्वमा छन् । दक्षिण एशियाली परिवृत्त, चिनियाँ परिवृत्त, स्लाभिक परिवृत्त, पश्चिमी यूरोपेली परिवृत्त, मध्यपूर्वीय परिवृत्त, दक्षिणी अफ्रिकी परिवृत्त, अस्ट्रेलियाली परिवृत्त र उत्तर अमेरिकी र दक्षिण अमेरिकी परिवृत्त गरी नौओटा परिवृत्तहरू रहेका छन् । वर्तमान विश्वका सामारिक र आर्थिक गतिविधि यी नौओटा परिवृत्तलाई आधार मानी सञ्चालन भइरहेका छन् । प्राचीन समयमा झैं वर्तमानमा पनि यी नौओटा खण्डबीच हुने आपसी व्यापारले विश्व अर्थतन्त्रको गतिशीलता निर्धारण गर्ने गरेको छ । वर्तमान समयका क्षेत्रीय व्यापार सम्झौताहरू पनि यही आधारमा निर्धारण भएका छन्, नाम फरक, उही उद्देश्य उही प्रकृतिका साथ ।

नाम फरक परे पनि प्राचीन समयमा निर्धारण गरिएका र वर्तमान समयमा अस्तित्वमा रहेका पृथ्वीका नौओटा भूखण्डका पाँचओटा समान तत्त्व (संस्कृति, सामाजिक मनोविज्ञान, सोच, शैली, शैलमण्डल (भूबनोट)ले उक्त भूखण्डको समग्र उपभोक्ता संस्कृति र आवश्यकतालाई परिभाषित गरिरहेको हुन्छ । ती उपभोक्ता संस्कृति र आवश्यकताले उक्त देशमा अन्य खण्डका मुलुकहरूका व्यापार प्राथमिकताहरूलाई दिशानिर्देश गरिरहेका हुन्छन् । प्राचीनकालमा निर्धारित र आधुनिक कालमा समेत अस्तित्वमा रहेका उपर्युक्त नौओटा खण्डहअन्तरभूखण्ड र आन्तरभूखण्ड व्यापारका निर्धारक तत्त्वका रूपमा रहेका छन् । देशगत व्यापार विविधीकरणका निर्णायक तत्त्वहरू पनि यिनै नौओटा भूखण्डहरू नै हुन् । यी नौओटा भूखण्डका उपभोक्ताका चाहनाहरूलाई दृष्टिगत गरी विभिन्न देशले आफ्नो उत्पादन सम्भावना र क्षमताका आधारमा देशगत व्यापार रणनीति अंगीकार गरेका हुन्छन् । नेपालले दोस्रो पञ्चवर्षीय योजनापश्चात् अंगीकार गरेको वस्तुगत र देशगत व्यापार रणनीतिका पछाडि पनि प्रत्यक्ष र परोक्ष रूपमा उपर्युक्त नौओटा भूखण्डका उपभोक्ता संस्कृति र मागको मिहीन विश्लेषण प्रमुख आधारका रूपमा लिएको देखिन्छ ।

### भूखण्डगत नेपालको व्यापार रणनीतिको आवश्यकता

बदलिँदो विश्व परिस्थितिको सापेक्ष हुने गरी भूखण्डका उपभोक्ता संस्कृति र बजारलाई दृष्टिगत गरी नेपालका लागि तुलनात्मक लाभ भएका र सम्बद्ध देशमा प्रतिस्पर्धी क्षमता राख्न सक्ने उत्पादनमा केन्द्रित रही ती देशमा नेपालले आफ्नो निर्यात र आयात रणनीति र प्राथमिकता निर्धारण गर्नुपर्छ ।

**(क) स्लाभिक सभ्यता र त्यसको परिवृत्त भूखण्ड**

स्लाभिक सभ्यता र त्यसको परिवृत्तमा रहेका देशहरूमा खासगरी पूर्वी यूरोपका अर्थोडक्स धर्मको बाहुल्य रहेका रूसलगायत देश, आफ्नै विशिष्ट संस्कृति भएका मध्यएशियाली देशहरू पर्छन् । यी देशहरूमा विद्यमान विशिष्ट खालको बजार, उपभोक्ता संस्कृति तथा उत्पादनलाई दृष्टिगत गर्दा यी मुलुकमा नेपालबाट वस्तुतर्फ चिया निर्यात गर्ने र सेवातर्फ पर्यटन निर्यात गर्ने रणनीतिमा केन्द्रित हुन आवश्यक छ । यसैगरी वर्तमान समयमा ओझेलमा पारिएको स्लाभिक परिवृत्तबाट पर्यटन प्रवर्द्धन कार्यलाई मूलप्रवाहीकरण गरी पर्यटन, आईटी बीपीओ सेवाको विस्तार गर्नु पनि आवश्यक देखिन्छ । यी वस्तु यस भूखण्डमा निर्यात गर्ने रणनीति अंगीकार गरिरहँदा सहलाभको सिद्धान्तलाई अंगीकार गर्दै कपास, गहुँ, तोरी, रासायनिक मल, कृषि औजारजस्ता वस्तु यस भूखण्डबाट आयात गर्दै देशको आयातलाई पनि विविधीकरण गर्नु आवश्यक छ । यस्तै आफ्नै खालको विशिष्ट शिक्षापद्धति भएको यस भूखण्डमा विशेष गरी अन्तरिक्ष विज्ञानजस्ता विषयमा शिक्षासेवाको आयात गर्ने नेपाली पर्यटकलाई यस भूखण्डमा समेत भ्रमण गर्न उत्प्रेरित गर्ने गरी पर्यटन सेवाको आयात गर्ने रणनीति पनि अंगीकार गर्नु आवश्यक देखिन्छ ।

**(ख) चिनियाँ सभ्यताको भूखण्ड**

चिनियाँ सभ्यताको परिवृत्तभित्र चीन, मंगोलिया, कोरिया प्रायद्वीप, जापान र आर्यावर्तीय, चिनियाँ र अरबी सभ्यताको प्रभाव रहे तापनि आर्थिक रूपमा चिनियाँ परिवृत्तमा आबद्ध चीनसँग सीमा जोडिएका दक्षिणपूर्वी एशियाका देशहरूदेखि मलेशिया, सिंगापुर इन्डोनेशिया ब्रुनाइजस्ता देश पर्छन् । यी मुलुकमा नेपालबाट जडीबुटी, कफी, मूर्तिजस्ता उत्पादन निर्यात गर्ने रणनीति तर्जुमा हुन आवश्यक छ । सेवा व्यापारतर्फ पर्यटन सेवालाई यो भूखण्डमा निर्यात गर्ने रणनीति बनाउन पनि जरुरी छ । यस भूखण्डबाट नेपालले मेशिनरी, विद्युतीय उपकरण, अर्धप्रशोधित र अर्धनिर्मित कच्चापदार्थ र मोटर आयात गर्ने रणनीति तर्जुमा गर्न आवश्यक देखिन्छ । सेवा व्यापारको आयाततर्फ शिक्षा र पर्यटन सेवालाई दृष्टिगत गरी यो भूखण्डको सेवा व्यापार आयातको रणनीति अंगीकार गर्नु पनि त्यत्तिकै जरुरी छ ।

**(ग) दक्षिण एशियाली भूखण्ड**

दक्षिण एशिया जहाँ नेपाल पनि पर्छ निर्याततर्फ धेरै वस्तु समान प्रकृतिका भएकाले प्रतिस्पर्धी क्षमता तुलनात्मक रूपमा कमजोर भएका वस्तु रहेका छन् । समान जलवायु र उपभोक्ता संस्कृति भएका कारण नेपालका कृषिजन्य वस्तुलगायत अन्य वस्तुको दक्षिण एशियामा दीर्घकालीन स्थायित्व दिने र बढी लाभ दिने वस्तुको सूची तुलनात्मक रूपमा छोटो रहेको छ । विगतको व्यापारको प्रवृत्ति हेर्दा यस भूखण्डमा वस्तुतर्फ सम्बद्ध देशको मूल्य शृंखलामा आबद्ध हुने खालका औद्योगिक कच्चापदार्थ र तिनका अर्धप्रशोधित कच्चा पदार्थ (उदाहरणका लागि मसलाका कच्चापदार्थ, कत्था, खोटो) जस्ता वस्तुको निर्यात रणनीति अंगीकार गरिनु आवश्यक छ । यसैगरी यस क्षेत्रमा सेवा व्यापारको निर्यात गर्दा पर्यटन, सभासम्मेलन, जुवा (क्यासिनो) र व्यक्तिगत सुरक्षा सेवाको निर्यातलाई मुख्य आधार मानी सेवा व्यापार प्रवर्द्धनको रणनीति बनाउन पनि आवश्यक छ । यस्तै यस भूखण्डबाट आयात गर्दा पनि नेपाली उद्योगका लागि आवश्यक पर्ने औद्योगिक कच्चापदार्थ र तिनका अर्धप्रशोधित कच्चा पदार्थ, बस ट्रक तथा समुद्रतटीय कृषिजन्य उत्पादनहरू एवम् मेशिनरी तथा टुल्सको आयातलाई प्राथमिकता दिनु आवश्यक हुन्छ । सेवा व्यापारको आयातमा मर्मतसम्भार र शिक्षासेवाको आयातलाई नेपालले प्राथमिकतामा राख्नुपर्छ ।

**(घ) मध्यपूर्वीय भूखण्ड**

मध्यपूर्वमा आप्रवासी श्रमिक र स्थानीय अरबजातिहरू स्पष्ट रूपमा दुईथरी वर्गको बजार रहेको छ । यी दुई वर्गलाई लक्षित गरी मध्यपूर्वको निर्यात प्रवर्द्धन रणनीति तर्जुमा गर्नु आवश्यक छ । मध्यपूर्वको बजारको उपर्युक्त विशेषतालाई दृष्टिगत गरी यस भूखण्डका सम्भ्रान्त वर्ग लक्षित बहुमूल्य वस्तुहरू मसला र सम्भ्रान्त वर्गलक्षित बहुमूल्य वस्तुहरू मसला, प्रशोधित पानी, जडीबुटी, कार्पेटलगायत वस्तु निर्यात गर्ने रणनीति अंगीकार गरिनु आवश्यक रहेको छ । हिमालयको जलवायुमा उत्पादित तयारी खाद्य उत्पादन, फलफूल, तरकारीलगायत वस्तु पनि मध्यपूर्वको भूखण्डलक्षित निर्यात रणनीतिभित्र समावेश गरिनु आवश्यक देखिन्छ । मध्यपूर्वका देशहरू आफ्ना देशलाई सिंगापुर वा हङकङजस्तो पोर्ट सिटीका रूपमा विकास गर्दै अन्तरराष्ट्रिय व्यापारको मियोका रूपमा रूपान्तरण गर्दै छन् । यस अवस्थामा प्राचीन समयमा झैं दक्षिण एशियाका सामान अरब देश हुँदै यूरोप जाने अभ्यासको पुनरावृत्ति हुने स्पष्ट संकेतहरू देखिन थालेका छन् । यस परिवेशलाई समेत दृष्टिगत गरी मध्यपूर्वका यी अभ्यासको पृष्ठपोषण हुने गरी नेपालको निर्यात रणनीति अंगीकार गरिनु आवश्यक छ । विशेषगरी गुणस्तर प्रमाणीकरणमा देशभित्र व्याप्त आलस्य र लबिइङमा कमी रहेको परिप्रेक्ष्यमा नेपाली कृषिजन्य उत्पादन मध्यपूर्वमा एक चरण प्रशोधन वा ब्रान्डेड भई यूरोप र अमेरिकी गोलार्द्धमा निर्यात हुने नयाँ शृंखलाको विकास हुने वाणिज्य नीतितर्फ पनि हाम्रो ध्यान जानु आवश्यक छ । यस्तै यस भूखण्डमा पर्यटन, व्यक्तिगत सुरक्षा सेवा, सभासम्मेलन, आईटी बीपीओ, व्यवस्थापन र एरोनोटिक्स सेवाको नेपालबाट निर्यात गर्नेतर्फ हाम्रो विशेष ध्यान जानु आवश्यक देखिन्छ । यसै गरी सहलाभको सिद्धान्तमा आधारित रही यस भूखण्डबाट नेपालले सन् १९९० अघिको अभ्यासलाई निरन्तरता दिँदै पेट्रालियम पदार्थ तथा तिनका सहउत्पादनहरूको आयात प्रवर्द्धन गर्न रणनीति अंगीकार गरिन आवश्यक छ । यस्तै नेपाली पर्यटकलाई मध्यपूर्व भ्रमण गर्न प्रोत्साहित गर्ने गरी नेपालको पर्यटन सेवाको आयातको रणनीति पनि समानान्तर रूपमा तर्जुमा हुन जरुरी देखिन्छ ।

**(ङ) पश्चिमी यूरोपेली भूखण्ड**

पश्चिमी यूरोप नेपालको परम्परात निर्यात गन्तव्यका रूपमा रहेको छ । यस भूखण्डमा हुने नेपालको वैदेशिक व्यापारको आकार त्यत्ति विशाल नभए तापनि व्यापार सन्तुलनका दृष्टिबाट यो भूखण्ड नेपालका लागि लाभदायक क्षेत्रमा रूपमा रहिआएको छ । नेपालले अंगीकार गरेको देशगत विविधीकरणको नीतिमा यस भूखण्डलाई श्रमप्रधान हस्तनिर्मित वस्तु तथा र नगदेबालीका उत्पादनहरूको गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य राखिएको थियो । आज पनि यस परिदृश्य यथावत् रहेको छ । नेपालले यस भूखण्डको निर्यात रणनीति बनाउँदा यस पक्षलाई विशेष टिपोटमा राख्नु आवश्यक छ । यस्तै यस भूखण्डमा नेपालको सेवा व्यापार निर्यातमा पर्यटनलाई प्रमुख स्रोत र आईटी सेवालाई दोस्रो स्रोतका रूपमा राखी निर्यात रणनीति बनाउन वाञ्छनीय देखिन्छ । यस्तै सहलाभको सिद्धान्तबमोजिम यस भूखण्डबाट नेपालले वस्तुतर्फ मेशिनरी, घडी, मदिरा, अत्तर, हवाई जहाज, खोप, पर्यटनलक्षित खाद्य परिकार, चिकित्सीय उपकरण तथा सेवा व्यापारतर्फ शिक्षा व्यापारको आयातलाई प्रोत्साहित हुने नीति अंगीकार गरिनु आवश्यक छ ।

**(च) उत्तरी अमेरिका भूखण्ड**

नेपालको परम्परात निर्यात गन्तव्यका रूपमा रहेको छ । यस उत्तर अमेरिकी भूखण्डमा हुने नेपालको वैदेशिक व्यापारको आकार त्यत्ति विशाल नभए तापनि व्यापार सन्तुलनका दृष्टिबाट यो भूखण्ड नेपालका लागि लाभदायक क्षेत्रमा रूपमा रहिआएको छ । नेपालले अंगीकार गरेको देशगत विविधीकरणको नीतिमा यस भूखण्डलाई श्रम प्रधान हस्तनिर्मित वस्तु तथा र नगदेबालीका उत्पादनहरूको गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य राखिएको थियो । आज पनि यो परिदृश्य यथावत् रहेको छ । नेपालले यस भूखण्डको निर्यात रणनीति बनाउँदा यस पक्षलाई विशेष टिपोटमा राख्नु आवश्यक छ । यस्तै यस भूखण्डमा नेपालको सेवा व्यापार निर्यातमा पर्यटनलाई प्रमुख स्रोत र आईटी सेवालाई दोस्रो स्रोतका रूपमा राखी निर्यात रणनीति बनाउन वाञ्छनीय देखिन्छ । यस्तै सहलाभको सिद्धान्तबमोजिम यस भूखण्डबाट नेपालले वस्तुतर्फ खाद्य नट्स, भटमास, खोप, चिकित्सा सामग्री, हवाईजहाज, कोइला तथा सेवा व्यापारतर्फ शिक्षा व्यापारको आयातलाई प्रोत्साहित हुने नीति अंगीकार गरिनु आवश्यक छ ।

**(छ) अफ्रिकाको दक्षिणी भूखण्ड**

अफ्रिकाको दक्षिणी भूखण्ड नेपालको वैदेशिक व्यापारमा मूलप्रवाहीकरण हुन नसकेको खण्डका रूपमा रहेको पाइन्छ । दक्षिण अफ्रिकाबाहेक यस भूखण्डका अन्य मुलुकसँग नेपालको वैदेशिक व्यापार नगण्य मात्रामा रहेको रहेको छ परन्तु सम्भावनाहरू भने नगण्य छैनन् । उपर्युक्त पृष्ठभूमिमा यस भूखण्डलाई पनि नेपालको वैदेशिक व्यापारको मूलप्रवाहसँग जोड्न यस क्षेत्रमा खोप (पशु) र औषधि निर्यातमा नेपालको ध्यान जानु आवश्यक छ । यसैगरी आयाततर्फ यस भूखण्डबाट सुन, हीरालगायत अन्य बहुमूल्य पत्थर आयात गर्नु नेपालका लागि लाभदायक देखिन्छ । सेवा व्यापारतर्फ यस क्षेत्रमा निर्माण सेवाको निर्यात र खेलकुद प्रशिक्षण सेवाको आयातमा विशेष ध्यान दिनु आवश्यक छ ।

**(ज) दक्षिण अमेरिका**

दक्षिण अमेरिकी भूखण्ड पनि नेपालको निर्यात व्यापारको मूलप्रवाहीकरणमा नपरेको क्षेत्रका रूपमा चिनिन्छ । नेपालमा कुखुरा उद्योगको विकास तथा खाद्य तेलको निकासीको नयाँ आयामहरू विकास हुँदै गर्दा कृषिजन्य भटमास, मकैजस्ता कृषिजन्य वस्तुहरू आयात हुँदै गर्दा यस क्षेत्रमा निर्यातको आँकडा भने अन्यन्त सानो छ । यस परिस्थितिमा यस भूखण्डमा वस्तु निर्याततर्फ प्रशोधित दुग्ध पदार्थ, शृंगारका सामग्री तथा सेवा निर्याततर्फ आईटी बीपीओ पर्यटन र वस्तु आयाततर्फ औद्योगिक प्रयोजनका मकैभटमास लगायतका वस्तुहरू सेवा आयातमा फुटबल खेलकुद प्रशिक्षण सेवालाई प्राथमिकतामा राखी यस भूखण्डलाई पनि नेपालको व्यापारको मूल प्रवाहमा ल्याउनु जरुरी छ ।

**(झ) अस्ट्रेलियाली भूखण्ड**

प्रशान्त महासागरको उदीयमान आर्थिक शक्तिको महत्त्वपूर्ण यस भूखण्डको नेपालको निर्यात रणनीतिमा वस्तुतर्फ हस्तनिर्मित श्रमप्रधान हस्तनिर्मित उत्पादनहरू तथा सेवातर्फ पर्यटन तथा निर्माण सेवाको व्यापार प्रवर्द्धन रणनीति अंगीकार गर्न आवश्यक हुन्छ । यस्तै सहलाभमा आधारित रही यस भूखण्डबाट आयाततर्फ दलहन, कोइला र सेवा व्यापारतर्फ शिक्षासेवाको आयातमा हाम्रो विशेष पहल हुन आवश्यक देखिन्छ ।

**(ञ) नेपाली र दक्षिण एशियाली बासिन्दाको बसोवास खण्ड**

उपर्युक्त सातैओटा भूखण्डमा नेपाली मूल र दक्षिण एशियाली मूलका जनताको ठूलो उपस्थिति रहेको छ । यी दुईथरी वर्गको चाहनाबमोजिम उनीहरूको परम्परागत स्वाद र रुचिलाई सम्बोधन हुने खालका वस्तु निर्यात गर्ने छुट्टै स्कीम सञ्चालन गर्न पनि त्यत्तिकै जरुरी छ ।

**सार**

यसरी उपर्युक्त बेहोराअनुसार नेपालको वैदेशिक व्यापारको भूखण्डगत र भूखण्डभित्रको देशगत रणनीति तर्जुमा गरी अघि बढ्ने हो भने नेपालको आर्थिक अवस्थामा चामत्कारिक रूपान्तरणसहितको स्तरोन्नति हुने निश्चित छ ।

### सहलाभमा आधारित वैदेशिक व्यापार रणनीति तालिका

| प्राचीन नाम | आधुनिकनाम | नेपालको निर्यात रणनीति वस्तु | नेपालको निर्यात रणनीति सेवा | नेपाल आयात रणनीति | नेपालको आयात रणनीति सेवा |
|---|---|---|---|---|---|
| मेरू | अफ्रिकाको दक्षिणी भूखण्ड | खोप र औषधि | निर्माण | सुन, हीरा, बहुमुल्य पत्थर | खेलकुद प्रशिक्षण |
| मय | उत्तरी अमेरिका | श्रमप्रधान हस्तनिर्मित उत्पादनहरू | आइटी बीपीओ पर्यटन र व्यक्तिगत सुरक्षा | खाद्य नट्स, भटमास, चिकित्सा सामग्री, हवाईजहाज, कोइला | शिक्षा |
| अंग | दक्षिण अमेरिका | प्रशोधित दुग्ध पदार्थ, शृंगारका सामग्री | आईटी बीपीओ पर्यटन, | मकै | खेलकुद प्रशिक्षण |
| चीन | चिनियाँ सभ्यता | जडीबुटी, कफी, मूर्ति | पर्यटन | मेशिनरी, विद्युतीय उपकरण, गाडी | शिक्षा र पर्यटन |
| अरब | मध्यपूर्व | मसला, प्रशोधित पानी, जडीबुटी, कार्पेट सम्भ्रान्त वर्गलक्षित बहुमूल्य वस्तुहरू र तयारी खाद्य उत्पादन, फलफूल, तरकारी | पर्यटन, सभा सम्मलेन, आइटी बीपीओ, व्यवस्थापन र एरोनोटिक्स सेवा | पेट्रालियम पदार्थ तथा बाईप्रडक्ट | पर्यटन |
| स्कन्द | स्लाभिक सभ्यता र सो को परिवृत्तका देशहरू | चिया | पर्यटन | कपास, गहुँ, तोरी, रासायनिक मल, कृषिऔजार | शिक्षा र पर्यटन |
| आर्यावर्त | दक्षिण एशिया | औद्योगिक कच्चापदार्थ र तिनका अर्धप्रशोधित कच्चा पदार्थ, बस ट्रक | पर्यटन र सभा सम्मेलन, जुवा (क्यासिनो) र व्यक्तिगत सुरक्षा | औद्योगिक कच्चापदार्थ र मशिनरी तथा टुल्स सुक्खा मौसमका फलफूल, धातु, चामल | मर्मत सम्भार, शिक्षा |
| इरा | पश्चिम एशिया | श्रम प्रधान हस्तनिर्मित उत्पादनहरू, तथा नगदेवाली | पर्यटन, | मेशिनरी, घडी, मदिरा, अत्तर, हवाई जहाज, खोप, पर्यटन लक्षित खाद्य परिकार, चिकित्सकीय उपकरण | शिक्षा |
| उषा | अष्ट्रेलिया | श्रमप्रधान हस्तनिर्मित उत्पादनहरू | पर्यटन | दलहन, कोइला | शिक्षा, निर्माण सेवा |
| साझा खण्ड | नेपाली र दक्षिण एशियाली बासिन्दाको बसोबास खण्ड | परम्परागत स्वाद र शैलीका उत्पादनहरू | पर्यटन | | सबैप्रकारका सेवाहरू |

*(प्राचीन नामको स्रोत : एटीमोलोजी अनलाइन डटकम, विकिपिडिया, आईटीसी ट्रेडम्याप र भन्सार विभागबाट प्रकाशित वैदेशिक व्यापार)*

*लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका वरिष्ठ अधिकृत हुन् ।*

**सच्याइएको**

**आर्थिक अभियान दैनिकको सोमवार प्रथम पृष्ठमा प्रकाशित 'ठूलो ग्यास सिलिन्डर ल्याउने विषयमा अध्ययन हुँदै' शीर्षकको समाचारमा होटेल व्यवसायी महासंघ नेपालका वर्तमान अध्यक्ष दिनेशकुमार चुके हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । -सम्पादक**

बाँकी पृष्ठ १ बाट ...

**अर्बौंको अनियमितता ...**

यस्तै, विमानस्थलभित्र २ लाख २० हजार अमेरिकी डलरमा इन्धन भण्डारण निर्माण गर्ने उल्लेख गरिएको तर त्यो काम नभएको प्रतिवेदनमा उल्लेख छ ।

महालेखा परीक्षकको ६०औं वार्षिक प्रतिवेदनअनुसार धावनमार्गको उचाइ २० फिट घटाउँदा निस्केको ग्राभेल मिसिएको ढुंगामाटो उक्त धावनमार्गमै प्रयोग गरेको उपसमितिको भनाइ छ । निर्माण व्यवसायीले रोयल्टी तिरेर ढुवानी गरेर ल्याउनुपर्ने सबबेसको उपलब्धता साइटमा नै भएकाले व्यवसायीले बाह्य खरीद एवं ढुवानी गर्नुपर्ने अवस्था उल्लेख गरेको २ लाख २० हजार ८२८ घनमीटर सबबेसको ८० लाख ६४ हजार २१८ अमेरिकी डलर बचत हुने गरी आयोजनाले डिजाइन स्वीकृत गरेको र उक्त कार्यबाट व्ययभार आयोजनाले बोक्ने तर फाइदा ठेकेदारलाई हुने देखिएको उपसमितिको प्रतिवेदनमा उल्लेख छ ।

'प्राविधिक रूपमा उक्त स्थानको ग्राभेल र माटो मिसिएको सामग्रीको प्रयोग र निर्माण व्यवसायीलाई फाइदा एवं आयोजनालाई व्ययभार पर्ने गरी डिजाइन स्वीकृत गरिनुले शंका उत्पन्न भएको छ,' उपसमितिको प्रतिवेदनमा भनिएको छ, 'एयरबसको वेबसाइटबाट एयरबस ३२० को उडान क्षमता उपकरणसहित ७७ टन रहेको देखिन्छ । रनवेको हाइट घटी हुनुलगायत कारणले अन्तरराष्ट्रिय उडानका लागि डिजाइन भएको ३२० एयरबसले उडान गर्दा तौल पेलोड पेनाल्टी यो विमानस्थलमा (औसत २७ डिग्री तापक्रमलाई आधार मान्दा) ७ देखि १० टन घटाएरमात्र उडान गर्नुपर्ने देखिएको छ । यसले हवाई व्यवसायीको आय एवं राजस्वमा समेत प्रभाव पर्ने अवस्था रहेको छ ।'

प्रतिनिधिसभाको सोमवारको बैठकमा 'नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक' माथिको सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री पाण्डेले विमानस्थल निर्माण र एयरक्राफ्टसँग सम्बद्ध भ्रष्टाचारका मुद्दामा सम्बन्धित निकायहरूले अध्ययन गरिरहेको र प्रतिवेदनपछि आवश्यक कारबाही थालिने प्रतिबद्धता व्यक्त गरे ।

उपसमितिको प्रतिवेदनमा निर्माणको सबै प्रक्रिया हुँदा महानिर्देशक प्रदीप अधिकारी नै 'उठान निर्णय र कार्यान्वयनको समयमा आयोजना प्रमुख रहेको' पनि प्रतिवेदनमा जनाइएको छ। प्रतिवेदन बुझ्दै समिति सभापति पोखरेलले पूर्ण प्रतिवेदनमाथि समितिको आगामी बैठकमा छलफल हुने बताए । समितिको बैठकबाट भएका निर्णय, निर्देशन नै अन्तिम हुने पनि उनको भनाइ थियो ।

विमानस्थलको सम्भाव्यता अध्ययनदेखि निर्माण सम्पन्न हुँदासम्मको नीतिगत, प्रक्रियागत र कार्यान्वयनमा संलग्न जिम्मेवारी प्राप्त सम्पूर्ण निर्णयकर्ता पदाधिकारी, कर्मचारी र प्राधिकरणका पदाधिकारीलाई कारबाही हुनुपर्ने उपसमितिको निष्कर्ष छ ।

प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी (२०७१ देखि ७४ सम्म पोखरा विमानस्थलको आयोजना प्रमुख, २०७८ माघ १७ देखि हालसम्म नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक) र पोखरा अन्तरराष्ट्रिय विमानस्थल आयोजनाका प्रमुख विनेश मुनांकर्मी (२०७४ देखि हालसम्म) लाई तत्काल निलम्बन गरी शीघ्र छानबिन, अनुसन्धान गरी कानूनबमोजिम हदैसम्म कारबाही गर्न/गराउन अख्तियार र सम्पत्ति शुद्धीकरण विभागलाई निर्देशन दिनुपर्ने उपसमितिको सिफारिश छ ।

कारबाहीका लागि सिफारिश गर्नुपर्ने बाँस्कोटा, अमनलाल मोदी, अर्जुननरसिंह केसी, प्रेमबहादुर आले, रामकृष्ण यादव, तारा लामा, देवप्रसाद तिमिल्सेना र दीपक गिरी सदस्य थिए । उपसमितिको प्रतिवेदनमा संयोजकसहित ८ सांसदले सबै विषयमा समर्थन जनाउँदै हस्ताक्षर गरेका छन् भने बास्कोटासहित अन्य केही सांसद्ले फरक मत राखेका छन् ।

## छानबिन उपसमितिले फेला पारेका १० तथ्य

- धावनमार्गको माटो परीक्षण पर्याप्त समय नदिई सम्पन्न
- सिमेन्ट र कंक्रिटको 'रनवे', 'ट्याक्सी वे पेभमेन्ट' र 'एरो ब्रिज' लगायत संरचना शुरूको सम्झौता र डिजाइनविपरीत थप गर्नुपर्नाको कारण र औचित्य पुष्टि भएन
- मुख्य एग्रिमेन्टमा भएको 'एडिसनल आइटम' अमेरिकी डलर १ करोड ५२ लाख ३० हजार रहे पनि अन्तिम बिलमा 'एडिसनल' रकम २ करोड ४ लाख ३६ हजार ९६० रहेको
- विमानस्थलमा माटोका लागि २ करोड २२ लाख ५४ हजार २१८ डलर अनियमितता
- धावनमार्गको उचाइ घटाउँदा निस्केको ग्राभेल मिसिएको ढुंगा, माटोको काममा पनि अनियमितता
- सम्पूर्ण निर्माण सम्पन्न नहुँदै नागरिक उड्डयन प्राधिकरणबाट 'ह्यान्डओभर सर्टिफिकेट' प्रदान
- विमानस्थलभित्र २ लाख २० हजार अमेरिकी डलरमा इन्धन भण्डारण निर्माण गर्ने उल्लेख गरे पनि त्यो काम नै नभएको
- मूल सम्झौताको प्रावधानविपरीत योजनाबद्ध तरीकाले २ अर्ब २२ करोड ४० लाख कर छूट
- विमानस्थलको सम्भाव्यता अध्ययनदेखि निर्माण सम्पन्न हुँदासम्मको नीतिगत, प्रक्रियागत र कार्यान्वयनमा संलग्न जिम्मेवारी प्राप्त सम्पूर्णलाई कारबाही गर्न सिफारिश
- अब पोखरा विमानस्थल पूर्ण सञ्चालनयोग्य बनाएर मात्र व्यावसायिक सञ्चालन गर्नुपर्ने

विश्वका अन्य देशमा दुवै रनवेबाट टेकअफ र ल्यान्डिङ हुने व्यवस्था रहे पनि यस विमानस्थलमा 'पोखरा ३.०' रनवेबाट मात्र टेकअफ र ल्यान्डिङ हुने अवस्था रहेको प्रतिवेदनमा उल्लेख छ । उपसमितिले ठेक्का प्रक्रियाको प्रारम्भमै अनियमितता र भ्रष्टाचार भएको, निर्माणका क्रममा आर्थिक र प्राविधिक दृष्टिकोणले पनि व्यापक अनियमितता भएको, सार्वजनिक खरीद ऐन तथा प्रचलित मान्यताविपरीत भ्रष्टाचारलाई वैधता प्रदान गर्ने मनसायले तीन सदस्यीय कार्यदल गठन गरी लागत अंक वृद्धि गर्न नीतिगत निर्णय भएको भेटेको छ ।

मूल सम्झौताको प्रावधानविपरीत कर छूट दिएर आर्थिक अनियमितता गर्ने मनसायबाट नयाँ कार्यान्वयन सम्झौता गरी पटकपटक नागरिक उड्डयन प्राधिकरण, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अर्थ मन्त्रालयले मास्टर लिस्टका आधारमा २ अर्ब २२ करोड ४० लाख रुपैयाँ आर्थिक अनियमितता भएको छ ।'

साथै कर छूट दिने सम्बन्धमा यसको औचित्य एवं सैद्धान्तिक आधार के कस्तो थियो भनी समितिले पत्राचार गर्दा समेत त्यस सम्बन्धमा अर्थ मन्त्रालयले कुनै जानकारी नदिएको उपसमितिले प्रतिवेदनमा लेखेको छ ।

प्रतिवेदन बुझाउँदै संयोजक लिङ्देनले गरिनुपर्ने काम नगरिएको, योजनाबद्ध तरीकाले २ अर्ब २२ करोड ४० लाख रुपैयाँ कर छूट दिएको र यस्तो अनियमितता धेरै देखिएको बताए । उपसमितिले किन कार्यान्वयनमा रहेका कर्मचारीलाई मात्रै कारबाहीको सिफारिश गरेको भन्ने पत्रकारहरूको प्रश्नमा उनले भने, 'प्रत्यक्ष र हस्ताक्षरमा रहेका मानिसहरू सिफारिश गरिएको हो । यसको मतलब अन्यले उन्मुक्ति पाउँछन् भनेको होइन । हामीले थप अनुसन्धान गर भनेका छौं ।'

पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलमा चरम भ्रष्टाचार भएको अध्ययनले देखाएपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले उड्डयनको क्षेत्रमा भइरहेको भ्रष्टाचार नियन्त्रण र दोषीलाई आवश्यक कारबाही गर्न कुनै पनि कसर बाँकी नराख्ने बताएका छन् ।

अन्यमा राष्ट्रिय गौरव आयोजनाका निर्देशक चाँदमाला श्रेष्ठ, आयोजनाका इन्जिनीयर प्रवीण न्यौपाने, आयोजनाका प्रशासन प्रमुख राजेन्द्रप्रसाद पौडेल, प्राधिकरणका निर्देशक इन्जिनीयर बाबुराम पौडेल, प्राधिकरणका पूर्वमहानिर्देशकहरू सञ्जीव गौतम, राजन पोखरेल र संलग्न अन्य बहालवाला पदाधिकारी छन् ।

पोखरा विमानस्थल निर्माणको लागत बढाइएको विषयमा अख्तियारमा परेको उजुरी १२ चैत २०७० मा तामेलीमा राखिएकोलाई 'नोटिस'मा लिइएको उपसमितिले बताएको छ । पोखरा विमानस्थललाई अन्तरराष्ट्रिय विमानस्थलका रूपमा निर्माण गर्न ११ मङ्सिर २०६८ मा अर्थ मन्त्रालयले नागरिक उड्डयन प्राधिकरणलाई स्वीकृति दिएको थियो । यो विमानस्थल इन्जिनीयरिङ, प्रोक्योरमेन्ट एन्ड कन्स्ट्रक्शन (ईपीसी) मोडलमा निर्माण गरिएको हो ।

चीनले विमानस्थल निर्माणका लागि एक्जिम बैंकमार्फत सहुलियत ऋण दिने र चिनियाँ निर्माण कम्पनीले मात्र प्रतिस्पर्धा गर्न पाउने शर्तमा निर्माण अघि बढाइएको थियो । विमानस्थल निर्माणका लागि प्राधिकरण र चिनियाँ कम्पनी सीएएमसी इन्जिनीयरिङबीच करीब २२ अर्ब रुपैयाँको ठेक्का सम्झौता ८ जेठ २०७१ मा भएको थियो । निर्माण सम्पन्न भएको ७ वर्षसम्म ब्याजमात्र र ७ वर्षपछि शुरू गरेर अर्को १३ वर्षसम्म २६ किस्तामा बाँकी साँवाब्याज चुक्ता गर्ने सम्झौतामा उल्लेख छ ।

ठूलो मात्रामा ऋण लिई निर्माण गरिएको विमानस्थल भए पनि त्यहाँबाट हिमालय एयरलाइन्सले मात्र केही समयअघि नियमित उडान शुरू गरेको छ । विमानस्थल २ वर्षअघि नै उद्घाटन गरिएको थियो । अन्य अन्तरराष्ट्रिय वायुसेवा कम्पनीहरू उडान सञ्चालन गर्न तयार नहुँदा अर्बौं रुपैयाँ खर्चेर बनाइएको उक्त विमानस्थल सेतो हात्ती हुने सम्भावना बलियो भएर गएको छ ।

लिङ्देनको संयोजकत्वमा पोखरा विमानस्थलको अनियमितताबारे छानबिन गर्न सार्वजनिक लेखा समितिले २०८१ जेठमा उपसमिति गठन गरेको थियो । उपसमितिमा जनार्दन शर्मा, गोकुलप्रसाद

**प्राधिकरण अझै ...**

'तर, आयकर ऐनको प्रावधानअनुसार कर प्रयोजनका लागि विगत १२ वर्षको नोक्सानी समायोजन र एक्सलेरेटेड डिप्रिसिएशनको दाबीसहितको नाफानोक्सान गणना गर्दा हालसम्म कुल ५ अर्ब २६ करोड रुपैयाँ नोक्सानीमै रहेको देखिन्छ,' प्रतिवेदनमा उल्लेख छ ।

घिसिङले भने कर लेखापरीक्षण नै नभएको तर त्यही कुरा श्वेतपत्रमा उल्लेख गरेर विवाद निम्त्याउन खोजेको बताए । कर लेखापरीक्षण फाइनल नभएकाले यस्तो देखिएको उनको तर्क छ ।

'महालेखाले गरेको अडिट नेपाल फाइनान्सियल रिपोर्टिङ स्टचान्डर्डस् (एनएफआरएस) अनुसार गरेको हो । त्यसमा ह्रास कट्टी कति हुने भन्ने कुरा निश्चित गरिएको हुन्छ । कर प्रयोजनका लागि छुट्टै लेखापरीक्षण हुन्छ,' घिसिङले आर्थिक अभियानसँग भने । '३३ प्रतिशत सम्म ह्रासकट्टी बटमलाइन छ । कम नाफा देखाएर पनि ट्याक्समा जान पाइन्छ । ट्याक्स अडिट र नाफा अडिट छुट्टै हुन्छ । प्राधिकरणको वास्तविक नाफा भनेको ४६ अर्ब रुपैयाँ नै हो ।'

कर लेखापरीक्षण अझै टुंगोमा नपुगको भन्दै उनले आव २०७५/७६ सम्मको मात्रै टुंगोमा पुगेको बताए । आव २०८०/८१ सम्मको कर लेखापरीक्षण हुन बाँकी रहेको उनको दाबी छ । 'अग्रिम कर भनेर हामीले ११ अर्ब पहिल्यै जम्मा गरेर राखेका छौं । कर कायम भएपछि त्यो पैसा कट्छ । हाम्रो वास्तविक नाफा भनेको हाम्रो ब्यालेन्स सिटमा जे आयो त्यही हो । महालेखाले पनि यही देखाएको छ,' उनले दाबी गरे ।

श्वेतपत्रमा उल्लेख भएअनुसार २०८१ फागुनसम्म डेडिकेटेड फिडर तथा ट्रंक लाइनतर्फको २३ अर्ब ४४ करोडसहित प्राधिकरणको जम्मा बक्यौता ४४ अर्ब ५४ करोड रुपैयाँ छ। नेपाल सरकारबाट कोभिड छूट, चिस्यान केन्द्रलगायत शीर्षकमा दिइएको छूटबापतको १४ अर्ब १० करोड रुपैयाँ बराबरको रकम शोधभर्ना प्राप्त गर्न बाँकी छ। यसरी डेडिकेटेड फिडर तथा ट्रंक लाइनतर्फको र अन्यसहित बक्यौता जम्मा ३२ अर्ब ५ करोड रुपैयाँ रहेको छ भने बाँकी १२ अर्ब ४९ करोड रुपैयाँ नियमिततर्फको बक्यौता छ। यी बक्यौता रकमहरू आयमा समावेश गरिएको प्रतिवेदनमा उल्लेख छ।

घिसिङले भने उठ्न बाँकी रकम प्राधिकरणको खातामा आउने भएकाले त्यो आउँछ भनेर राखेको दाबी गरे । 'बाँकी बक्यौता उठाउन खोज्दा सरकार नै लागेर उठाउन नदिने अनि किन नाफा देखाएको भन्न पाइन्छ ? नेपाल सरकारले नै प्राधिकरणको आयस्रोतमा यति उठ्छ, विदेशबाट अनुदान यति आउँछ भनेर बजेट बनाउँछ,' उनले भने ।

त्यसैगरी प्रतिवेदनमा बक्यौता उठ्ने सुनिश्चित नभई घाटा बजेट बनाएकाले प्राधिकरणले अल्पकालीन कर्जा लिनुपर्ने बाध्यता आइपरेको श्वेतपत्रमा उल्लेख छ।

आव २०८१/८२ को लागि प्राधिकरणको प्रक्षेपित आयको स्रोत १ खर्ब ९९ अर्ब २ करोड रुपैयाँ छ तर स्वीकृत बजेट २ खर्ब २८ अर्ब ७७ करोडको रुपैयाँ छ ।

यसमध्ये नेपाल सरकारबाट विगतमा शोधभर्ना पाउनुपर्ने रकम १४ अर्ब १० करोड रुपैयाँ रातो किताबमा समावेश नभएकै अवस्थामा समेत प्राधिकरणको बजेटमा समावेश गरिएको छ । त्यस्तै डेडिकेटेड फिडर र ट्रंक लाइनतर्फको बक्यौतासमेत अनुमानित आयमा समावेश गरी बजेट कायम भएको छ । यसरी २९ अर्ब ७५ करोड रुपैयाँ बजेट स्रोतको व्यवस्था नभएको देखिन्छ । स्वीकृत बजेटमा प्रस्तावित नगद प्रवाहको अनिश्चितता हुँदाहुँदै स्रोतभन्दा बढी निर्माण कार्य अघि बढेबाट प्राधिकरणलाई नगद संकट उत्पन्न भएको श्वेतपत्रमा उल्लेख छ । 'त्यसको परिपूर्तिका लागि १० अर्ब रुपैयाँसम्म अल्पकालीन ऋण लिने प्रक्रिया अगाडि बढेको छ,' प्राधिकरणले भनेको छ ।

साथै प्रक्षेपित आयमा विद्युत् विक्रीको अनुमान पनि बढी भएको र गत असोजको बाढीबाट विभिन्न उत्पादन केन्द्रमा भएको क्षतिका कारण निर्यात घटेको र आन्तरिक विक्रीसमेत कम हुन गएबाट वास्तविक विक्री करीब १८ अर्ब रुपैयाँ न्यून हुन जाने प्राधिकरणले बताएको छ ।

तर, घिसिङले बक्यौता उठाउन नदिने अनि स्रोत सुनिश्चित भएन भन्न नपाइने तर्क गरे । उनले भने, 'यसको मतलब डेडिकेटेड फिडर र ट्रंक लाइनबापतको बक्यौता सरकारले नउठाउने देखियो । उक्त बक्यौता नउठाउनकै लागि मलाई हटाइएको हो ।'

**हायर पर्चेज ...**

यसअघि हायर पर्चेज कम्पनीहरूले सवारीसाधन खरीदमा ८० प्रतिशतसम्म ऋण दिँदै आएका थिए । अब भने सबै प्रयोजनका विद्युतीय सवारीसाधन र निजी प्रयोजनका व्यक्तिगत अन्य सवारीसाधनमा मूल्यको ६० प्रतिशत मात्र कर्जा दिन पाउनेछन् ।

राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत बैंक, वित्तीय संस्थाले पनि व्यक्तिगत सवारीसाधन खरीदमा लागि मूल्यको ६० प्रतिशत मात्र कर्जा दिन पाउने व्यवस्था गरेको थियो । बैंकहरूले विद्युतीय सवारीसाधनमा ८० प्रतिशतसम्म कर्जा दिँदै आएकोमा राष्ट्र बैंकले घटाएपछि व्यवसायीले विरोध गर्दै आएका छन् ।

# स्वदेशी औषधिको मूल्य १७ वर्षदेखि समायोजन भएन

चितवन । नेपालमा उत्पादित औषधिको मूल्य १७ वर्षदेखि समायोजन हुन नसक्दा उद्योग सञ्चालनमा समस्या देखिएको छ । आयातित औषधिको बाहुल्य हुँदा स्वदेशी उद्योगहरुले लागत मूल्य पाउन नसकेको र कतिपय उत्पादन नै बन्द गर्नुपरेको बताइएको छ ।

नेपाल औषधि उत्पादक संघका पूर्वअध्यक्ष जीनारायणबहादुर क्षेत्रीका अनुसार ३० भन्दा बढी प्रकारका औषधिको मूल्य १७ वर्षदेखि एउटै छ । उनले भने, 'नेपालमा खुलारूपमा आउने भारतीय त्यही प्रकारका औषधिको मूल्य बढी भए पनि यहाँ उत्पादन भएका औषधि सस्तोमा विक्री गर्नुपर्ने बाध्यता छ । बजारमा बढी माग हुने स्वदेशमा उत्पादित सिटामोल अहिले प्रतिटचाब्लेट १ रुपैयाँमा र जीवनजल प्रतिप्याकेट १० रुपैयाँमा विक्री गर्नुपर्छ । अरु उत्पादनको पनि यही समस्या छ ।' उनका अनुसार यी औषधि लागत मूल्यभन्दा कममा विक्री गर्न व्यवसायी बाध्य छन् ।

१७ वर्षको अवधिमा उद्योग स्थापनाका लागि आवश्यक जग्गाको मूल्य, कच्चा पदार्थको मूल्य, बैंकको ब्याज, डलरको भाउ, प्याकेजिङको मूल्य, जनशक्तिको पारिश्रमिकलगायत धेरै गुणा वृद्धि भए पनि औषधिको मूल्य नबढेको पूर्वअध्यक्ष क्षेत्रीले गुनासो गरे ।

छिमेकी देश भारतमा समय समयमा औषधिको मूल्य समायोजन हुन्छ । तर, यहाँ लामो समयसम्म समायोजन हुन नसक्दा उद्योगहरु संकटमा परेको उनी बताउँछन् । यससँगै खुलारुपमा विदेशबाट औषधि आउँदा यहाँका उद्योग मारमा परेका छन् । केही वर्षअघि सरकारले

**नेपाल औषधि उत्पादक संघका पूर्वअध्यक्ष जीनारायणबहादुर क्षेत्रीका अनुसार ३० भन्दा बढी प्रकारका औषधिको मूल्य १७ वर्षदेखि एउटै छ ।**

३० प्रकारका आत्मनिर्भर औषधि आयातमा प्रतिबन्ध लगाउन प्रयास गरे पनि सफल हुन नसकेको बताइएको छ ।

उनले भने, '१० भन्दा बढी नेपाली उद्योगले उत्पादन गर्ने औषधि पनि बाहिरबाट ल्याएपछि यहाँका उद्योग कसरी टिक्छन् ?'

नेपाल औषधि उत्पादक संघका अध्यक्ष महेश प्रधान १७ वर्षदेखि औषधिको मूल्य समायोजन हुन नसक्नु, देशकै उद्योगले आवश्यक मात्रामा उत्पादन गर्न सक्ने औषधि विदेशबाट ल्याउन दिनु, उद्योग स्थापना गर्दा आयात हुने सामग्रीमा ५६ प्रतिशतसम्म भन्सार तिर्नुपर्ने अवस्था रहनु, सरकारी सहुलियत कुनै क्षेत्रमा नहुनुलगायत कारण यहाँका उद्योग धराशयी बन्दै गएको बताउँछन् ।

उनले नेपालमा सञ्चालनमा आएका ८३ औषधि उद्योगमध्ये ९ ओटा बन्द भएको बताए । उनले भने, 'औषधि व्यवस्था विभागमा दर्ता भएका १८२ मध्ये ८३ ले उत्पादन थालेका थिए । उत्पादन शुरू गरेकाले पनि आधा क्षमतामा मात्रै उत्पादन गरिरहेका छन् ।'

थप २० भन्दा बढी उद्योग अहिले संकटमा पुगेको र राम्रोसँग सञ्चालन भएको भनिएका उद्योगको अवस्था पनि राम्रो नभएको उनले बताए ।

उनले भने, 'हामीले औषधि उद्योगको अवस्था जटिल भएको भन्दै स्वास्थ्य, अर्थ र उद्योगमन्त्री एवं सरोकारवालालाई पटकपटक भनिसकेका छौं ।' छिमेकी देशमा समय समयमा मूल्य समायोजन हुँदा यहाँ वर्षौंसम्म सरकारले ध्यान नदिएको उनको गुनासो छ ।

खोप, इन्सुलिनसहित केही औषधिबाहेक अरु सबै नेपालमा नै उत्पादन हुन्छन् । यहाँ उत्पादन हुने औषधि विदेशबाट आयात रोके ८० प्रतिशतभन्दा बढी नेपाली उत्पादनले धान्ने उत्पादकहरुको भनाइ छ ।

अहिले ५० प्रतिशत हाराहारी स्वदेशी औषधिको बजार छ । यो घट्दो क्रममा छ । नेपालका उद्योग विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार सञ्चालनमा आएको हुँदा गुणस्तरमा विश्व बजारसँग प्रतिस्पर्धा गर्न सकिने उनले बताए । यस्ता उद्योग स्थापना गर्दा एउटामा कम्तीमा ८० करोड रुपैयाँ लगानी हुने गरेको छ, जसमा ७० प्रतिशत हाराहारी बैंकको ऋण हुन्छ ।

विदेशी कम्पनीले नेपालमा आएर बोलपत्रमा सहभागी हुँदा त्यहाँको सरकारले अनुदान समेत दिने गरेको प्रधान बताउँछन् । 'अरु देशमा उद्योग प्रवर्द्धनका लागि राज्यका तर्फबाट सहयोग हुन्छ, हाम्रोमा हुन सकेन,' उनले भने ।

विश्वमै सबैभन्दा सस्तो औषधि भारतमा उत्पादन हुन्छ । त्यही मूल्यमा आफूहरुले उत्पादन गर्न तयार रहेको सरकारलाई बताए पनि माग सुनुवाइ हुन नसकेको अध्यक्ष प्रधानले गुनासो गरे । *रासस*

# कानून नहुँदा मनोरञ्जन क्षेत्रका महिला श्रमिकलाई समस्या



काठमाडौं । मनोरञ्जन क्षेत्रको व्यवस्थापन र यसमा कार्यरत श्रमिक महिलाको संरक्षणका लागि कानून आवश्यक रहेकामा सरोकारवालाले जोड दिएका छन् । रक्षा नेपालले सोमवार आयोजना गरेको 'मनोरञ्जनात्मक क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूको हकहितका लागि कानूनमा भएका व्यवस्थाबारे सरोकारवाला निकायसँग छलफल'मा सहभागीहरूले कानूनको अभावमा यस क्षेत्रमा काम गर्ने महिला श्रमिकलाई कठिनाइ भएको बताएका हुन् ।

रक्षा नेपालका कार्यक्रम व्यवस्थापक देवी थापाका अनुसार मनोरञ्जन क्षेत्र (रेस्टुरेन्ट, डान्सबार र खाजाघर) मा काम गर्ने ५०० महिला श्रमिकबारे सर्वेक्षण गर्दा अधिकांशले रहर नभई बाध्यताले यस क्षेत्रमा काम गर्नुपरेका बताएका छन् ।

यस्तै, श्रमिकहरूले दुई महीनाको दुधे बालक छोडेर काम गर्नुपरेको, श्रीमान्ले छाडेर नागरिकताविहीन भएको, सन्तानको जन्मदर्ता नभएको, कार्यस्थलमा हिंसा भोगेको, यस क्षेत्रमा खुलेर काम गर्ने अवस्था नरहेको पाइएको छ ।

मानव बेचबिखन तथा अनुसन्धान ब्युरोका प्रहरी निरीक्षक कृष्ण बस्यालले मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकसम्बन्धी छुट्टै कानून नभएको र महिला वा बालिका छुट्ट्याउन पनि कतिपय अवस्थामा कठिनाइ हुने गरेको सुनाए । 'रेस्टुरेन्ट, दोहोरी साँझ, खाजाघरमा काम गर्ने महिला श्रमिकलाई त्यस्तो केही गतिविधि देखेर सोध्यो भने हाम्रो कर्मचारी नै होइन भनेर पन्छिन्छन्,' उनले भने, 'कतिपय अवस्थामा महिला वा बालबालिका छुट्ट्याउनै सकिन्न । साना बालिका हुन्छन् । उमेर सोध्यो भने १९ वर्ष भन्छन् । बालिकाको हकमा हामीले नै जाहेरी दिन मिल्छ, महिलाको हकमा फरक कानूनी व्यवस्था छ ।'

जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत रामकुमार तिमिल्सिनाले कानून नभएका कारण यस क्षेत्रमा काम गर्ने महिला श्रमिकलाई सुरक्षित र व्यवस्थित गर्न कठिन भएको र कानून निर्माणका क्रममा केही आवश्यक परेमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अधिवक्ता कमलप्रसाद आचार्यले मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिक महिलाका लागि छुट्टै कानून आवश्यक भएको र कानून निर्माणमा सरोकारवालाले ध्यान दिनुपर्ने आवश्यकता औंल्याए ।

काठमाडौं महानगरपालिका सामाजिक विकास विभागका वरिष्ठ अधिकृत सुनिता श्रेष्ठले महानगरले पनि मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकलाई व्यवस्थित गर्न कार्यविधि बनाउन खोजेको तर तथ्यांक नभएका कारणले केही समस्या भएको जानकारी दिए ।

कार्यक्रमका सहभागीहरूले मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकलाई सुरक्षित र व्यवस्थित बनाउन कानून जरुरी भएकाले यसका लागि सरकार र सरोकार भएका निकायले ध्यान दिनुपर्ने बताए । *रासस*

# 'पारवहनका झन्झटिला प्रावधानले लागत र समय दुवै बढ्यो'

वीरगञ्ज (पर्सा) । वीरगञ्जका व्यवसायीले विदेशी मुलुकबाट वस्तु आयात गर्दा झेल्नुपरेका बाधा, अड्चन फुकाउन कोलकातास्थित नेपाली महावाणिज्य दूतावासलाई अनुरोध गरेका छन् । महावाणिज्य दूतावासले यहाँ आयोजना गरेको कोलकाता, हल्दिया बन्दरगाहबाट वीरगञ्जसम्म हुने अन्तरराष्ट्रिय व्यापार तथा पारवहनका क्रममा नेपाली आयात निर्यातकर्ताले भोग्नुपरेका समस्या विषयक अन्तरक्रियामा व्यवसायीले विदेशी मुलुकबाट सामान आयात गर्दा सामना गर्नुपरेका झन्झटिला प्रक्रिया र उच्च लागत घटाउन अनुरोध गरे ।

नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले नेपाली उद्योगी व्यवसायीले आयात गरेका वस्तु कोलकाता र हल्दिया बन्दरगाहमा प्राथमिकतामा नपर्दा उद्योगी व्यवसायीको समय र लागत दुवै बढेको बताए ।

'यहाँका उद्योगी व्यवसायीले आयात गरेका सामानको ओसारपसार खासै प्राथमिकतामा पर्ने गरेका छैनन्,' उनले भने, 'कोलकातास्थित महावाणिज्य दूतावासलाई आपसी समन्वय र सहकार्य गरेर नेपाली व्यवसायीले आयात गरेका सामानलाई प्राथमिकतामा राख्न अनुरोध गर्दछु ।' अध्यक्ष टेमानीले नेपाल आफैले मालवाहक कार्गो रेल्वे ऱ्याक सञ्चालन गर्नुपर्ने अवस्था सृजना भएको पनि बताए । 'नेपालको आफ्नै कार्गो रेल्वे ऱ्याक भयो भने पक्कै पनि नेपाली उद्योगी व्यवसायीले मगाएका सामानको ओसारपसार प्राथमिकतामा पर्ने थियो,' उनले भने, 'त्यसतर्फ ध्यान दिन जरूरी छ ।'

वीरगञ्ज उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष माधव राजपालले वीरगञ्जको सुक्खा बन्दरगाह, एकीकृत जाँचचौकी र सीमावर्ती शहर रक्सौलको एकीकृत जाँचचौकी खुल्ने समयमा एकरूपता कायम गर्नुपर्ने बताए । 'दुई निकायबीच समयको तालमेल भएको खण्डमा सहज सेवा प्राप्त गर्न सकिन्थ्यो,' उनले भने, 'महावाणिज्य दूतावासले विदेशी मुलुकबाट

**नेपालको आफ्नै कार्गो रेल्वे ऱ्याक भयो भने नेपाली उद्योगी व्यवसायीले मगाएका सामानको ओसारपसार प्राथमिकतामा पर्ने**

आयात तथा निर्यातमा देखिएका प्रक्रियागत झन्झट र लागत एवं समय घटाउनेतर्फ आवश्यक गृहकार्य गर्न आवश्यक भइसकेको छ ।'

कार्यवाहक अध्यक्ष राजपालले पछिल्लो समय विदेशी मुलुकबाट आयात हुने सामानको लागत बढेकाले घटाउनेतर्फ आवश्यक कदम चाल्नुपर्नेमा पनि जोड दिए ।

नेपाल फ्रेट फर्वार्डर्स एसोसिएसनका अध्यक्ष राजेन्द्र संग्रौलाले भारतीय मालवाहक कन्टेनरको मूल्यभन्दा जरीवाना धेरै भएकाले वीरगञ्ज सुक्खा बन्दरगाहको पार्किङमा रित्ता कन्टेनरको चाङ लागेको बताए । 'भारू साढे ४ लाखमा कन्टेनर तयार हुने गर्छ,' उनले भने, 'यहाँ कन्टेनरको भाडा मात्रै १५ लाखभन्दा धेरै आउने भएकाले यहाँ थन्किने समस्या यथावत नै छ ।'

वीरगञ्ज उद्योग वाणिज्य संघका कार्यालय प्रमुख मनोज उपाध्यायले सरकार आफैले कार्गो रेल्वे ऱ्याक सञ्चालन गरेर आत्मनिर्भर हुनुपर्ने सुझाव दिए । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले विदेशी मुलुकबाट वस्तु आयात र स्वदेशबाट निर्यातमा भइरहेको प्रक्रियागत झन्झट र अन्य चुनौती समाधान गर्न यस्ता कार्यक्रम निरन्तर गर्नुपर्ने धारणा राखे । 'यस्ता बहसमूलक कार्यक्रमले उद्योगी व्यवसायीले झेल्नुपरेका समस्या समाधानमा मार्गदर्शनको काम गर्नेछ,' उनले भने ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सबैसँग समन्वय र सहकार्य गरेर आयात र निर्यातमा देखिएका समस्या हल गर्नुपर्ने बताए । कोलकातास्थित नेपाली महावाणिज्य दूतावासका वाणिज्यदूत झक्कप्रसाद आचार्यले आयात र निर्यातमा देखिएका समस्या र चुनौती सम्बोधन गर्नेतर्फ प्रयास गर्ने बताए । 'वाणिज्य दूतावासले आफ्नो क्षेत्राधिकारभित्र पर्ने आयात र निर्यातका क्षेत्रका देखिएका नीतिगत र व्यावहारिक जटिलतालाई सम्बोधन गर्दै आइरहेको छ,' उनले भने, 'प्रक्रियागत, नीतिगत झन्झट र अप्ठ्याराहरूको गाँठो फुकाउने प्रयास गरिरहेका छौं ।' *रासस*

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | कम्पनीको केन्द्रीय कार्यालय, तिलोत्तमा, रूपन्देही | वैशाख १९ | ११:०० | ५ | ०.२६३२ | सञ्चालकको मनोनयन, वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख ११ |
| २ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लि. | २०८०/८१ | रानीमहल ब्याड्क्वेट, ज्ञानेश्वर, काठमाडौं | वैशाख २८ | १०:०० | | १५ | वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख १७ |
| ३ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | वैशाख २९ | ११:३० | १३.५ | ०.७१०५२६३१७ | वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख ११ |
| ४ | सेन्ट्रल फाइनान्स लिमिटेड | २०८०/८१ | कम्पनीको केन्द्रीय कार्यालय भवन, कुपण्डोल, ललितपुर | जेठ ४ | १०:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख २२ |
| ५ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल सारथी, धुलिखेल, काभ्रेपलाञ्चोक | जेठ ५ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख २१ |
| ६ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड | २०८०/८१ | अमृतभोग क्याटर, कालिकास्थान, काठमाडौं | जेठ ८ | २:०० | | | सञ्चालकको नियुक्ति/निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख २८ |

## आईपीओ अपडेट

| कम्पनी | ट्रेड टावर लिमिटेड |
|---|---|
| दिन | २०८२ वैशाख १५ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | ३ लाख ९७ हजार १६९ |
| आवेदक संख्या | ४९ हजार ७९२ |
| आवेदन परेको कित्ता | १० लाख ९३ हजार ९८० |
| आवेदन परेको रकम | १० करोड ९३ लाख ९८ हजार |
| निष्कासनको तुलनामा माग | २.७५ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८२ वैशाख २२ गते |
| विक्री प्रबन्धक | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

## नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका 'अन्य' समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | कान्तिपुर टेलीभिजन नेटवर्क लिमिटेड | ७५०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २८ |
| २ | डिस मिडिया नेटवर्क लिमिटेड | १३,५८४,९५५ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार १२ |
| ३ | आइएमई लिमिटेड | १,०००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार २९ |
| ४ | हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लि. | १,१२५,००० | २८८ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस ६ |
| ५ | नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेड | १,०००,००० | ५० | एनआइएमबि एस क्यापिटल लि. | २०८१ जेठ २१ |
| ६ | कैलाश हेलिकप्टर सर्भिसेस लिमिटेड | ३५०,००० | ३२७ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |
| ७ | झापा इनर्जी लिमिटेड | ९५०,४७५ | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ जेठ ३० |
| ८ | छाया देबी कम्प्लेक्स लिमिटेड | १,४३७,५०० | ४०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ भदौ २ |
| ९ | बिजनेस ईन्टरेष्ट ग्रुप अफ इण्डष्ट्रिज लिमिटेड | ४,५००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार २ |
| १० | जि. आई. सोलार लिमिटेड | १,३६३,३६० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ पुस २८ |
| ११ | प्रभु हेलिकप्टर लिमिटेड | ६,१२५,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ चैत २० |

## वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ वैशाख १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | एभरेष्ट बैंक लिमिटेड | ६१८.१६ | ७९० | ४९२.१ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६१३.५३ | ७९० | ५११ |
| ३ | नबिल बैंक लिमिटेड | ४८१.३ | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४०४.४८ | ५४९ | २७० |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३५२.८९ | ५७३ | ३४१.६ |
| ६ | सानिमा बैंक लिमिटेड | ३०४.९९ | ३८२ | २२८ |
| ७ | कृषि विकास बैंक लिमिटेड | २८२.०६ | ४२८.४ | २२८ |
| ८ | सिद्धार्थ बैंक लिमिटेड | २७०.०३ | ३८० | २१४ |
| ९ | नेपाल बैंक लिमिटेड | २५०.३५ | ३३७.५ | १९५.१ |
| १० | प्राइम कमर्सियल बैंक लिमिटेड | २४४.३ | ३२९ | १८८.३ |
| ११ | एनएमबि बैंक लिमिटेड | २३७.९५ | ३०० | १६२ |
| १२ | हिमालयन बैंक लिमिटेड | २१९.३८ | ३१२.१ | १६७.१ |
| १३ | माछापुच्छ्रे बैंक लिमिटेड | २१७.४३ | २९५ | १५७.८ |
| १४ | ग्लोबल आइएमई बैंक लिमिटेड | २१६.६४ | ३०२ | १७० |
| १५ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २०८.९१ | ३०० | १४३.६ |
| १६ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक | २०४.९९ | २९५ | १४७.४ |
| १७ | सिटिजन्स बैंक इन्टरनेसनल लि. | २०१.३९ | २९६ | १५२.५ |
| १८ | प्रभु बैंक लिमिटेड | २००.०५ | २९७ | १३२ |
| १९ | कुमारी बैंक लिमिटेड | १९८.४४ | २७२.९ | १२९.६ |

## विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ वैशाख १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | २२२८.८७ | २८४२.३ | ४२८.१ |
| २ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १६३४.८४ | २०६० | ४२१.१ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १४०४.३१ | २००१.४ | ४०६.८ |
| ४ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | १०५५.५९ | १६२२.७ | ३०६ |
| ५ | सिन्धु विकास बैंक लिमिटेड | १०३९.२७ | १४८२ | ३६४.६ |
| ६ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ६१६.२१ | ८४३.५ | ४३५ |
| ७ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ५९७.१३ | ८३८.२ | ३६०.७ |
| ८ | कामना सेवा विकास बैंक लिमिटेड | ४३७.२७ | ५६४.८ | ३६०.२ |
| ९ | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४०३.४७ | ६२५ | ३६३ |
| १० | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ३९४.१६ | ४९७ | २९९.१ |
| ११ | गरिमा विकास बैंक लिमिटेड | ३९०.०५ | ५३१.४ | ३५०.१ |
| १२ | लुम्बिनी विकास बैंक लिमिटेड | ३८४.७७ | ५६० | ३६७ |
| १३ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३७५.७५ | ४९८ | ३११.७ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३५६.४३ | ४८२ | ३३६ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३२४.१८ | ४४५ | २७९.१ |

## 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ वैशाख १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १५७९.३४ | १९२६ | ७८५ |
| २ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | १२५७.०२ | १३८९.९ | ६३०.१ |
| ३ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ९८८.९२ | ११५६ | ५१२ |
| ४ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लि. | ९४४.७८ | १२६४ | ६७८ |
| ५ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ८९०.०१ | १२१४ | ८०० |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ४६३.०२ | ६४५ | ३३८.१ |

## आईपीओ अपडेट

| कम्पनी | सान्भि इनर्जी लिमिटेड |
|---|---|
| दिन | २०८२ वैशाख १५ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | २ लाख ९१ हजार |
| आवेदक संख्या | ५३ हजार २९५ |
| आवेदन परेको कित्ता | ११ लाख ५६ हजार ८३० |
| आवेदन परेको रकम | ११ करोड ५६ लाख ८३ हजार |
| निष्कासनको तुलनामा माग | ३.९७ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८२ वैशाख १९ गते |
| विक्री प्रबन्धक | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. |

स्रोत : सीडीएससी

## गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.

विराटनगर-०७, मोरङ्ग, फोन नं. ०२१-५९०९०२, ०१-५९१८०१७

इमेल info@gmli.com.np, वेबसाईट www.gmli.com.np

GUARDIAN

### Quarterly Financial Results For 3rd Quarter, F.Y. 2081/82 B.S.

### Condensed Statement of Financial Position As on Quarter Ended 13th April, 2025 (Chaitra End, 2081)

Fig in NPR.

| Particulars | Unaudited | Audited |
|---|---|---|
| | At the End of this Quarter | At the End of Immediate Previous Year |
| **Assets:** | | |
| Goodwill & Intangible Assets | 1,366,484 | 1,434,190 |
| Property and Equipment | 18,596,229 | 19,591,223 |
| Investment Properties | - | - |
| Deferred Tax Assets | 3,239,340 | 3,239,340 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investments | 874,884,332 | 520,700,000 |
| Loans | - | - |
| Reinsurance Assets | - | - |
| Current Tax Assets | 7,650,223 | 2,896,324 |
| Insurance Receivables | 15,120,013 | - |
| Other Assets | 2,299,904 | 857,611 |
| Other Financial Assets | 3,121,381 | 1,969,750 |
| Cash and Cash Equivalent | 17,305,594 | 14,120,093 |
| **Total Assets** | **943,583,500** | **564,808,531** |
| **Equity:** | | |
| Share Capital | 750,000,000 | 525,000,000 |
| Share Application Money Pending Allotment | - | - |
| Share Premium | - | - |
| Catastrophe Reserves | 2,935,685 | 192,728 |
| Retained Earnings | 19,007,223 | 573,919 |
| Other Equity | 3,256,407 | 3,248,611 |
| **Total Equity** | **775,199,315** | **529,015,258** |
| **Liabilities:** | | |
| Provisions | 2,686,071 | 853,071 |
| Gross Insurance Contract Liabilities | 126,524,060 | 23,405,986 |
| Deferred Tax Liabilities | - | - |
| Insurance Payable | 9,134,798 | 1,080,648 |
| Current Tax Liabilities | - | - |
| Borrowings | - | - |
| Other Liabilities | 8,916,711 | 5,268,821 |
| Other Financial Liabilities | 21,122,545 | 5,184,747 |
| **Total Liabilities** | **168,384,185** | **35,793,273** |
| **Total Equity and Liabilities** | **943,583,500** | **564,808,531** |

### Condensed Statement of Profit or Loss For the Quarter Ended 13th April, 2025 (Chaitra End, 2081)

Fig in NPR.

| Particulars | Unaudited | | Audited | |
|---|---|---|---|---|
| | Current Year | | Corresponding Previous Year | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| **Income:** | | | | |
| Gross Earned Premiums | 81,286,293 | 206,799,280 | 13,846,817 | 20,481,662 |
| Premiums Ceded | 5,218,616 | 11,981,177 | 1,300,934 | 2,614,915 |
| **Net Earned Premiums** | **76,067,677** | **194,818,103** | **12,545,883** | **17,866,747** |
| Commission Income | - | - | - | - |
| Other Direct Income | 8,548 | 9,029 | - | - |
| Interest Income on Loan to Policyholders | - | - | - | - |
| Income from Investments and Loans | 14,520,112 | 39,975,093 | 11,982,924 | 36,353,100 |
| Net Gain/(Loss) on Fair Value Changes | (5,497,725) | (5,497,725) | - | - |
| Net Realised Gains/(Losses) | 25,882,912 | 25,882,912 | - | - |
| Other Income | - | - | - | - |
| **Total Income** | **110,981,524** | **255,187,412** | **24,528,808** | **54,219,847** |
| **Expenses:** | | | | |
| Gross Benefits and Claims Paid | 25,556,129 | 48,795,993 | 150,000 | 800,000 |
| Claims Ceded | 7,704,041 | 16,539,216 | 23,200 | 473,200 |
| Gross Change in Contract Liabilities | 40,894,620 | 103,118,074 | 7,552,008 | 11,295,014 |
| Change in Contract Liabilities Ceded to Reinsurers | - | - | 633,230 | 1,296,777 |
| **Net Benefits and Claims Paid** | **58,746,708** | **135,374,851** | **7,045,579** | **10,325,037** |
| Commission Expenses | 8,255,830 | 21,081,901 | 1,389,846 | 1,869,100 |
| Service Fees | 379,516 | 974,101 | 62,747 | 89,352 |
| Other Direct expenses | 29,009 | 44,392 | 7,295 | 8,293 |
| Employee Benefits Expenses | 12,780,535 | 37,007,962 | 9,815,814 | 27,874,643 |
| Depreciation and Amortization Expenses | 1,830,898 | 6,355,917 | 1,676,379 | 3,699,559 |
| Impairment Losses | - | - | - | - |
| Other Operating Expenses | 12,943,781 | 25,895,026 | 4,020,572 | 9,283,471 |
| Finance Cost | 169,067 | 1,023,687 | 112,208 | 369,254 |
| **Total Expenses** | **95,135,344** | **227,757,837** | **24,130,440** | **53,518,709** |
| **Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax** | **15,846,180** | **27,429,575** | **398,367** | **701,138** |
| Share of Net Profit of Associates accounted using Equity Method | - | - | - | - |
| **Profit Before Tax** | **15,846,180** | **27,429,575** | **398,367** | **701,138** |
| Income Tax Expense | - | - | - | - |
| **Net Profit/(Loss) For The Year** | **15,846,180** | **27,429,575** | **398,367** | **701,138** |
| **Earning Per Share** | | | | |
| Basic EPS | | 4.88 | | 0.18 |
| Diluted EPS | | 4.88 | - | 0.18 |

### Condensed Statement of Other Comprehensive Income For the Quarter Ended 13th April, 2025 (Chaitra End, 2081)

Fig in NPR.

| Particulars | Unaudited | | Audited | |
|---|---|---|---|---|
| | Current Year | | Corresponding Previous Year | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Net Profit/(Loss) For The Year | 15,846,180 | 27,429,575 | 398,367 | 701,138 |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **15,846,180** | **27,429,575** | **398,367** | **701,138** |

### Other Details

Fig in NPR.

| Particulars | Current Year Upto this Quarter (YTD) | Previous Year Upto this Quarter (YTD) |
|---|---|---|
| 1. Total Inforce Policy count | 586,017 | 11,485 |
| 2. Total Number of Policy issued during the Period | 109,946 | 11,358 |
| 3. First Year Premium (including Single Premium) | 204,053,484 | 20,481,662 |
| 4. Single Premium | 126,566,338 | 7,558,587 |
| 5. Renewal Premium | 2,745,796 | - |
| 6. Total Benefits and Claims Paid in Count | 572 | 5 |
| 7. Outstanding Benefits and Claims in Count | - | - |
| 8. Gross Claim Outstanding (Amount) | - | - |
| 9. Declared Bonus Rate (Guaranteed Addition) | 40-50 | 40-50 |
| 10. Interim bonus Rate | - | - |
| 11. Long Term Investments (Amount) | 455,000,000 | 455,000,000 |
| 12. Short Term Investments (Amount) | 300,500,000 | 57,700,000 |
| 13. Policyholders Loan | - | - |
| 14. Investment in Cost Value | 880,382,057 | 512,700,000 |
| 15. Life Insurance Fund (Amount) | 125,954,483 | 11,435,582 |
| 16. Unearned Premium Reserve for Term Policies (Amount) | 98,543,452 | 7,514,622 |
| 17. Solvency Margin Ratio | 1.97 | 1.95 |

**Notes:**

1. Figures presented above are subject to change and vary due to the adjustment of Audit Findings & Actuarial Valuation Report as well as instructions of NIA. Effect of Deferred Tax Calculation has not been incorporated.
2. The Financial Statement has been prepared in compliance with the Nepal Financial Reporting Standard (NFRS) in the prescribed fromat provided by NIA.
3. Due to non availability of Company's Share of Business & other informations from FE Pool Business, it has not been recognized in above report.
4. The Interim Financial Report is also kept in the Company's website (www.gmli.com.np)

### Disclosure as per Section 84(3) of Insurance Act, 2079

1. Solvency Ratio Related Disclosures: The company has maintained Solvency Ratio of 1.97 as per its latest Actuarial Valuation Report (i.e. Fiscal Year 2080/081).
2. Reinsurance Related Disclosures: As per the Reinsurance Directives 2080, Reinsurance Arrangement has been made with the Domestic Reinsurer's i.e. Himalayan Reinsurance Ltd. & Nepal Reinsurance Co. Ltd.
3. Details Related To Legal Proceeding: There are no any law suits of material nature filed by or filed against the Company/Promoter/Director on account of violation of prevailing laws, criminal offences or financial crimes.
4. Corporate Governance: The Company has a Legal/Compliance Department for continuous monitoring of governance issues within the company. The Management, Audit Committee & BOD are committed for good governance practice in the company. The Company has complied with Corporate Governance Directives, 2075.
5. Regulatory Limit on Expenses Ratio: Expenses incurred by the Company are within the Limit prescribed by Nepal Insurance Authority.
6. Any other Disclosure: The Company has complied with all the applicable laws and directives issued by Regulatory Bodies. The Share alloted to general public by the company were traded on NEPSE with effect from 27th Magh, 2081.

### Disclosure as required by Rule 26 (1) of Annexure 14 of Securities Listing and Issue Directives, 2073

1. **Financial Statement:** The Interim FS has been prepared in compliance with NFRS as mandated by NIA.
2. **Major Financial Indicators:**

| | |
|---|---|
| Earnings per Share (Annualised) | 4.88 |
| Price Earning (PE Ratio) | 507.91 |
| Net Worth Per Share | 102.93 |
| Assets Per Share | 125.81 |

3. **Management Analysis:** Management Analysis of the Company is summarized as below:

| Particulars | Q3 - FY 2081/082 | Q3 - FY 2080/081 |
|---|---|---|
| Total Premium (Rs) | 206,799,280 | 20,481,662 |
| Life Insurance Fund (Rs) | 125,954,483 | 11,435,582 |
| Net Profit (Rs) | 27,429,575 | 701,138 |
| Total Investments (Rs) | 880,382,057 | 512,700,000 |

4. **Legal Proceeding:** There are no any Legal Proceeding against the company & by the company till this reporting period.
5. **Details Related To Share Transaction:** Being a Listed Company, price of the traded stock depends on Open Market and details at the end of this quarter is summarized as below:

| | |
|---|---|
| Maximum Rate | 2599.24 |
| Minimum Rate | 331.10 |
| Closing Price | 2476.75 |
| No. of Transactions | 121,186 |
| No. of Transaction days | 41 Days |

6. **Problems & Challenges:** Due to Global Economic Crisis, there is slowdown in economic activities in the nation impacting low growth in micro life insurance sector. Furthermore, lack of insurance awareness among general public, high inflation, economic uncertainities etc. are the major challenges to this industry.
7. **Corporate Good Governance:** The Company has a Strong Internal Control System to maintain good corporate governance which is supervised by various committees & sub-committees within the company. The Company has complied with all the circulars & directives issued by regulators.
8. **Declaration by CEO:** I hereby declare that data & information presented in the report are true & fair to the best of our knowledge. No any information has been omitted to mislead the investors decision.

### गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. को सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण :

**विवरण सार्वजनिक गरेको अवधि : २०८१/१०/०१ देखि २०८१/१२/३१ सम्म**

१. **निकायको स्वरुप र प्रकृति :** कम्पनी ऐन, २०६३, बमोजिम स्थापना भई बीमा ऐन, २०७९ बमोजिम इजाजतपत्र प्राप्त लघु जीवन बीमा कम्पनी हो ।

२. **निकायको काम कर्तव्य र अधिकार :** बीमा ऐन २०७९, कम्पनी ऐन २०६३, लघु बीमा निर्देशिका २०७९, कम्पनीको प्रवन्धपत्र तथा नियमावली, प्रचलित कानुन, नियम तथा निर्देशिकाहरुको अधिनमा रहि लघु जीवन बीमा व्यवसाय गर्ने ।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण : आ.व. २०८१/०८२ को चैत्र मसान्त सम्ममा यस कम्पनीमा कार्यरत कर्मचारीहरुको संख्या ५८ जना रहेको छ । विभिन्न विभागहरु गठन गरी कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भई रहेको छ । व्यवस्थापन तह तथा विभागीय प्रमुखहरुको नामावली कम्पनीको वेवसाइट www. gmli.com.np मा उपलब्ध छ ।

४. **निकायबाट प्रदान गरिने सेवा :** बीमा ऐन २०७९ बमोजिम लघु जीवन बीमा कम्पनीले प्रदान गर्न सक्ने सम्पुर्ण बीमा सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :** मिति २०८१ चैत्र मसान्त सम्म यस कम्पनीको प्रधान कार्यालय बिराटनगर-७ मोरङ्ग, बाग्मती प्रदेश कार्यालय का.म.न.पा. वडा नं. ३० सानो गौचरणमा र देशभर विभिन्न स्थानमा शाखा कार्यालय, उप-शाखा कार्यालय र एक्सटेनसन काउण्टर गरी जम्मा २५ स्थानबाट लघु जीवन बीमा सेवा प्रदान गरिएको छ । सेवा प्रदान गर्ने शाखा, उप-शाखा तथा जिम्मेवार अधिकारीहरुको विवरण कम्पनीको वेवसाईट www. gmli.com.np मा रहेको छ ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :** नेपाल बीमा प्राधिकरणबाट स्वीकृत बीमालेखमा तोकिएको बीमादर बमोजिम जोखिम बिश्लेषणको आधारमा बीमाशुल्क लिने गरिएको छ । दावी भुक्तानीको हकमा बीमितबाट यथाशिघ्र आवश्यक सम्पुर्ण कागजात प्राप्त भएको मितिले २१ दिन भित्र भुक्तानी गरिन्छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :** विषय वस्तुको प्रकृति हेरी प्रबन्धक, विभागीय प्रमुख, विभिन्न समिति, प्रमुख कार्यकारी अधिकृत र सञ्चालक समितिले निर्णय गर्नेछ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** ग्राहकको गुनासो सुन्न तथा उजुरी गर्नको लागि विषय वस्तुको प्रकृतिको आधारमा कम्पनीका विभागीय प्रमुख तथा प्रमुख कार्यकारी अधिकृतलाई उजुरी सुन्ने अधिकारीको रुपमा तोकिएको छ ।

९. **सम्पादन गरेको कामको विवरण :** हाल नेपाल बीमा प्राधिकरणबाट स्वीकृत लघु म्यादी तथा लघु सावधिक जीवन बीमालेख र सो सँग सम्वन्धीत पुरक करार सहितको लघु जीवन बीमालेखहरु बिक्री वितरण भइ रहेको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :** कार्यालय प्रमुखको नाम : श्री चिरायु भण्डारी, प्रमुख कार्यकारी अधिकृत र सूचना अधिकारीको नाम : श्री ज्योति प्रकाश पाण्डे, नायव प्रमुख कार्यकारी अधिकृत ।

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :** बीमा ऐन २०७९, कम्पनी ऐन २०६३, नेपाल धितोपत्र ऐन २०६३ तथा सो ऐन अन्तर्गत बनेका नियम, विनियम र नेपाल धितोपत्र बोर्डबाट जारी निर्देशिका, सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन २०६४, आयकर ऐन २०५८, श्रम ऐन २०६४, बोनस ऐन २०३०, मुल्य अभिबृद्धि कर ऐन २०५२, सो ऐन अन्तर्गत बनेका नियम, विनियम, बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७५, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशिका २०७५, लघु बीमा निर्देशिका २०७९ तथा नेपाल बीमा प्राधिकरणबाट जारी गरिएका निर्देशिका, परिपत्रहरु ।

१२. **आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :** कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिएको छ र यस कम्पनीको वेभसाईट www.gmli.com.np मा समेत रहेको छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरण :** नभएको

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भएमा सो को विवरण :** कर्मचारीहरुको तालिम, अभिकर्ताहरुको तालिम ।

१५. **निकायको वेभसाइट भए सो को विवरण :** www. gmli.com.np

१६. **निकायले प्राप्त गरेको वैदेशिक सहयोग, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** नभएको

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रतिवेदन :** त्रैमासिक आर्थिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिएको तथा कम्पनीको वेवसाइटमा समेत राखिएको छ ।

## आत्मनिर्भर लघुवित्तको नाफा बढ्यो

काठमाडौं (अस) । आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडले चालू आर्थिक वर्ष (आव)को तेस्रो त्रैमाससम्म २ करोड १४ लाख रुपैयाँभन्दा बढी खुद नाफा गरेको छ । गत वर्षको तेस्रो त्रैमाससम्मको तुलनामा यस वर्ष कम्पनीको खुद नाफा करीब ६९ प्रतिशत बढी भएको हो । गत वर्ष यस अवधिसम्म कम्पनीले १ करोड २७ लाख रुपैयाँभन्दा बढी खुद नाफा गरेको थियो ।

हाल कम्पनीको चुक्तापूँजी ७ करोड ८३ लाख ४३ हजार रुपैयाँ छ भने जगेडा कोष रकम २० करोड रुपैयाँ छ । कम्पनीले तेस्रो त्रैमाससम्म १९ करोड ९५ लाख रुपैयाँभन्दा बढी कर्जा सापटी लिएको छ भने १ अर्ब ५१ करोड रुपैयाँभन्दा बढी कर्जा प्रवाह गरेको छ । कम्पनीले ९४ करोड ७१ लाख रुपैयाँभन्दा बढी निक्षेप संकलन गरेको छ । निष्क्रिय कर्जा यस वर्ष १५ दशमलव शून्य ८ प्रतिशत कायम भएको छ । गत वर्ष यस अवधिसम्म कम्पनीको निष्क्रिय कर्जा ११ दशमलव ९४ प्रतिशत रहेको थियो ।

## स्वस्तिक लघुवित्त नाफामा

काठमाडौं (अस) । आईपीओ निष्कासनको तयारीमा रहेको स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड यस वर्ष खुद नाफामा गएको छ ।

चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्म कम्पनी ६८ लाख २८ हजार रुपैयाँ खुद नाफामा रहेको हो । गत वर्ष यस अवधिसम्म कम्पनी ७६ लाख ६६ हजार रुपैयाँभन्दा बढी खुद नोक्सानीमा थियो ।

यस वर्ष कम्पनीको खुद ब्याज आम्दानी बढेकाले नोक्सानीमा सुधार भएको हो । गत वर्ष ४३ लाख ३३ हजार रुपैयाँभन्दा बढी खुद ब्याज आम्दानी गरेको कम्पनीले यस वर्ष २ करोड ७६ लाख रुपैयाँभन्दा बढी खुद ब्याज आम्दानी गरेको हो ।

हाल कम्पनीको चुक्तापूँजी ३ करोड ४६ लाख ५० हजार रुपैयाँ छ । रिटेन्ड अर्निङ ५९ लाख ६५ हजार रुपैयाँ रहेको कम्पनीको जगेडा कोष रकम २ करोड ५७ लाख रुपैयाँभन्दा बढी रहेको छ ।

तेस्रो त्रैमाससम्म कम्पनीले ९ करोड ७८ लाख रुपैयाँभन्दा बढी निक्षेप संकलन गरेको छ भने ५० करोड ५२ लाख रुपैयाँभन्दा बढी कर्जा सापटी लिएको छ । कम्पनीले ६३ करोड ५ लाख रुपैयाँभन्दा बढी कर्जा प्रवाह गरेको छ । गत वर्ष ५ दशमलव ६५ प्रतिशत रहेको निष्क्रिय कर्जा यस वर्ष बढेर ७ दशमलव १५ प्रतिशत कायम भएको छ ।

# सोमवार घट्यो नेप्से

**अभियान संवाददाता**

काठमाडौँ

छोटो समयमै नाफा बुक गर्ने परिपाटीको असर सोमवारको नेप्सेमा देखिएको छ । पछिल्ला दुई कारोबार दिन निरन्तर बढेको बजार सोमवार भने १४ दशमलव ५३ अंकले घटेको हो । अघिल्ला दुई कारोबार दिन निरन्तर बढेर ५ दशमलव ६६ अंक माथि उक्लिएको बजार सोमवार सोभन्दा बढी अंक घटेको हो ।

सोमवार २ हजार ६७६ दशमलव शून्य ५ विन्दुसम्म पुगेको बजार २ हजार ६४५ दशमलव २४ विन्दुसम्म झरेको थियो । अन्तिममा बजार २ हजार ६४७ दशमलव शून्य ७ विन्दुमा बन्द भएको हो ।

सोमवार ७८ कम्पनीको धितोपत्र मूल्य बढेको छ भने १६७ कम्पनीको धितोपत्र मूल्य घटेको छ । सोमवार नेपाल माइक्रो इन्स्योरेन्सको मूल्य सर्वाधिक १० प्रतिशतले बढेको छ भने दोस्रोमा क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सको ९ दशमलव ९९ प्रतिशत बढेको छ । नेपाल माइक्रो इन्स्योरेन्सको मूल्य प्रतिकित्ता १०४ रुपैयाँ २० पैसाले बढेर अन्तिम मूल्य १ हजार १४६ रुपैयाँ ७० पैसा कायम भएको हो । त्यस्तै, क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सको प्रतिकित्ता ८६ रुपैयाँ १० पैसाले बढेर अन्तिम मूल्य ९४८ रुपैयाँ कायम भएको छ ।

सर्वाधिक मूल्य घटेको कम्पनी भने सप्तकोशी डेभलपमेन्ट बैंक रहेको छ । कम्पनीको ८ दशमलव ४५ प्रतिशत अर्थात् प्रतिकित्ता ९७ रुपैयाँ ४३ पैसाले घटेर अन्तिम मूल्य १ हजार ५५ रुपैयाँ ५९ पैसा कायम भएको छ ।

घटेको बजारमा कारोबार रकम पनि घटेको छ । अघिल्लो कारोबार दिन १० अर्ब ८७ करोड रुपैयाँभन्दा बढीको २ करोड ८४ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा सोमवार ८ अर्ब ९१ करोड रुपैयाँभन्दा बढीको २ करोड ३६ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

**बढेका धितोपत्र**

| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|
| नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | १,१४६.७० | १०.०० |
| क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | ९४८.०० | ९.९९ |
| मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३६८.१६ | ७.६२ |
| ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,४०४.३१ | ६.९७ |
| १० प्रतिशत एनआईएमबी डिबेन्चर २०९० | १,२००.०० | ५.९१ |

**घटेका धितोपत्र**

| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|
| सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | १,०५५.५९ | -८.४५ |
| यूनिभर्सल पावर कम्पनी लिमिटेड | ३५४.८६ | -४.८० |
| त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५२२.९८ | -४.७९ |
| मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ६४१.३२ | -४.३३ |
| श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लि. | ४७२.१६ | -४.२५ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ४५.१२ | ५५.३४ | १००.४६ |
| ४५ | ३८.१९ | ३१.६७ | ६९.८७ |
| ३४ | २६.४२ | ३७.०७ | ६३.४९ |
| ४२ | ३१.२२ | २७.८५ | ५९.०७ |
| ९१ | २५.०४ | २६.७७ | ५१.८२ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| डादी ग्रुप पावर लिमिटेड | ७०.९४ |
| राधी विद्युत् कम्पनी लिमिटेड | ४५.१० |
| यूनिभर्सल पावर कम्पनी लिमिटेड | ३८.१३ |
| हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड संस्थापक शेयर | ३५.३६ |
| सानिमा माई हाइड्रोपावर लिमिटेड | ३३.७५ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ४९८.८४ | ५५.९७ |
| २ | लगानी | ११२.०१ | १२.५७ |
| ३ | विकास बैंक | ४६.७६ | ५.२५ |
| ४ | अन्य | ३८.२३ | ४.२९ |
| ५ | बैंकिङ्ग | ३८.०४ | ४.२७ |
| ६ | संस्थापक शेयर | ३५.५२ | ३.९९ |
| ७ | लघुवित्त | २८.५९ | ३.२१ |
| ८ | जीवन बीमा | २५.९५ | २.९१ |
| ९ | उत्पादन तथा प्रशोधन | २५.४० | २.८५ |
| १० | वित्त | २४.३२ | २.७३ |
| ११ | निर्जीवन बीमा | ८.८१ | ०.९९ |
| १२ | होटल तथा पर्यटन | ५.६३ | ०.६३ |
| १३ | म्युचुअल फण्ड | १.२३ | ०.१४ |
| १४ | व्यापार | १.२२ | ०.१४ |
| १५ | ऋणपत्र | ०.६६ | ०.०७ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | वित्त | २,४५८.०४ | १.४० |
| २ | व्यापार | ४,५३६.३१ | ०.४२ |
| ३ | निर्जीवन बीमा | १२,२९४.२७ | -०.०२ |
| ४ | जीवन बीमा | १३,१०६.५७ | -०.१३ |
| ५ | अन्य | २,३५७.२० | -०.२१ |
| ६ | होटल तथा पर्यटन | ६,४२०.१९ | -०.२३ |
| ७ | विकास बैंक | ५,३९०.५४ | -०.२८ |
| ८ | म्युचुअल फण्ड | १९.५३ | -०.४५ |
| ९ | उत्पादन तथा प्रशोधन | ७,१९५.३८ | -०.५४ |
| १० | बैंकिङ्ग | १,३२१.०३ | -०.६५ |
| ११ | जलविद्युत् | ३,४९२.४८ | -०.७५ |
| १२ | लघुवित्त | ४,६६४.२८ | -०.७६ |
| १३ | लगानी | ११५.४९ | -२.१४ |

कुल कारोबारमा सर्वाधिक हिस्सा भने डादी ग्रुप पावरले ओगटेको छ । पछिल्ला कारोबार दिन कुल कारोबारमा सर्वाधिक हिस्सा डादी ग्रुप पावरले ओगट्दै आएको छ ।

सोमवारको कारोबारमा वित्त समूहको परिसूचक १ दशमलव ४० प्रतिशत र व्यापार समूहको शून्य दशमलव ४२ प्रतिशत बढेको छ । यी बाहेक बाँकी समूहको परिसूचक भने घटेको छ । लगानी समूहको परिसूचक यो दिन सर्वाधिक २ दशमलव १४ प्रतिशत घटेको छ ।

**बजार पूँजीकरण घट्यो**

सोमवार बजार पूँजीकरण रू. २४ अर्ब १७ करोडले घट्दै रू. ४४ खर्ब १ अर्ब ४८ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब २५ अर्ब ६५ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा सोमवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ५५ दशमलव ९७ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ४ अर्ब ९८ करोड ८४ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा लगानी समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब १२ करोड १ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

सोमवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब ४६ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ५५ करोड ३४ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ४५ करोड १२ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ । जसबाट सोमवारको बजारमा रू. ६९ करोड ८७ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

## ग्रीन भेन्चर्सको बोनस शेयर नेप्सेमा सूचीकृत

काठमाडौँ (अस) । सोमवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा ग्रीन भेन्चर्स लिमिटेडको १० प्रतिशत बोनस शेयर सूचीकृत भएको छ । कम्पनीले गत पुस २८ गते सम्पन्न वार्षिक साधारणसभाले पारित गरेको बोनस शेयर कारोबारयोग्य बनाएको हो।१० प्रतिशत बोनस शेयर बापतको ३१ लाख २५ हजार कित्ता शेयर कम्पनीले कारोबारयोग्य बनाएको हो । आजदेखि कारोबारयोग्य हुने यी शेयर सम्बन्धित शेयरधनीहरूले भने आफ्नो हितग्राही खातामा जम्मा भएपछि मात्र कारोबार गर्न सक्नेछन् । कम्पनीले शून्य दशमलव ५३ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) पनि यस वर्ष वितरण गरेको छ ।

**लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ वैशाख १५)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था | ५३००.११ | ६७३५ | १९१० |
| २ | उपकार लघुवित्त वित्तीय संस्था | ३०७१.२३ | ६६०० | १३६७ |
| ३ | गुराँस लघुवित्त वित्तीय संस्था | २७९९.४४ | ३४८६ | १५६० |
| ४ | विन नेपाल लघुवित्त वित्तीय संस्था | २६७०.३२ | ४२७१ | १२९० |
| ५ | सपोर्ट लघुवित्त वित्तीय संस्था | २२९०.९५ | ४०२६.२ | १३८८ |
| ६ | समाज लघुवित्त वित्तीय संस्था | २२१९.०६ | ४१८१ | १८१५ |
| ७ | महिला लघुवित्त वित्तीय संस्था | २२०२.४७ | २६४८.७ | १६७६ |
| ८ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था | २१११.३५ | ३२२३ | १५६५.२ |
| ९ | श्रृजनशील लघुवित्त वित्तीय संस्था | २०२० | २९०७ | ११६० |
| १० | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था | १८२९.८१ | २३६३.३ | १३२० |
| ११ | मानुषी लघुवित्त वित्तीय संस्था | १७६९.७१ | २५३० | ११३० |
| १२ | स्वाभिमान लघुवित्त वित्तीय संस्था | १७३२ | २४२६.४ | ११७५ |
| १३ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था | १७३० | २६४१ | १६५० |
| १४ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था | १६५०.४१ | १९५८ | १४०० |
| १५ | सामुदायिक लघुवित्त वित्तीय संस्था | १५६७.४१ | ३०४७ | ८०४ |
| १६ | गणपति लघुवित्त वित्तीय संस्था | १५४०.३७ | २३२७ | १०८५.१ |
| १७ | मिथिला लघुवित्त वित्तीय संस्था | १४९९.३५ | २०१९ | १०१८.३ |
| १८ | धौलागिरी लघुवित्त वित्तीय संस्था | १४८५.२२ | २२५० | ११३७ |
| १९ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था | १३९९.९९ | १८६०.४ | १०८० |
| २० | जीवन विकास लघुवित्त वित्तीय संस्था | १३०१.९६ | १९२० | १२७० |
| २१ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था | १२०८.३३ | १८१५ | ९९१ |
| २२ | महुली लघुवित्त वित्तीय संस्था | १२०१ | १८५१ | १११० |
| २३ | नेशनल लघुवित्त वित्तीय संस्था | ११७६.९४ | १७२७ | ११२३ |
| २४ | मातृभूमि लघुवित्त वित्तीय संस्था | ११५८.३४ | १७१६ | ८५० |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था | १०९६.७६ | १७३९ | १०९० |
| २६ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था | १०३९.२२ | १४९१ | ७६६ |
| २७ | लक्ष्मी लघुवित्त वित्तीय संस्था | १०२४.५९ | १४२८ | ८८५.२ |
| २८ | अभियान लघुवित्त वित्तीय संस्था | १००२.९३ | १३०६.८ | ७१५.४ |
| २९ | कालिका लघुवित्त वित्तीय संस्था | ९९२.०१ | १२८५ | ७६७.१ |
| ३० | सम्पदा लघुवित्त वित्तीय संस्था | ९५५.९ | १४७०.८ | ७००.२ |
| ३१ | हिमालयन लघुवित्त वित्तीय संस्था | ९४२.४७ | १४४७ | ६८१.१ |
| ३२ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था | ८७७.८३ | १४९२ | ८७५.२ |
| ३३ | नाडेप लघुवित्त वित्तीय संस्था | ८२९.०७ | ११९० | ६८६ |
| ३४ | छिमेक लघुवित्त वित्तीय संस्था | ८२७.४९ | ११५५ | ८०० |
| ३५ | स्वरोजगार लघुवित्त वित्तीय संस्था | ८०३.५८ | १२५० | ६४६ |
| ३६ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था | ८०३.०१ | १२३२ | ७२७ |
| ३७ | आशा लघुवित्त वित्तीय संस्था | ७९५.४३ | ११७७ | ७३३ |
| ३८ | विजय लघुवित्त वित्तीय संस्था | ७८७.५५ | ११७४ | ७१२.६ |
| ३९ | साना किसान विकास लघुवित्त | ७८५.२१ | ११०५ | ७८१ |
| ४० | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था | ७८१.०७ | ९८७ | ६१२ |
| ४१ | समता घरेलु लघुवित्त वित्तीय संस्था | ७७८.०६ | १२७१ | ७१४ |
| ४२ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था | ७७४.२ | १०९९ | ६७५ |
| ४३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था | ७३९.९२ | १००४ | ६०० |
| ४४ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था | ७१० | १२१४.८ | ७०१.१ |
| ४५ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था | ६८८.३९ | ९८० | ६२३.५ |
| ४६ | एनएमबि लघुवित्त वित्तीय संस्था | ६८६.१८ | ९१८ | ५८५ |
| ४७ | आरएसडिसी लघुवित्त वित्तीय संस्था | ६६३ | ८९० | ६०२ |
| ४८ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था | ६५८.४९ | ९३०.२ | ६२७ |
| ४९ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था | ६३६.६७ | ९८८ | ५९५ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था | ६२५.२३ | ९०७ | ६२३.१ |

**निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ वैशाख १५)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १४७३४.९ | २२४९३.९ | १२८०० |
| २ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | ११४६.७ | ११४६.७ | ३०२.३ |
| ३ | प्रभु इन्स्योरेन्स लिमिटेड | ८७८.९३ | १११३ | ७५६ |
| ४ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ८४३.४६ | १३८२ | ७३२ |
| ५ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ८०१.२९ | १०७६ | ७१९ |
| ६ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ७९०.८९ | ११२० | ६७० |
| ७ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ७७५.५ | ११६२ | ७७३ |
| ८ | नेको इन्सुरेन्स लिमिटेड | ७३५.७५ | १०५० | ७३५ |
| ९ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | ७१४.६८ | ९२६ | ६१५.२ |
| १० | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ६२५.०८ | ८३७.३ | ५२७ |
| ११ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ५७९.१९ | ८१० | ५६७.५ |
| १२ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | ५५४.४५ | ८१७.१ | ५१५.५ |
| १३ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ५५४.१४ | ७६० | ५०८ |

**फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ वैशाख १५)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नेपाल फाइनान्स लिमिटेड | ६६५.५६ | २६१४.९ | ४७५ |
| २ | गुडविल फाइनान्स लिमिटेड | ६६५.१२ | १३५३ | ४४६ |
| ३ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ६०४.५२ | ९३६.९ | ४२०.१ |
| ४ | मञ्जुश्री फाइनान्स लिमिटेड | ५९७.२८ | ९१७ | ४९५.१ |
| ५ | आइसिएफसि फाइनान्स लिमिटेड | ५९३.७५ | ९१० | ५०४.१ |
| ६ | गोर्खाज फाइनान्स लिमिटेड | ५६२.४१ | १०४१ | ५४८ |
| ७ | सेन्ट्रल फाइनान्स लिमिटेड | ५६१.६८ | ८२० | ३७६ |
| ८ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड | ५१६.४६ | ७९५ | ४०७ |
| ९ | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ५१३.८६ | १११७.९ | ३३३.३ |
| १० | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ५१०.२१ | ८६५ | ३२२ |
| ११ | रिलायन्स फाइनान्स लिमिटेड | ५०४.३४ | ८३८ | ३६२ |
| १२ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ५०२.७४ | ९५१.६ | ३७४ |
| १३ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड | ४९२.४ | ७५९ | ३६५ |
| १४ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ४६३.९७ | १०८३.३ | ४०० |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ४०५.१३ | ७९५ | ३३९.९ |

**SUNRISE** HOLDINGS LIMITED

## सनराइज होल्डिङ्गस् लिमिटेड

केन्द्रिय कार्यालयः कमलादी वडा नं.-२८, काठमाडौं, नेपाल ।

### बिशेष साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०१/१६ गते)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस सनराइज होल्डिङ्गस् लिमिटेडको मिति २०८२/०१/१४ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा कम्पनीको बिशेष साधारण सभा बस्ने भएकोले उक्त साधारण सभामा उपस्थितीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति :** २०८२ जेठ ०१ बिहीबार (15th May 2025)

**स्थान :** कम्पनीको रजिष्टर्ड कार्यालय कमलादी २८, काठमाण्डौं

**समय :** बिहान ११:०० बजे

**छलफलका विषयहरु :**

१. प्रिमियम मूल्यमा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्रको दफा ६ को (घ) मा उल्लेखित सर्वसाधारणमा जारी गरिने शेयर संरचना संशोधन गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधनको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
४. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी अध्यक्ष**

## नबिल बैंक लिमिटेड पर्सा शाखा, चितवनको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०१/१६)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**१**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्रादेशिक व्यापार तथा व्यावसाय ऐन २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमति प्रदेश, भरतपुर, चितवन, नेपालमा मिति २०७८-०४-२२ मा प्रा.फ.र.नं १५६/२०७८/७९, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **लक्ष्मी निर्माण सामाग्री एण्ड सप्लायर्स ।**
ठेगाना : चितवन जिल्ला, डडुवा, राप्ती न.पा वडा नं. ०४ ।
**ऋणी फर्मका प्रोप्राइटरः**
भुवानी दत्त छत्कुलीकी छोरी, दिपकान्त पाठककी बुहारी, गिरीराज पाठककी श्रीमती, चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.नं. ३५३०२०/६८७ ( जारी मितिः २०६३/१०/११ स्थान चितवन) भएकी **सविता छत्कुली पाठक ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. गोपिलाल पाठकको नाती, दिपकान्त पाठकको छोरा, चितवन जिल्ला भण्डारा गा.वि.स वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.न. ३५/१७८५/०४४ (जारी मितिः २०५३/०४/०७ स्थान चितवन), भएको **गिरीराज पाठक ।**
२. गोपिलाल पाठकको नाती, दिपकान्त पाठकको छोरा, चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.न. ७६६२/०६० (जारी मितिः २०६०/०८/०४ स्थान चितवन), भएको **भिम प्रसाद पाठक ।**
३. सडानन्द पाठकको नाती, गोपिलाल पाठकको छोरा, चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.न. २८३३ (जारी मितिः २०४३/०९/१० स्थान चितवन), भएको **दिपक कान्त पाठक ।**
४. कृष्ण प्रसाद वर्तौलाकी छोरी, गोपिलाल पाठककी बुहारी, दिपक कान्त पाठककी श्रीमती, चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.नं. ६४४ (जारी मितिः २०४६/०३/१३ स्थान चितवन) भएकी **देवकी पाठक ।**
५. बासु वर्तौलाकी छोरी, दिपकान्त पाठककी बुहारी, भिम प्रसाद पाठककी श्रीमती, मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ११ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.नं. ३१-०१-७१-१०१७३ ( जारी मितिः २०७१-१०-२६ स्थान मकवानपुर) भएकी **सम्झना बर्तौला ।**

**धितोको विवरण**

**सवारी साधनको विवरणः**
१. ऋणी **लक्ष्मी निर्माण सामाग्री एण्ड सप्लायर्स** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. बा.प्र.०३००१ ख १८३३ भएको TATA TRUCK.
२. ऋणी **लक्ष्मी निर्माण सामाग्री एण्ड सप्लायर्स** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. बा.प्र.०३००१ ख १८३२ भएको TATA TRUCK.

**२**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा मिति २०७०-१०-०३ मा प्रा.फ.नं ३८३/०७०/७१, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **लक्ष्मी गाई फर्म ।**
ठेगाना : चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०८ ।
**ऋणी फर्मका प्रोप्राइटरः**
गोपिलाल पाठकको नाती, दिपकान्त पाठकको छोरा, चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.न. ३५/१७८५/०४४ (जारी मितिः २०५३/०४/०७ स्थान चितवन), भएको **गिरीराज पाठक ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. भुवानी दत्त छत्कुलीकी छोरी, दिपकान्त पाठककी बुहारी, गिरीराज पाठककी श्रीमती, चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.नं. ३५३०२०/६८७ (जारी मितिः २०६३/१०/११ स्थान चितवन) भएकी **सविता छत्कुली पाठक ।**
२. गोपिलाल पाठकको नाती, दिपकान्त पाठकको छोरा, चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.न. ७६६२/०६० (जारी मितिः २०६०/०८/०४ स्थान चितवन ), भएको **भिम प्रसाद पाठक ।**
३. सडानन्द पाठकको नाती, गोपिलाल पाठकको छोरा, चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.न. २८३३ (जारी मितिः २०४३/०९/१० स्थान चितवन), भएको **दिपक कान्त पाठक ।**
४. कृष्ण प्रसाद वर्तौलाकी छोरी, गोपिलाल पाठककी बुहारी, दिपक कान्त पाठककी श्रीमती, चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.नं. ६४४ ( जारी मितिः २०४६/०३/१३ स्थान चितवन) भएकी **देवकी पाठक ।**
५. बासु वर्तौलाकी छोरी, दिपकान्त पाठककी बुहारी, भिम प्रसाद पाठककी श्रीमती, मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ११ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, ना.प्र.नं. ३१-०१-७१-१०१७३ ( जारी मितिः २०७१-१०-२६ स्थान मकवानपुर) भएकी **सम्झना बर्तौला ।**

**लक्ष्मी निर्माण सामाग्री एण्ड सप्लायर्स र लक्ष्मी गाई फर्मको संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०४ बस्ने, **गिरीराज पाठक**को को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ०९ नक्सा सीट नं ९ख मा अवस्थित कि.नं. २३७ र २५० क्षेत्रफल ०-१-०-० र ०-८-०-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**३**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा मिति २०७४-०५-२१ मा प्रा.फ.र.नं २२/०७४/०७५ अन्तर्गत दर्ता भएको **पाण्डे कन्स्ट्रक्सन ।**
ठेगाना : चितवन जिल्ला राप्ती न.पा वडा नं. ०७।
**ऋणी फर्मका प्रोप्राइटरः**
राम चन्द्र पाण्डेको नाती, टेक प्रसाद पाण्डेको छोरा, चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०९ बस्ने, ना.प्र.न. ८३८/०४४ (जारी मितिः २०५७/१०/२९ स्थान चितवन), भएको **बाल कृष्ण पाण्डे ।**

**ब्यक्तिगत जमानतकर्ताको विवरण**

१. लक्ष्मण पाण्डेको नाती, राम चन्द्र पाण्डेको छोरा, चितवन जिल्ला राप्ती न.पा वडा नं. ०९ बस्ने, ना.प्र.न. १८ (जारी मितिः २०३७-०९-१८ स्थान चितवन), भएको **टेक प्रसाद पाण्डे ।**
२. राम चन्द्र पाण्डेकी बुहारी, टेक प्रसाद पाण्डेकी श्रीमती, चितवन जिल्ला राप्ती न.पा वडा नं. ०७ बस्ने, ना.प्र.नं. १९ (जारी मितिः २०३७/०९/१८ स्थान चितवन) भएकी **सिता कुमारी पाण्डे ।**
३. कृष्ण प्रसाद थपलियाकी छोरी, टेक प्रसाद पाण्डेकी बुहारी, बाल कृष्ण पाण्डेकी श्रीमती, चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०७ बस्ने, ना.प्र.नं. २६५४/०५५ जारी मितिः २०५५/०३/२५ स्थान चितवन) भएकी **पार्वती थपलिया ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
१. चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०९ बस्ने, **बाल कृष्ण पाण्डे**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला बडहरा गा.वि.स. वडा नं. ०५ नक्सा सीट नं ५ मा अवस्थित कि.नं. क्रमश १२२५, १२२७ र २३४ क्षेत्रफल ३८८.७७, ४०.९३ र २८७.८१ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. चितवन जिल्ला राप्ती न.पा वडा नं. ०९ बस्ने, **टेक प्रसाद पाण्डे** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला बडहरा गा.वि.स. वडा नं. ०९ नक्सा सीट नं ९ मा अवस्थित कि.नं. ३३० र २ क्षेत्रफल १८६२.४५ र २९९६.८५ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०९ बस्ने, **बाल कृष्ण पाण्डे**को को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला बडहरा गा.वि.स. वडा नं. ०९ नक्सा सीट नं ९ मा अवस्थित कि.नं. १०३ र ३२१ क्षेत्रफल ०-०-१८-०(विघा) र १७०९.०३ (वर्ग मिटर) घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. चितवन जिल्ला राप्ती न.पा वडा नं. ०७ बस्ने, **सिता कुमारी पाण्डे**को को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला बडहरा गा.वि.स. वडा नं. ०९ नक्सा सीट नं ९ मा अवस्थित कि.नं. ८३ क्षेत्रफल ०-८-६-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
५. चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०९ बस्ने, **बाल कृष्ण पाण्डे**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला बडहरा गा.वि.स. वडा नं. ०९ नक्सा सीट नं ९ मा अवस्थित कि.नं. ३२५ र ३२३ क्षेत्रफल २३१.३६ र १८३.७५ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**सवारी साधनको विवरणः**
१. ऋणी **पाण्डे कन्स्ट्रक्सन** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा.प्र.०१ ००३ क ९८७२ भएको BACKHOE LOADER.
२. ऋणी **पाण्डे कन्स्ट्रक्सन** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा.प्र.०१ ०२५च ६८०१ भएको HILANDER PICKUP.
३. ऋणी **पाण्डे कन्स्ट्रक्सन** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. ना. ७ त ११३ भएको TRACTOR.

**NABIL BANK®**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
मंगलवार, १६ वैशाख २०८२ । Tuesday, 29 April 2025
आर्थिक अभियान

# १० नयाँ आणविक ऊर्जा इकाइका लागि चीनले दियो स्वीकृति

पेचिङ (चीन) । चीनको राज्य परिषद्ले १० नयाँ आणविक उत्पादन इकाइ निर्माण गर्न स्वीकृति दिएको छ । सरकार समर्थित सञ्चारमाध्यम 'द पेपर'को आइतवार राति सार्वजनिक रिपोर्टका अनुसार यी परियोजनामा कुल लगानी करीब २०० अर्ब युआन (२७ दशमलव ४४ अर्ब डलर) हुने अनुमान गरिएको छ ।

पछिल्ला केही वर्षदेखि चीनले हरेक वर्ष १० देखि ११ ओटा आणविक ऊर्जा इकाइ निर्माणको स्वीकृति दिँदै आएको छ । यसपटक स्वीकृत भएका परियोजना सबै आन्तरिक प्रविधि प्रयोग गरेर सञ्चालन हुनेछन् । तीमध्ये पाँचओटा सञ्चालनमा रहेका आणविक ऊर्जा केन्द्रहरूमै विस्तार गरिनेछ, जसमा क्वाङ्शीको फाङछेङकाङ, फुचियानको सानमेन, सान्तोङको हाइयाङ, चोङकिङको सियापु र गुआङ्तोङको ताइशान आणविक ऊर्जा केन्द्र रहेका छन् । चीनको आणविक ऊर्जा संघले आइतवार सार्वजनिक गरेको वार्षिक श्वेतपत्रअनुसार गतवर्ष चीनको आणविक ऊर्जा इन्जिनियरिङ तथा निर्माण क्षेत्रमा गरिएको लगानी १४६ दशमलव ९ अर्ब युआन रहेको छ ।

सन् २०२४ को अन्त्यसम्ममा चीनमा ५७ ओटा आणविक ऊर्जा इकाइ सञ्चालनमा छन्, जसको संयुक्त उत्पादन क्षमता करीब ६० गीगावाट रहेको छ । रिपोर्टअनुसार २०३० भित्र चीन विश्वकै सबैभन्दा ठूलो आणविक ऊर्जा उत्पादन क्षमता भएको मुलुक बन्नेछ । हाल चीन आणविक क्षमता अनुसार अमेरिका र फ्रान्सपछि तेस्रो स्थानमा छ ।

२०२४ मा चीनको कुल विद्युत् उत्पादनमा आणविक ऊर्जाको हिस्सा करीब ५ प्रतिशत रहेको थियो, जुन २०४० सम्ममा १० प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

श्वेतपत्रका अनुसार चीनले अहिले मुख्य आणविक ऊर्जा उपकरणहरूमा १०० प्रतिशत सफलता प्राप्त गरेको छ । प्रमुख आणविक मुलुकहरू र बेल्ट एन्ड रोड इनिसिएटिभमा आबद्ध राष्ट्रहरूसँग अन्तरराष्ट्रिय सहकार्य बढाउँदै चीन आणविक ऊर्जामा अग्रणी बन्ने दिशामा छ । *रोयटर्स*


## विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहिन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइकेन्द्रहरुले विद्यालयबाहिर रहेका बालबलिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका, सीमान्तकृत समूहका, अपाङ्गता भएका बालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानिय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।

**सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# अवैध भुक्तानीका लागि 'मोबाइल वालेट'को दुरुपयोग

- १९ कम्पनीका २१ जना पक्राउ
- १७ अर्ब ८६ करोड अवैध कारोबार

अभियान संवाददाता
काठमाडौं

नेपाल राष्ट्र बैंकले विद्युतीय भुक्तानी बढाउन मोबाइल वालेटमार्फत हुने कारोबार प्रोत्साहन गरिरहेका वेला अवैध कारोबारका लागि यसको दुरुपयोग हुन थालेको भेटिएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान विभाग (सीआइबी)ले गरेको अनुसन्धानमा चोरी पैठारी, सुनको अवैध कारोबार, कर छली जस्ता कारोबारमा संलग्न व्यक्तिहरूले भुक्तानीका लागि वालेटको प्रयोग गरेको पाइएको छ । यसैगरी विदेशबाट विप्रेषणमार्फत भित्रने रकम अवरोध गरी नेपालमा रहेका आफन्तको खातामा भुक्तानीका लागि समेत मोबाइल वालेटको प्रयोग गरेको भेटिएको छ ।

मोबाइल वालेटमार्फत अवैध कारोबारमा संलग्न भएको आरोपमा सीआइबीले सोमवार १९ कम्पनीका २१ जनालाई पक्राउ गरेको छ । रेमिट्यान्स कम्पनीबाट ११ ओटा जिल्लामा एजेन्ट/सब-एजेन्टको अनुमति लिएका उनीहरूले १७ अर्ब ८६ करोड ७० लाख रुपैयाँ बराबरको अवैध कारोबार गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको छ ।

पक्राउ पर्नेमा मोरङको डीएस ट्रेडर्स तथा रेमिट्यान्सका वीरेन्द्र साह र दीपेन्द्र साह, दीपज्योति ट्रेडर्स महोत्तरीका श्रवणकुमार साह, रिया ट्रेडर्स सप्तरीका महतोका साथै श्री एञ्जल इन्टरप्राइजेजका अरुणकुमार साह छन् ।

यसैगरी पर्साको आर एन्ड आर सबरेमिटका प्रदीपकुमार साह, नवलपरासीको पुजा सप्लायर्स राजकमल लोनिया, टासी ट्राभल्स एन्ड टुर्सकी भीम कुमारी गुरुङ छन् । यस्तै शिवम् इन्टरप्राइजेज सप्तरीका रामविलास साह र ममता




तारालाल यादव, सर्लाहीको आनन्द ट्रेडर्सका हरेराम महतो, धनुषाको न्यू सन्ध्या इन्टरप्राइजेजका निरोजकुमार महतो, अलिता मनी ट्रान्सफरका अलितादेवी महतो र प्रकाश सिंह, जयमा जानकी मनी ट्रान्सफरका सञ्जीवकुमार कुमारी साह, सास्विका मनी ट्रान्सफर पर्साका विकरण जंग राणा, गोल्डेन स्काई टुर्स एन्ड ट्राभल्स नवलपरासीका गणपति पाण्डे, खुशी मनी ट्रान्सफर वीरगञ्जका सलमा खातुन, राधिका ट्रेडर्स सप्तरीकी सुशीला कुमारी शाहु, हिमालयन मनी ट्रान्सफर चितवनका गोविन्दप्रसाद आचार्य र सगरमाथा रेमिट्यान्स सप्तरीका शम्भु मेहता रहेको प्रहरीले जनाएको छ ।

सीआइबीका प्रवक्ता सुधीरराज शाहीका अनुसार पक्राउ पर्नेहरूले अवैध रूपमा रेमिट्यान्स भुक्तानी गरेको पाइएको छ । राष्ट्र बैंकले आन्तरिक रेमिट्यान्स बन्द गरे पनि उनीहरूले आन्तरिक रेमिट्यान्स कारोबार गरी अवैध कारोबारको भुक्तानी लगायत कार्य गरेको भेटिएको उनले जानकारी दिए । 'विदेशबाट रेमिट्यान्समार्फत रकम आएको देखाएर वालेटमार्फत अवैध रकम भुक्तानी गरेको भेटिएको छ,' उनले भने, 'यसबारे थप अनुसन्धान गर्दैछौं ।'

गत असारमा सीआइबीले 'पेवेल' र 'सजिलो पे' वालेटमार्फत सुन कारोबारको भुक्तानी भएको भन्दै अनुसन्धान अघि बढाएको थियो । दुवै वालेट सञ्चालकविरुद्ध ८० अर्ब ९६ करोड रुपैयाँ माग दाबी गर्दै गत असारमै जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको छ ।

राष्ट्र बैंकले हाल वालेटमार्फत दैनिक २ लाख र प्रतिमहीना १० लाख रुपैयाँसम्म कारोबार गर्न सक्नेगरी सीमा तोकेको छ । यस्तै बैंक खाताबाट वालेटमा र वालेटबाट बैंक खातामा प्रतिदिन २ लाख र प्रतिमहीना १० लाख कारोबार गर्न सकिन्छ । एक वालेटबाट अर्को वालेटमा भने प्रतिदिन ५० हजार र मासिक ५ लाखको सीमा तोकिएको छ ।

तर, वालेट कम्पनीले विप्रेषण कम्पनीसँग सम्झौता गरी विदेशबाट आप्रवाह हुने रकम नेपालमा सञ्चालित विद्युतीय वालेटमा जम्मा हुने गरी रेमिट्यान्स भित्र्याउन सक्ने र यसका लागि तोकिएको सीमा लागू नहुने प्रावधान गरिएको छ ।

यो घटनापछि राष्ट्र बैंकले वालेट कम्पनीको कारोबार गर्न आधिकारिक प्रतिनिधि नियुक्तिमा कडाइ गर्न निर्देशन दिइसकेको छ । निर्देशन अनुसार वालेट कम्पनीले आधिकारिक प्रतिनिधि नियुक्त गर्दा व्यावसायिक तथा व्यक्तिगत विवरण, कम्पनी दर्ता, स्थायी लेखा नम्बर र सञ्चालकको नागरिकता लिनुपर्नेछ । यस्तै कालोसूचीमा नपरेको र प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि नदेखिएको प्रमाणका साथै सम्पत्ति शुद्धीकरण र आतंकवादी कार्यमा वित्तीय लगानीको क्रियाकलापमा संलग्न नरहेको स्वघोषणा समेत आवश्यक पर्ने व्यवस्था छ ।

यसैगरी वालेट कम्पनीले आधिकारिक प्रतिनिधिबाहेक एजेन्ट, सब-एजेन्ट नियुक्त गर्न नपाउने र हाल नियुक्त भएकालाई पनि तीन महीनाभित्र परिवर्तन वा सेवा बन्द गर्न निर्देशन दिएको छ । आधिकारिक प्रतिनिधिको कारोबारको जिम्मेवारी पनि वालेट कम्पनीको हुने र कम्पनीहरूले आफ्नो वेबसाइटमा आधिकारिक प्रतिनिधिको सूची मासिक रूपमा अद्यावधिक हुनेगरी राख्नुपर्ने व्यवस्था पनि राष्ट्र बैंकको निर्देशनमा छ ।

वित्तीय जानकारी इकाइले गतवर्ष गरेको अध्ययनमा वित्तीय अपराधमा साइबर ठगीको बढ्दै गएको र यसलाई नियन्त्रणका उपाय अपनाउनुपर्ने आवश्यकता पनि औंल्याएको छ ।


## हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा लगानी गर्न इजाजत पत्र प्राप्त संस्था
केन्द्रिय कार्यालय, टेकु -१२, काठमाण्डौं
फोन नं. ०१-५३४९७३०/०१-५३४९६६९

### Unaudited Financial Results for (3rd quarter), F.Y. 2081/82 B.S

**Statement of Financial Position**
As of Chaitra 31, 2081 (April 13, 2025)

Fig in NPR.

| Assets: | As at Chaitra 31, 2081 | As at Chaitra 30, 2080 |
|---|---|---|
| Cash and cash equivalent | 14,178,472 | 57,285,266 |
| Other trading assets | - | - |
| Loans and Advances to B/FIs | - | - |
| Loans and Advances to customers | 6,441,716,795 | 2,887,956,719 |
| Investment Securities | - | - |
| Current Tax Assets | 23,997,305 | 3,788,985 |
| Investment property | - | - |
| Property and equipment | 44,837,207 | 35,969,900 |
| Goodwill and Intangible assets | 6,655,861 | 4,293,599 |
| Deferred tax assets | 2,219,965 | 1,145,590 |
| Other assets | 120,501,617 | 168,107,147 |
| **Total Assets** | **6,654,107,223** | **3,158,547,206** |
| **Liabilities and Equity:** | **As at Chaitra 31, 2081** | **As at Chaitra 30, 2080** |
| Liabilities: | - | - |
| Borrowings | 4,438,335,222 | 1,691,156,312 |
| Current Tax Liabilities | - | - |
| Provisions | - | - |
| Deferred tax liabilities | - | - |
| Other liabilities | 794,896,107 | 263,124,373 |
| **Total Liabilities:** | **5,233,231,329** | **1,954,280,686** |
| **Equity:** | - | - |
| Share capital | 830,000,000 | 800,000,000 |
| Share premium | - | - |
| Retained earning | 400,773,392 | 252,946,539 |
| Other Reserves | 190,102,502 | 151,319,981 |
| Total Equity attributable to equity holders | 1,420,875,894 | 1,204,266,520 |
| Non-controlled interests | - | - |
| **Total Equity** | **1,420,875,894** | **1,204,266,520** |
| **Total Liabilities and Equity** | **6,654,107,223** | **3,158,547,206** |

**Statement of Distributable Profit or Loss**
For the period ended Chaitra 31, 2081

Fig in NPR.

| | As at Chaitra 31, 2081 | As at Chaitra 30, 2080 |
|---|---|---|
| **Operating Restated Retaining Earnings** | **284,006,221** | **249,592,724** |
| Net Profit/(loss) as per statement of profit or loss | 145,958,963 | 50,243,079 |
| Appropriations: | | |
| a. General reserve | (29,191,793) | (10,048,616) |
| b. Foreign Exchange Fluctuation Fund | - | - |
| c. Capital Redemption reserve | - | - |
| d. Corporate social Responsibility Fund | - | - |
| e. Employee Training Fund | - | - |
| f. Bonus share Issued | - | - |
| g. Cash Dividend paid | - | |
| h. Others | - | (36,840,649) |
| **Profit or (Loss) Before Regulatory Adjustment** | **400,773,391** | **252,946,538** |
| Regulatory Adjustment: | - | - |
| a. Interest receivables (-)/previous accrued interest received (+) | - | - |
| b. Short loan loss provision in accounts (-)/reversal(+) | - | - |
| c. Short provision for possible losses on investment (-)/Reversal(+) | - | - |
| d. Short loan loss provision on Non-Banking Assets (-)/Reversal(+) | - | - |
| e. Deferred tax assets recognized (-)/reversal(+) | - | - |
| f. Goodwill recognized (-)/Impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognized (-)/reversal (+) | - | - |
| h. Actuarial loss recognized (-)/Reversal (+) | - | - |
| i. Others (+/-) | - | - |
| **Distributable Profit or (Loss) as at 31st Chaitra, 2081)** | **400,773,391** | **252,946,538** |

**Statement of Profit or Loss**
For the period ended Chaitra 31, 2081

| | Current Year | Previous Year |
|---|---|---|
| | Upto Chaitra 31, 2081 (YTD) | Upto Chaitra 30, 2080 (YTD) |
| Interest Income | 317,816,081 | 219,753,632 |
| Interest Expenses | 169,160,902 | 115,147,753 |
| **Net Interest Income** | **148,655,180** | **104,605,879** |
| Fee and Commission Income | 325,123,916 | 167,693,872 |
| Fee and Commission Expenses | 2,537,000 | 1,632,000 |
| **Net fee and Commission Income** | **322,586,916** | **166,061,872** |
| **Net Interest and Commission income** | **471,242,095** | **270,667,751** |
| Net Trading Income | - | - |
| Other operating Income | - | - |
| **Total operating Income** | **471,242,095** | **270,667,751** |
| Impairment charge/(reversal) for loans and other losses | 51,924,168 | 61,018,852 |
| **Net Operating Income** | **419,317,927** | **209,648,899** |
| **Operating Expenses** | | |
| Personnel Expenses | 116,001,128 | 78,305,591 |
| Other Operating Expenses | 62,540,860 | 26,588,508 |
| Depreciation and Amortization | 8,492,667 | 6,483,207 |
| | 187,034,655 | 111,377,307 |
| **Operating profit** | **232,283,272** | **98,271,592** |
| Non-operating Income | 65,834 | 188,486 |
| Non-operating expense | - | - |
| **Profit before Income tax** | **232,349,106** | **98,460,077** |
| **Income tax expenses** | **86,390,143** | **48,216,998** |
| Current tax | 84,955,493 | 48,070,380 |
| Deferred tax | 1,434,650 | 146,618 |
| **Profit for the year** | **145,958,963** | **50,243,079** |
| Other comprehensive income, net of income tax, | - | - |
| **Total comprehensive income for the period** | **145,958,963** | **50,243,079** |
| **Profit attributable to:** | | |
| **Equity holders** | **145,958,963** | **50,243,079** |
| **Non-controlling interests** | | - |
| **Profit for the year** | **145,958,963** | **50,243,079** |

| Key Financial Indicators | FY 081/082(Q3) | FY 080/081(Q3) |
|---|---|---|
| Basic EPS (Annualized) | 23.45 | 8.37 |
| Diluted EPS (Annualized) | 23.45 | 8.37 |
| Return on Equity (Annual Wise) | 13.70% | 5.56% |
| Net Worth per Share | 171.19 | 150.53 |
| Loan loss Provision Ratio | 4.22% | 8.02% |
| Cost of Fund | 7.07% | 9.97% |
| Interest Rate Spread | 1.36% | 0.42% |

1. **Management Analysis**
   Amidst the present economic difficulties, the company has demonstrated remarkable resilience in managing asset quality and addressing cash flow interruptions. The management has effectively diversified the product portfolio by venturing into new areas, such as Mobiles, Consumer Electronics, 4-wheelers, 2-wheelers, and 3-wheelers. This diversification has not only mitigated risks but also created new avenues for growth. The expanded product range has enabled the company to attract a broader customer base and enter new markets, thereby enhancing its overall business performance. The team's emphasis on customer service, risk management, and recovery efforts has ensured steady progress, even in challenging times. This strategic approach not only supports growth but also lays a solid foundation for long-term success.
2. **Analysis of Interim Financial Statements:**
   The company has reported a profit of NPR 145.95 million, marking a substantial growth of 190.51% compared to the previous period. Its overall Gross loan portfolio has also seen significant expansion, reaching NPR 6,590,96 million with a growth rate of 117.82%. This impressive business performance, coupled with effective recovery efforts, has led to a notable decrease in non-performing loans from 8.02% to 4.22%, significantly boosting the company's overall profitability.
3. **Details of Legal Proceeding:**
   a) No information regarding the lawsuit by or against the Company has been filed during the period under review, except for the regular cases of debt recovery.
   b) No information regarding the lawsuit on account of violation of prevailing laws or commission of criminal offences has been filed against the promoter or director of the Company during the quarterly period under review.
   c) No information regarding the lawsuit of financial fraud/crime has been filed against the promoters and management team of the Company during the quarterly period under review.
4. **Corporate Governance:**
   The company is committed to maintaining a higher level of ethical standards, corporate governance, and compliance. The board of directors and management strictly comply with the regulatory norms issued by NRB and various other regulatory authorities. Further, the Company adheres to all the regulatory and legal requirements and the industry's best practices.

**नोट:कम्पनी ऐन, २०६३ को दफा ८४ तथा नेपाल राष्ट्र बैंकको हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० (चौथो संशोधन, २०८०) को नियम नं. १०.८ को प्रयोजनार्थ यस हायर पर्चेज कर्जा दिने कम्पनी हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड (साविक हुलास फिन सर्भ लि.) को आ.व. ०८१/०८२ को तेस्रो त्रै-मासिक संक्षिप्त आर्थिक विवरण प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।**


# सगरमाथाको तेस्रो शिविरसम्म बाटो खुल्यो

काठमाडौं । यस वर्षको वसन्त याममा सगरमाथा आरोहणका लागि आधार शिविरदेखि तेस्रो शिविरसम्म बाटो खुलेको छ । सगरमाथाको चुचुरोसम्म डोरी टाँग्ने दक्ष शेर्पा टोलीले धमाधम बाटो बनाइरहेका छन् । अनुकूल मौसमको सदुपयोग गर्दै शेर्पा टोलीले तेस्रो शिविरभन्दा माथि बाटो बनाइरहेको एटके एक्सपीडिसन कम्पनीका प्रबन्ध निर्देशक लाक्पा शेर्पाले बताए ।

सगरमाथा प्रदूषण नियन्त्रण समिति (सपीसिसी)ले आधार शिविरदेखि दोस्रो शिविरसम्मको बाटो यसअघि नै बनाइसकेको छ । तेस्रो शिविरसम्म बाटो बनेको र अबको साता, १० दिनपछि सगरमाथाको चुचुरोमा डोरी टाँगेर आरोहणको शुरुआत हुने पर्यटन विभागले बताएको छ । आरोहण अनुमति लिएका आरोही झण्डै एक महीनादेखि सगरमाथा क्षेत्रमा आरोहण अभ्यासमा छन् ।

सगरमाथासहित विभिन्न हिमाल आरोहणका लागि धमाधम आरोही नेपाल आइरहेका छन् । अधिकांश आरोहण अनुमति लिएर सगरमाथा क्षेत्र पुगिसकेका छन् । कतिपय आरोही अनुमतिको प्रक्रियामा छन् । वसन्त ऋतु सगरमाथा आरोहणका लागि उपयुक्त मौसम मानिन्छ । पर्यटन विभागले आधार शिविरमा सम्पर्क कार्यालय खोलेर आरोहणको व्यवस्थापन गरिरहेको छ ।

**अनुकूल मौसमको सदुपयोग गर्दै शेर्पा टोलीले तेस्रो शिविरभन्दा माथि बाटो बनाइरहेको एटके एक्सपीडिसन कम्पनीका प्रबन्ध निर्देशक लाक्पा शेर्पाले बताए ।**

पर्यटन विभागका अनुसार सगरमाथा आरोहणका लागि आइतवारसम्ममा ५३ देशका ४०२ आरोहीले अनुमति लिएका छन् । विभागका निर्देशक लीलाधर अवस्थीले ४१ आरोही समूहले अनुमति लिएको जानकारी दिए । त्यसमध्ये ७४ महिला आरोही छन् । अघिल्लो वर्षको यही सिजनमा सगरमाथा आरोहण गर्न ४१ आरोही समूहका ७५ महिला र ३३९ पुरुषसहित कूल चार सय १४ जनाले अनुमति लिएका थिए । यस वर्ष विभिन्न हिमाल आरोहणबापत रू. ६८ करोड ४० लाख रोयल्टी संकलन भएको छ । आरोही आउने क्रम जारी रहेकाले यो रकम अझै बढ्ने अनुमान छ ।

सगरमाथा आरोहणलाई सुरक्षित, व्यवस्थित र नियमन गर्न पर्यटन विभागले सगरमाथा आधार शिविरमा फिल्ड कार्यालय स्थापना गरेको छ । सगरमाथा आरोहणको ७२ वर्षको अवधिमा प्रतिस्पर्धा, होडबाजी र कीर्तिमानका चाङ लागेका छन् । यो सिजनमा सोलुखुम्बुका टासी ग्याल्जेन शेर्पाले २० दिनमा चारपटक सगरमाथा चढेर नयाँ कीर्तिमान बनाउने उद्देश्यसहित आरोहणमा निस्किएका छन् । सगरमाथा आरोहणको इतिहासमा हालसम्म आठ हजारभन्दा बढी स्वदेशी तथा विदेशी पर्वतारोहीले सर्वोच्च शिखर टेकिसकेका छन् भने नयाँ नयाँ कीर्तिमान थपिने क्रम जारी छ । *रासस*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर